# काठमाडौं स्वयम्भूस्थित हारती माताको सांस्कृतिक अध्ययन

**शोधकर्ता**

स्वीटी मानन्धर

परीक्षा रोल नं : २८१३०६२

त्रि.वि. दर्ता नं : ७-२-३१-११२३-२००४

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत

नेपाली इतिहास संस्कृति तथा पुरातत्व विषयमा

स्नातकोत्तर उपाधिको आंशिक

परिपूर्तिको निमित्त प्रस्तुत

**शोधपत्र**

**नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग**

**२०८२**

# प्रतिबद्धतापत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा स्नातकोत्तर तह उपाधिका निमित्त प्रस्तुत **"काठमाडौँ स्वयम्भूस्थित हारती माताको सांस्कृतिक अध्ययन"** शीर्षकको शोधपत्र मैले मेरा शोधनिर्देशकज्यूको निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो । मैले यो शोधपत्र लेखनको क्रममा प्राथमिक तथा द्वितीयक स्रोत सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु । शोधकार्य गर्दा अन्तर्वार्ताबाट प्राप्त सूचना शोध प्रयोजनको लागि मात्र प्रयोग गरिएको छ । उक्त सूचना अरु प्रयोजनको लागि प्रयोग गरिने छैन । मैले प्रस्तुत गरेका प्रतिबद्धताहरु प्रति पूर्णतः जिम्मेवार रहने छु ।

**स्वीटी मानन्धर**

शोधार्थी

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा स्नातकोत्तर सेमेस्टर तहकी विद्यार्थी छात्रा स्वीटी मानन्धरले "काठमाडौँ स्वयम्भूस्थित हारती माताको सांस्कृतिक अध्ययन" शीर्षकको शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नु भएको हो । यस शोधपत्रमा निजले बौद्धिक एवं अनुसन्धान प्रक्रियामा मिहिनेतपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्य प्रति म सन्तुष्ट छु । अतः यसको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...............................................

शोध निर्देशक

**उप-प्रा.डा. निर्मला पोखरेल**

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व

केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय,

कीर्तिपुर, काठमाडौँ

मिति : २०८२/०८/०१

# स्वीकृति पत्र

## कृतज्ञता ज्ञापन

प्रस्तुत **"काठमाडौँ स्वयम्भूस्थित हारती माताको सांस्कृतिक अध्ययन"** शीर्षकको यो शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका लागि यस शोधकार्य गरिएको हो । यस शोधकार्यको प्रारम्भदेखि नै सामग्री संकलन, विश्लेषण, र अन्तिम लेखन कार्यसम्म अमूल्य सहयोग र निर्देशन प्रदान गर्नु भएकी शोध निर्देशक आदरणीय उप-प्रा.डा. निर्मला पोखरेलप्रति म हृदयदेखि आभार व्यक्त गर्दछु । उहाँको मार्गदर्शनले यो शोधकार्य सफलतापूर्वक सम्पन्न भएको छ ।

शोधकार्यका लागि अमूल्य सुझाव र स्वीकृति प्रदान गर्नुभएका नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागका विभागीय प्रमुख आदरणीय सह-प्रा.डा. महेशकुमार आचार्य, पूर्व विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडा, सह-प्रा.डा. लोकनाथ दुलाल, सह-प्रा.डा. सन्ध्या खनाल पराजुली, सह-प्रा.डा. पुनम राज्य लक्ष्मी राणा, उप-प्रा.डा. पशुपति न्यौपाने, उप-प्रा.डा. अभिजीत थापा, उप-प्रा.डा. तीना मानन्धर र उप-प्रा.डा. पुष्परत्न शाक्य प्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु। यसका साथै, शोधकार्यमा सहयोग पुऱ्याउने प्रिय मित्रहरु यमनाथ उपाध्याय, रामचन्द्र श्रेष्ठ, दिपक गुरौ र रेमा श्रेष्ठलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

अन्तमा, यो शोधकार्यको सम्पूर्ण यात्रामा शुरू देखि मलाई हौसला दिने, समर्थन गर्ने र उच्च शिक्षा हासिल गर्न सहयोग पुऱ्याउने मेरा श्रीमान् ध्रुव मानन्धर र छोरा इभान मानन्धर, ससुरा तीर्थनारायण मानन्धर, सासु पूर्णदेवी मानन्धर तथा परिवारजनप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसका साथै, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपयोग गरिएका पुस्तक, पत्रपत्रिका, लेख रचनाका लेखक तथा प्रकाशकहरू र सबै सहयोगी संस्था तथा व्यक्तिहरूलाई पनि म आभार व्यक्त गर्दछु ।

स्वीटी मानन्धर

# शोधसार

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि तयार पारिएको यस शोधपत्रको शीर्षक **"काठमाडौं स्वयम्भूस्थित हारती माताको सांस्कृतिक अध्ययन"** हो। यस शोधकार्यमा हारती माताको ऐतिहासिकता, मूर्त सांस्कृतिक सम्पदा अन्तर्गत वास्तुकला, मूर्तिका प्रतिमालक्षण, अमूर्त सांस्कृतिक सम्पदामा नित्य पूजा, नैमित्तिक पूजा, भाकल पूजा, विशेष पूजा आदिको बारेमा अध्ययन गरिएको छ।

स्वयम्भूस्थित हारती माताको ऐतिहासिकता, मूर्त सांस्कृतिक सम्पदालाई विधानका आधारमा मूर्तिकला, वास्तुकला र यस मन्दिर सँग सम्बन्धित अमूर्त संस्कृति अन्तर्गतका नित्य पूजा, नैमित्तिक पूजा, भाकल पूजा, विशेष पूजा आदिको बारेमा विस्तृत रुपमा अध्ययन नभएको हुँदा समस्या पहिचान गरी यसको उत्तर खोजी गरिएको छ। बौद्ध ग्रन्थमा उल्लेख भए अनुसार हारती मातालाई शाक्यमुनि बुद्धको समकालीन मानिन्छ । उनी पहिला नरभक्षी यक्षिणीको रुपमा रहेकी थिइन् पछि बुद्धको शिक्षा पाएपछि यक्षिणीबाट संरक्षिका देवीको रुपमा रुपान्तरण भएको देखाइएको छ । हारती मातालाई बुद्ध शासनको एक महत्वपूर्ण र लोकप्रिय देवीको रुपमा प्रस्तुत गरिएको छ । हारती मातालाई बालबालिका संरक्षिका देवीको रुपमा पूजा गर्ने गरिन्छ । नेपालमा हारती माताको सबैभन्दा पुरानो मूर्ति बालाजुमा रहेको मूर्ति हो, जसलाई तेस्रो शताब्दीको मानिन्छ।

हारती माताको मन्दिरको तोरणमा पञ्चरक्षादेवीका मूर्तिहरु रहेका छन् । मन्दिरको प्रवेशद्वार दक्षिण दिशामा फर्किएको छ। मन्दिरको प्रवेशद्वारको माथि धातुबाट निर्मित सुनौलो रङका तीन वटा तोरणहरु रहेका छन्। दक्षिण तिरको बिचमा रहेको तोरणको केन्द्रमा प्रतिसरा देवीको मूर्ति रहेको छ भने उनको दायाँ भागमा महासहस्रप्रमर्दिनी देवी र बायाँ भागमा मन्त्रानुसारिणी देवीको मूर्ति रहेको छ। त्यसैगरी प्रतिसरा देवीको दायाँ माथि महामायुरी देवी र बायाँ माथि महाशीतवती देवीको मूर्ति रहेको छ । प्रतिसरा देवीको माथिल्लो भागमा बज्रसत्वको मूर्ति रहेको छ। बिचको तोरणको दायाँ पट्टि रहेको तोरणको केन्द्रमा शाक्यमुनि बुद्ध रहेका छन् । शाक्यमुनि बुद्धको दायाँ पट्टि प्रज्ञापारमिता र बायाँ पट्टि षडाक्षरी लोकेश्वरको मूर्ति रहेको छ । त्यस्तै बिचको तोरणको बायाँ पट्टि रहेको तोरणको केन्द्रमा अमिताभ बुद्ध रहेका छन्। अमिताभ बुद्धको दायाँ पट्टि आर्यातारा र बायाँ पट्टि सप्तलोचनी

ताराको रहेको छ । पश्चिमा रहेको तोरणमा महावज्रसत्व र दुईवटा ताराको मूर्ति रहेको छ । उत्तरमा रहेको तोरणमा प्रतिसरा, महासहस्रप्रमदिर्नी, मन्त्रानुसारिणी, महामायुरी, महाशीतवती र बज्रसत्वको मूर्ति रहेको छ । त्यस्तै गरी पूर्वमा रहेको तोरणमा महावज्रसत्व र षडाक्षरी लोकेश्वरको मूर्ति रहेको छ ।

टुँडालहरुमा षोडशलाश्य देवीका विभिन्न मुद्रामा रहेका मूर्तिहरु रहेका छन् । षोडशलाश्य देवीहरु दक्षिणको टुँडालमा गन्धादेवी, रसादेवी, स्पर्शादेवी र धर्मधातुगर्भा देवी रहेका छन् । त्यस्तै पश्चिमको टुँडालमा पुष्पादेवी, धुपादेवी, अवलोकित देवी र दर्शनदेवी रहेका छन् । यस्तैगरी उत्तरको टुँडालमा मालादेवी, लाश्यदेवी, गीतादेवी र नृत्यादेवी रहेका छन् भने पूर्वको टुँडालमा वीणादेवी, वंशदेवी, मृदङ्गादेवी र मुरुजादेवी रहेका छन् । त्यसैगरी मन्दिरको छानोका चारैतिर चतुर्महाराजको मूर्ति झुण्ड्याइएको छ । यस मन्दिरमा हुने अमूर्त संस्कृति अन्तर्गत छ्याकेगु, बुसाधँ, मचा, चा, कलः पूजा, सम्यक् दान, विभिन्न किसिमका गुठीहरुको भूमिकाको बारेमा उल्लेख गरिएको छ ।

यो शोधपत्र प्राथमिक र द्वितीयक स्रोतमा आधारित रहेको छ । यस शोधपत्रमा गुणात्मक प्रकृतिका तथ्याङ्कहरु सङ्कलन तथा विश्लेषण गरिएका छन् । हारती माता मन्दिर हिन्दू र बौद्ध धर्मावलम्बीहरुको लागि एक महत्वपूर्ण धार्मिक स्थल हो । एउटै परिसर मन्दिरलाई हिन्दू तथा बौद्ध धर्मावलम्बीहरले आस्था, विश्वास र पूजा गर्नुले पनि यसलाई धार्मिक सहिष्णुताको अन्योन्याश्रित सम्बन्धलाई देखाएको छ ।

# विषयसूची

प्रतिबद्धता पत्र i

सिफारिस पत्र ii

स्वीकृति पत्र iii

कृतज्ञता ज्ञापन iv

शोधसार v

विषयसूची vi

संक्षिप्त शब्द ix

अध्याय एक

शोधको परिचय

१.१ अध्ययनको परिचय १

१.२ समस्या कथन २

१.३ शोधप्रश्न ३

१.४ अध्ययनको उद्देश्य ३

१.५ अध्ययनको सीमा ४

१.६ पूर्व साहित्यको समीक्षा ४

१.७ अध्ययनको विधि ११

१.७.१ अध्ययनको ढाँचा ११

१.७.२ तथ्याङ्क सङ्कलन विधि १३

१.७.२.१ प्राथमिक स्रोत १३

१.७.२.२ द्वितीयक स्रोत १४

१.७.३ तथ्याङ्क विश्लेषण र लेखन विधि १४

१.८ अध्ययनको महत्व/औचित्य १५

१.९ अध्ययनको विभाजन १५

अध्याय दुई

हारती माताको ऐतिहासिकता

२.१ हारती माताको परिचय १६

२.२ ग्रन्थहरुमा हारती माता २१

२.३ नेपाल मण्डलस्थित हारती माता २४
२.३.१ स्वयम्भूस्थित हारती माता २४
२.३.२ बालाजुस्थित हारती माता २७
२.३.३ पाटनको चपाटोलस्थित हारती माता २७
२.३.४ श्रीघः विहारस्थित हारती माता २८
२.३.५ पाटनको कुम्भेश्वरस्थित हारती माता २८
२.३.६ सानेपास्थित हारती माता २९
२.३.७ पशुपतिनाथ मन्दिर प्राङ्गणमा रहेको शीतला अजिमा ३०
२.४ हारती माता र शीतला देवी ३०

## अध्याय तीन

## हारती माता मन्दिरको मूर्त सांस्कृतिक सम्पदा

३.१ हारती माता मन्दिरको वास्तुकला ३२
३.१.१ मन्दिरको कलात्मक भित्ता ३३
३.१.२ झ्याल तथा ढोका ३६
३.१.३ टुँडाल ३७
३.१.४ तोरण ४३
३.१.५ छानो ५७
३.१.६ गजुर ५८
३.१.७ पताका ५९
३.१.८ गर्भगृह ६०
३.२ हारती माताको मूर्ति र प्रतिमा लक्षण ६२
३.३ हारती माता मन्दिरमा रहेको मण्डल ६३
३.४ चतुर्महाराज ६३

## अध्याय चार

## हारती माता मन्दिरको अमूर्त सांस्कृतिक सम्पदा

४.१ हारती माता मन्दिरमा गरिने पूजा परम्परा ६७
४.२ नित्य पूजा ६८

४.३ नैमित्तिक पूजा ७०

४.३.१ *बुसाधँ पूजा (अजिमा, झ्याल, तिसाविचा)* ७०

४.३.२ *मचा पूजा* ७३

४.३.३ *म्त्यायमचा बुसाधँ* ७३

४.४ भाकल पूजा ७४

४.४.१ *छ्वाहायके पूजा* ७४

४.४.२ *चा पूजा* ७७

४.४.३ *कलः पूजा* ७७

४.५ *त्वाय् चिंकेगु* ७८

४.६ *कैद्यः पूजा* ७९

४.७ *किसली पूजा* ७९

४.८ सम्यक् दान ७९

४.९ हारती मातासँग सम्बन्धित गुठी ८०

४.९.१ भुजा चढाउने गुठी ८१

४.९.२ दँ पाः गुठी ८१

४.९.३ महास्नान पूजा गुठी ८२

४.१० हारती माता र *द्यः मा* ८२


## अध्याय पाँच

## प्राप्ति, छलफल र निष्कर्ष


५.१ प्राप्ति तथा छलफल ८६

५.१.१ हारती माताको ऐतिहासिकता ८६

५.१.२ हारती माता मन्दिरको मूर्त सम्पदा ८९

५.१.३ हारती माता मन्दिरको अमूर्त सम्पदा ९४

५.२ निष्कर्ष ९६

परिशिष्ट ९८

पारिभाषिक शब्दावली १०९

सन्दर्भ सामग्री ११३

# संक्षिप्त शब्दसूची

| | |
|---|---|
| अनु. | - अनुवाद |
| ई.सं. | - ईश्वी सम्बत् |
| ए.पी.ए. | - अमेरिकन साइक्लोजी एशोसियसन |
| क्र.सं. | - क्रम संख्या |
| चित्र नं. | - चित्र नम्बर |
| दर्ता नं. | - दर्ता नम्बर |
| ने. सं. | - नेपाल सम्बत् |
| प्र.सम्पा. | - प्रधान सम्पादक |
| पृ. | - पृष्ठ |
| रोल नं. | - रोल नम्बर |
| वडा नं. | - वडा नम्बर |
| वि. सं. | - विक्रम सम्वत् |
| त्रि. वि. | - त्रिभुवन विश्वविद्यालय |
| Ltd. | - Limited |
| P. | - Page |
| Pvt. | - Private |

# अध्याय एक

# शोधको परिचय

## १.१ अध्ययनको परिचय

विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका सम्पदाहरु मध्ये काठमाडौँको पश्चिम दिशामा स्वयम्भू चैत्य अवस्थित छ । स्वयम्भू चैत्यको वरपर पञ्चपुर र थुप्रै साना साना चैत्यहरु, विहारहरु, विभिन्न देवी देवताका मूर्ति आदि रहेका छन् । त्यसबाहेक अर्को एउटा आकर्षणको केन्द्र हारती माताको मन्दिर हो ।

काठमाडौं महानगरपालिका वडा नं. १५ अन्तर्गत स्वयम्भू महाचैत्य परिसरमा हारती माता मन्दिर (चित्र नं. १) रहेको छ । यस मन्दिर वरपरका महत्वपूर्ण स्थानहरुमा पूर्वमा विष्णुमति नदी, पश्चिममा चक्रपथ, उत्तरमा वनस्थली र दक्षिणमा राष्ट्रिय संग्रहालय रहेका छन् । स्वयम्भू महाचैत्य परिसरमा पस्ने पश्चिमतिरको मूलबाटोमा षडाक्षरी लोकेश्वर, अमिताभ र पद्मसम्भवका तीन वटा ठूल्ठूला मूर्तिहरु रहेका छन् । पश्चिमतर्फको चक्रपथ सँगै रहेको बुद्धपार्क देखि करिब ७५० मिटरको पैदल दुरीमा स्वयम्भू महाचैत्य रहेको छ ।

स्वयम्भू महाचैत्यको उत्तर पश्चिममा एउटा मात्र नेपाली छाने शैलीको सुनौलो रङको दुई तल्ले हारती माता मन्दिर अवस्थित छ । यस मन्दिरको गर्भगृहमा दक्षिणाभिमुख हारती माताको मूर्ति प्रतिस्थापन गरिएको छ । महायान र वज्रयान संस्कृतिमा निकै प्रचलित देवी हारती माताले नेपालमा धार्मिक सहिष्णुताको प्रतिनिधित्व गरेकी छिन् । हारती मातालाई नेवार बौद्धमार्गीहरुले *हारती अजिमा* वा *अजिमा* मात्र पनि भन्ने गर्दछन् । नेवारहरुका बिचमा अजिमा, हिन्दूहरुका बिचमा शीतला देवी र बौद्धहरुका बिचमा हारती भनी प्रख्यात बिफर रोगकी डरलाग्दी देवी नै बालबच्चाकी देवी हुन् (बाङ्गदेल, २०३९, पृ. ४२) । हारती मातालाई आस्थाकी देवी, अझ सुख र दुःखमा साथ रहने पारिवारिक देवीको रुपमा लिइन्छ ।

नेपालमा हारती मातालाई अरु मातृका जत्तिकै अपार श्रद्धाले मान्दछन् । बौद्ध परम्पराअनुसार हारती देवी एक नरभक्षी यक्षिणीकी रुपमा रहेकी थिइन् । पछि बुद्धको शिक्षाद्धारा बालबालिकाको उद्धार गर्ने लोकदेवी हुन पुगेकी देखिन्छिन् । नेपालमा यिनको पूजा अजिमाको रुपमा, ठूलो भक्तिभावले, बालबालिकाहरुको रक्षा गर्ने देवी भनेर गरिन्छ । बौद्ध

धर्मको महायानी परम्परा अनुसार हारती माताको पूजा गरिन्छ । यस मन्दिर भित्रकी देवी आफ्नै शरीरमा दायाँ बायाँ गरी पाँच वटा बालमूर्ति बोकेर बसेकी कालो ढुङ्गाको स्त्री मूर्ति हो । उक्त मूर्ति रणबहादुर शाहले वि.सं. १८५६ पछि बनाएका हुन् (वज्राचार्य, २०६६, पृ. ३४) । यो मन्दिर कहिले बन्यो भन्ने कुनै प्रमाण उपलब्ध छैन तर वर्तमान मन्दिरको शैली पूर्व मल्लकालको हो भनेर अनुमान लगाउन सकिन्छ । मन्दिरको गजुर गीर्वाणयुद्ध विक्रम र रानी सुवर्णप्रभाबाट वि.सं. १८५८ सालमा राखिएको थियो (वज्राचार्य, २०६६, पृ. ३२) ।

स्वयम्भूस्थित हारती माताको ऐतिहासिकता, मूर्त सांस्कृतिक सम्पदालाई विधानका आधारमा मूर्तिकला, वास्तुकला तथा अमूर्त सांस्कृतिक सम्पदामा नित्यपूजा, *चापूजा, कलः पूजा, कैंद्यःपूजा,* त्वाय् चिंकेगु, *छाहायेके पूजा, मचा पूजा* आदि विभिन्न किसिमको पूजा, भुजा चढाउने गुठी, *झ्या गुठी, दँ पाः गुठी, म्ह्याय्मचा बुसाधँ, अजिमा बुसाधँ* आदि जस्ता गुठीहरुको बारेमा विस्तृत रुपमा अध्ययन नभएको हुँदा समस्या पहिचान गरी यसको उत्तर खोजी गरिएको छ । यस मन्दिरको बारेमा यथेष्ट मात्रामा अध्ययन अनुसन्धान हुन सकेको छैन । यसै पृष्ठभूमिमा यस स्वयम्भूस्थित हारती माता मन्दिरको सांस्कृतिक पक्षको विस्तृत खोजी गरी प्रकाशमा ल्याउनका लागि गहन अनुसन्धान गर्नुपर्ने बोध गरिएको हो । यो अनुसन्धान प्राथमिक र द्वितीयक स्रोतमा आधारित रहेको छ । यस शोधपत्रमा गुणात्मक प्रकृतिका तथ्याङ्कहरु सङ्कलन तथा विश्लेषण गरिएका छन् । अतः यो गुणात्मक ढाँचामा आधारित शोधपत्र हो । स्वयम्भूस्थित हारती माता मन्दिरको सांस्कृतिक सम्पदाको बारेमा अध्ययन अनुसन्धान गर्न आवश्यकता भएको हुनाले यस मन्दिरमा केन्द्रित रहि अनुसन्धान गरिएको छ ।

## १.२ समस्या कथन

स्वयम्भू परिसरमा प्राचीनकाल देखिका थुप्रै मठ मन्दिर, स्मारक, अभिलेख आदि रहेका छन् । स्वयम्भू परिसरमा रहेको हारती माताको मन्दिर पनि ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण स्थल हो । हारती माताको मन्दिर हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुको लागि आस्था र विश्वास रहेको अत्यन्त प्रख्यात मन्दिर हो । हारती माता मन्दिरको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वको बारेमा विभिन्न खोज तथा अनुसन्धान भएता पनि यसको ऐतिहासिकता, मूर्त तथा अमूर्त संस्कृतिको बारेमा पर्याप्त मात्रामा अध्ययन हुन सकेको छैन । केही अध्येताहरुले यसको बारेमा सामान्य जानकारी दिएको भएता पनि

विस्तृत अध्ययनको अभावमा यस सम्पदा ओझेलमा परेको छ । यसै कारणले गर्दा यस शोधकार्यमा स्वयम्भूस्थित हारती माता मन्दिर के कस्तो अवस्थामा रहेको छ भन्ने कुराको अध्ययन गर्न आवश्यक रहेको महशुस गरिएको हो । त्यसैले यस सम्पदाको बारेमा थप अध्ययन अनुसन्धान गर्नको निमित्त शोधपत्र तयार गरिएको हो ।

## १.३ शोधप्रश्न

स्वयम्भूस्थित हारती माताको सांस्कृतिक सम्पदाहरुको विस्तृत रुपमा अध्ययन अनुसन्धान कार्य हुन नसकेको समस्यालाई शोधको तीन वटा प्रश्न बनाई अध्ययन गरिएको छ । मन्दिरको ऐतिहासिकताको खोजी र मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको खोजको रिक्ततालाई नै शोधको प्रमुख समस्याको रुपमा लिइएको छ । यस अध्ययनका शोधप्रश्नलाई निम्नानुसार उल्लेख गरिएको छ :

१. स्वयम्भूस्थित हारती माताको ऐतिहासिकता के रहेको छ ?

२. स्वयम्भूस्थित हारती माता मन्दिरको मूर्त सांस्कृतिक सम्पदा के-कस्ता रहेका छन् ?

३. स्वयम्भूस्थित हारती माता मन्दिरको अमूर्त सांस्कृतिक सम्पदा के-के रहेका छन् ?

## १.४ अध्ययनको उद्देश्य

काठमाडौंको स्वयम्भूस्थित रहेको यस हारती माता मन्दिरको दर्शन गर्न टाढा-टाढाबाट दर्शनार्थीहरू आउने गर्दछन् । प्रस्तुत अध्ययन हारती माता मन्दिर सँग सम्बन्धित सांस्कृतिक सम्पदाको ऐतिहासिकता खोजी गर्नु, मन्दिरको मूर्त तथा अमूर्त सम्पदाहरुको अनुसन्धान गर्नु यस अध्ययनको उद्देश्य हो । यस मन्दिरको बारेमा लेख रचना पुस्तकहरु प्रकाशित भएता पनि अनुसन्धानका लागि पर्याप्त भएको पाइँदैन । सोही अपर्याप्ततालाई पूरा गर्ने उद्देश्यले यो शोधपत्र तयार गरिएको छ । शोधप्रश्नमा रहेका प्रश्नहरुलाई अध्ययनको उद्देश्य बनाइएको छ । यस शोधकार्यका उद्देश्यहरू निम्न रहेका छन् :

१. स्वयम्भूस्थित हारती माताको ऐतिहासिकताको खोजी गर्ने ।

२. स्वयम्भूस्थित हारती माता मन्दिरको मूर्त सांस्कृतिक सम्पदाहरुको अध्ययन गर्ने ।

३. स्वयम्भूस्थित हारती माता मन्दिरको अमूर्त सांस्कृतिक सम्पदाको अनुसन्धान गर्ने ।

## १.५ अध्ययनको सीमा

"काठमाडौं स्वयम्भूस्थित हारती माताको सांस्कृतिक अध्ययन" भन्ने शीर्षकमा भौगोलिक सीमा र विषयगत सीमालाई ध्यानमा राख्दै अध्ययनको सीमा निर्धारण गरिएको छ ।

१. भौगोलिक सीमा

काठमाडौं उपत्यका भित्र रहेका अन्य हारती माता मन्दिरहरुको तुलनात्मक अध्ययन नगरीकन काठमाडौं महानगरपालिका वडा नं. १५ मा पर्ने स्वयम्भूस्थित हारती माता मन्दिरमा मात्रै केन्द्रित रहि अध्ययन गरिएको छ ।

२. विषयगत सीमा

प्रस्तुत शोधकार्य काठमाडौं स्वयम्भूस्थित हारती माता मन्दिरमा केन्द्रित गरिएको छ । यस शोधकार्य हारती माताको ऐतिहासिकता, मन्दिरको मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरुमा मात्रै सीमित गरिएको छ । मूर्त सम्पदामा मन्दिरको वास्तुकला, मूर्तिका प्रतिमालक्षण र अमूर्त सम्पदामा नित्य पूजा, नैमित्तिक पूजा, *बुसाधँ* पूजा, भाकल पूजा, सम्यक दान लगायत पूजा विधिमा मात्र सीमित गरिएको छ ।

## १.६ पूर्व साहित्य समीक्षा

स्वयम्भूमा अवस्थित हारती माताको मूर्ति, वास्तुकला, अमूर्त संस्कृति आदिको बारेमा विभिन्न स्वदेशी तथा विदेशी विज्ञहरुले सम्बन्धित लेख, रचना, पुस्तक आदि प्रकाशित गरेका छन् । उक्त प्रकाशित पुस्तक तथा लेख रचनाहरुमा हारती माता मन्दिरको वास्तुकला, विधान अनुसार प्रतिमालक्षणको अध्ययन नभएको हुँदा अनुसन्धानको रिक्ततालाई देखाएर निम्न लिखित पुस्तकहरुलाई कालक्रमिक रुपमा समीक्षा गरिएको छ ।

**वज्राचार्य** (२०१९) ले सुन्दरानन्दले विशेष वर्णन गरेका देवीदेवताहरु र स्थानहरुको बारेमा उल्लेख गरेका छन् । नेपालका मुख्य देवता पशुपतिनाथ, स्वयम्भूनाथ, मछिन्द्रनाथ, गुह्येश्वरी, हरसिद्धि, वज्रयोगिनी, गोरखनाथ, लुँमधि भद्रकाली, वज्रतुण्डी, महांकाल, सङ्कटा, बाघभैरव, हारती, त्रिपुरेश्वर, कुम्भेश्वर, आनन्दादि लोकेश्वर, प्रचण्डभैरव, नरदेवीको श्वेतकाली, चोभारको गणेश, टौदहको कर्कोटक, लेलेको ट्याङभैरव, चापागाउँको वज्रवाराही,

नुवाकोटको भैरव-भैरवी, शाक्यसिंह, पाटनका कृष्ण, भीमसेन तथा बहाल बहीलका देवता इत्यादिको नामोल्लेख भएको छ । यसमा विशेषगरी हारती मातालाई स्वयम्भू स्थानकी प्रसिद्ध देवी भनेर उल्लेख गरिएको छ । यस पुस्तकमा उल्लेख भए अनुसार हारती माताको मन्दिर पहिले देखि नै प्रख्यात रहेको देखिन्छ । स्वयम्भू स्थानको प्रसिद्ध देवीको रुपमा उल्लेख गरेको हुनाले हारती मातालाई आस्था र विश्वास गर्ने, पूजा गर्ने प्रचलन रहिआएको पाइन्छ । यस पुस्तकमा हारती मातालाई नेपाल खाल्डोको मुख्य देवताको रुपमा नामोल्लेख मात्र भएको हुनाले अन्य कुनै पनि जानकारी पाइँदैन । यस पुस्तकले केही हदसम्म भए पनि हारती माताको बारेमा जानकारी दिएको हुँदा यस पुस्तक उपयोगी हुन पुगेको छ ।

**Gupte, R. S.** (1972 AD) (वि.सं. २०२९) का अनुसार हारीतिका बारेमा धेरै किंवदन्तीहरु रहेका छन् । उनी राजगृहका रक्षक यक्ष शातगिरीकी बहिनी थिइन् । उनको नाम अभिरति थियो । उनी गान्धारका यक्ष रक्षक पञ्चालका छोरा पञ्चिकाकी पत्नी बनिन् । अभिरतिलाई बच्चाहरु खान धेरै मन पर्थ्यो । उनले राजगृहका बच्चाहरुको भोज बनाउन थालिन् । यसले उनलाई हारीति नाम दियो, जसको अर्थ “बालबालिकाहरु चोर्ने” हो । उत्तरी भारतका सबै विहारहरु, नेपाल र उत्तरी क्षेत्रमा हारीति र उनका पाँच सय बच्चाहरुको लागि आफ्नो खानाको एक भाग छुट्याउने अभ्यास सुरु भयो । युआव च्वाङ र इ-त्सिङ्गले उत्तरी भारतका सबै विहारहरुमा हारीतिलाई समर्पित वेदी फेला पारेका थिए भनेर उल्लेख गरेका छन् । मूर्तिकलाहरुमा हारीतिलाई सामान्यतया बसेको र कहिलेकाहीँ उभिएको देखाइन्छ । उनी प्रायः आफ्नो छातीमा वा काखमा बच्चा लिएर बसेकी हुन्छिन् । उनीसँग पाँच जना बच्चाहरु रहेका हुन्छन्, जुन सम्भवतः उनका पाँच सय बच्चाहरुको प्रतिनिधित्व गर्दछन् । उनले एक हातमा अनार बोकेकी हुन्छिन्, जसलाई उर्वरताको प्रतीकको रुपमा लिने गरिन्छ । बौद्ध साहित्यमा हारीतिको महत्वपूर्ण स्थान रहेको पाइन्छ । उनी मातृत्वको अवधारणाको प्रतीकको रुपमा उभिएकी छिन् । उनी भारत, नेपाल, तिब्बत, चीन, जाभा र तुर्किस्थानमा लोकप्रिय भइन् भनेर उल्लेख गरेका छन् । यस पुस्तकमा यक्षिणी बाट हारती मातामा रुपान्तरण र हारती माताको मूर्तिको प्रतिमालक्षणको बारेमा उल्लेख गरिएको हुँदा यो पुस्तक महत्वपूर्ण रहेको छ । यस पुस्तकमा हारती माताको ऐतिहासिकता र प्रतिमालक्षणको बारेमा दिएको भएता पनि शोधपत्रको शीर्षक अनुसार मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको बारेमा अध्ययन गर्नको लागि यस पुस्तकलाई समीक्षा गरिएको छ ।

**शाक्य** (ने.सं. १०९८) (वि.सं. २०३४) ले हारती माताको मन्दिरमा पस्ने ढोकानिर सुनले मोलम्बित धातुको कलात्मक तोरण तीनवटा लाइनमा राखिएको छ भनी उल्लेख गरेका छन् । मुख्य तोरणमा पञ्चरक्षादेवी सुसज्जित गरिएको छ । त्यस्तैगरि सुनले मोलम्बित गरिएको झ्यालको बिचबिचमा षोडश पूजादेवीहरुको सुनले मोलम्बित मूर्ति अङ्कित गरिएको कुरा उल्लेख गरेका छन् । तोरणमा भएका पञ्चरक्षादेवीको प्रतिमालक्षणको अध्ययन अनुसन्धान नभएता पनि पञ्चरक्षादेवीको बारेमा जानकारी लिनको लागि यस पुस्तकले महत्वपूर्ण योगदान पुऱ्याएको छ । यस पुस्तकमा हारती माता मन्दिरको ऐतिहासिकता, मूर्त र अमूर्त संस्कृतिको बारेमा उल्लेख नगरी श्रीस्वयम्भू महाचैत्यको बारेमा विस्तृत रुपमा उल्लेख गरेका छन् । यस पुस्तकले केही हदसम्म भए पनि हारती माताको बारेमा जानकारी दिएको हुँदा यस पुस्तक उपयोगी हुन पुगेको छ ।

**बाङ्गदेल (२०३९)** ले हारती माताको विषयमा बौद्ध परम्परा अनुसार हारीतिलाई केटाकेटीको रक्षा गर्ने बौद्ध देवी मानिन्छ, सोही देवीलाई हिन्दूहरु शीतला नाउँले पुज्दछन् भनी उल्लेख गरेका छन् । नेपालमा हारीति मातालाई अरु मातृका जत्तिकै अपार श्रद्धाले मान्दछन् । हारीतिको विविध नामहरु जातहारिणी, जरा, हारीति अथवा शीतला एउटै देवीका विभिन्न नाउँ भनी उल्लेख गरेका छन् । हारीतिका प्राचीन मूर्तिहरु पश्चिमी पाकिस्तानको गान्धार प्रान्तमा पाइन्छन् । हारीतिका कैयन् मूर्ति त्यहाँका स्तूपहरुमा पाइएका छन् । गान्धार कलामा हारीतिलाई प्रायः काखमा एउटा बालक लिएकी अथवा कतैकतै धेरै केटाकेटी वरिपरि राखेर एउटा सानो नानीलाई दूध खुवाउन लागेकी स्त्रीका रुपमा देखाइएको पाइन्छ । तिनका साथमा सधैं तिनका पति पाञ्चिका पनि देखिन्छन् । तर मथुराको कलामा हारीतिलाई स्थानीय शैलीमा नै ढालिएको पाइन्छ भनी उल्लेख गरेका छन् । नेपालमा प्राचीन देवी मूर्तिहरुमा पाइने सबै लक्षणले युक्त हारीतिको बालाजुको मूर्तिलाई ईशाको तेस्रो शताब्दीमा उल्लेख गरेका छन् । यस पुस्तकले हारती माताको मूर्तिकलाको बारेमा र संक्षेपमा ऐतिहासिकता समेत प्रस्तुत गरेको हुनाले यस शोधकार्यमा यस पुस्तक सहायक भएको छ । मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको बारेमा यस पुस्तकमा उल्लेख नभएता पनि यस पुस्तकले हारती माताको बारेमा बुझ्नको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

**Josephson (1985 AD)** (वि.सं. २०४२) उल्लेख गरे अनुसार स्वयम्भू स्तुपको बारेमा विस्तृत रुपमा उल्लेख गरेका छन् । हारती माता र स्वयम्भूस्थित हारती माताको मन्दिरको

बारेमा पनि उल्लेख गरेको पाइन्छ । यस पुस्तकमा उनले हारती माता मन्दिरको वास्तुकला प्यागोडा शैलीमा दुई तल्ले रहेको उल्लेख छ । यस मन्दिरका छानाहरु सुनले मोलम्बा गरिनुका साथै जटिल काष्ठकलाको प्रर्दशन गरेको पाइन्छ । उक्त मन्दिरमा विभिन्न बौद्ध देवदेवीहरु पनि अंकीत गरिएको छ, जसले गर्दा मन्दिर आकर्षक देखिएको छ। उनले मन्दिरमा कुँदिएका विभिन्न अन्य आकृतिहरु जस्तै बौद्ध धर्मका रक्षकहरु, गरुड, छेपुको बारेमा पनि उल्लेख गरेका छन् । यस पुस्तकमा हारती माता मन्दिरको मूर्त सांस्कृतिक सम्पदाको बारेमा थोरै मात्रामा उल्लेख गरेता पनि प्रतिमालक्षण र वास्तुकलाको दृष्टिकोणबाट उल्लेख नभएको हुँदा र ऐतिहासिकता तथा अमूर्त संस्कृतिको बारेमा उल्लेख नभएको हुँदा यस पुस्तकलाई साहित्यिक समीक्षामा प्रस्तुत गरिएको हो ।

**नघः भनी** (२०५६) का अनुसार हारती माताको मूर्ति कुन श्लोक, ध्यान तथा ग्रन्थ र तन्त्रका आधारमा निर्माण गरिएको हो भन्ने कुरा थाहा हुन सकेको छैन र अहिलेसम्म प्रकाशमा आएको पाइएको छैन । अहिले विद्यमान रहेको शिलामूर्ति पुरानो होइन । किनभने जोशी रिसर्च इन्स्टिच्यूटबाट प्रकाशित रोलम्बा ७-३ को ४२ पृष्ठमा उल्लेख भए अनुसार हारतीको पुरानो मूर्ति फुटालिएको भन्ने बुझ्िन आएको छ। उक्त टुक्रिएको मूर्ति कहाँ छ, के भयो थाहा हुन सकेको छैन । अपितु उक्त टुक्रिएको मूर्ति त्यही मन्दिरभित्र समाविष्ट गरिएको छ भन्ने भनाइ पनि सुनिनमा आएको छ भनी उल्लेख गरेका छन् । यस आलेखमा हारती माताको पुरानो मूर्तिको बारेमा जानकारी गराई विषयलाई उठान गरेको हुनाले यस शोधमा अध्ययन अनुसन्धान गर्नको लागि महत्वपूर्ण देखिएकाले यस आलेख सहायक हुने हुँदा यसलाई पूर्व साहित्यको समिक्षामा समावेश गरिएको छ ।

**वज्राचार्य** (२०५८) ले नेपालमा विहार बनाउने बेलामा हारती स्थापना गर्नुपर्छ । त्यसैले नेपालका सबै विहारमा हारती स्थापना गरिएको छ । स्वयम्भू, श्रीघः मा मूर्ति नै बनाएर स्थापना गरिएको छ । अरु ठाउँमा कतै ढुङ्गा, कतै इँटा, कतै किल्ला ठोकेर स्थापना गरिएको हुन्छ भनी उल्लेख गरेका छन् । प्रायजसो सबै विहारहरुमा हारती माता मन्दिरको स्थापना गरिएको हुन्छ। मन्दिर स्थापना गरिएको छैन भने पनि हारती माता स्वरुप विभिन्न वस्तुहरु राखेर हारती माताको स्थापना गरेको पाइन्छ। यस पुस्तकमा स्वयम्भू स्थित हारती माता मन्दिरको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको बारेमा रिक्तता रहेको हुँदा यस

शोधपत्रको अध्ययन अनुसन्धान गर्नको लागि यस पुस्तक सहायक हुने हुँदा यसलाई पूर्व साहित्यको समीक्षामा समावेश गरिएको छ ।

शाक्य (२०६१) ले क्षेमेन्द्र विरचित अवदानकल्पलता ग्रन्थलाई भाषानुवाद गरेका छन् । उनका अनुसार क्षेमेन्द्र विरचित अवदानकल्पलता ग्रन्थमा हारतीलाई सुरुमा यक्षिणीका रुपमा प्रस्तुत गरेका छन् । आफ्ना सन्तानहरुलाई खुवाउन, पालनपोषण गर्न राजगृहबाट मानिसहरुका बच्चाहरुलाई हरण गरेर दुःख दिएको कारण प्रजाहरुले राजा बिम्बिसारलाई आफ्नो दुःख व्यक्त गर्दछन् । राजा बिम्बिसार सहित प्रजाहरुले यो कुरा बुद्धलाई बताउँछन् । बुद्धले हारतीको सबैभन्दा कान्छो र प्रिय बच्चालाई लुकाइ दिन्छन् । यक्षिणीले आफ्नो प्रिय बच्चा नभेटेपछि भावविह्वल हुँदै बुद्धको शरण परेर आफ्नो बच्चा खोजीदिन आग्रह गर्दछिन् । बुद्धले अरुको दुःख वेदनाको अनुभूति दिलाई अब देखी यस्तो कार्य नगर्न र बुद्ध धर्म र जगत् कल्याणको लागि कर्म गर्न शिक्षा दिन्छन् । यसरी एक बालबालिका भक्षक यक्षिणीलाई हारती माताको रुपमा रुपान्तरण भएको कथा पाइन्छ । यस ग्रन्थ हारती माताको बारेमा बुझ्नलाई सहायक भएको छ । स्वयम्भूस्थित हारती माताको ऐतिहासिकता बुझ्नको लागि सहायक देखिएको हुँदा यस अनुसन्धानमा समीक्षा गरिएको छ ।

**Tuladhar** (2064) का अनुसार बौद्ध देवताहरू मध्ये हारती सबैभन्दा लोकप्रिय देवता हुन् । हारतीलाई एशियाभरि भाग्य, प्रजनन क्षमता र रोगहरूबाट बच्चाहरूको रक्षकको रूपमा चिनिन्छ । विभिन्न देशहरूमा उनलाई फरक-फरक नामले बोलाइन्छ । नेपालमा अजिमा, भारतमा अभिरती, चीनमा हुआहसी वा गुआन यिन र जापानमा किशिमोजिन नामले हारती मातालाई सम्बोधन गर्ने गरिन्छ भनेर उल्लेख गरेका छन् । विभिन्न देशहरूमा पाइने हारतीको किंवदन्तीमा स्थानीय परम्परा र मिथकहरू सम्मिलित रहेका छन् । यद्यपि, बुद्धले हारतीलाई प्रेम र शान्तिको मार्ग अपनाउन सफलतापूर्वक राजी गराउनुको आधारभूत कुरा उस्तै रहेको छ । हारतीको कथा भारतको राजगृहमा उत्पत्ति भएको मानिन्छ । पछि, यो गान्धार, पाकिस्तानको पेशावर उपत्यका, मध्य एशिया, चीन र जापानमा फैलिएको पाइन्छ भनी उल्लेख गरेका छन् । उनले हारती माताको ऐतिहासिकता र कुन कुन देशमा हारती माता बारेमा फैलिएर गयो भन्ने कुराको उल्लेख गरेका छन् । काठमाडौं उपत्यका भित्र सबैभन्दा लोकप्रिय स्वयम्भूको हारती माताको मन्दिर रहेको कुरा र यहाँका नेवार समुदायको विश्वास र हारती मातालाई अजिमाको रुपमा पुज्ने कुरा उल्लेख गरेका छन् । शोधपत्रको शीर्षक अनुसार

ऐतिहासिकता र स्वयम्भूस्थित हारती माताको मन्दिरको बारेमा संक्षिप्त रुपमा जानकारी भएता पनि मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको बारेमा उल्लेख नभएको हुँदा यसको परिपूर्ति गर्नको लागि प्रस्तुत शोध गरिएको हो ।

**वज्राचार्य** (२०६६) का अनुसार पृथ्वीनारायण शाहको आक्रमण पूर्व हारतीलाई सम्यक्मा सहभागी गरिन्थ्यो वा गरिँदैनथ्यो भन्ने कुरा कतैबाट जानकारी पाइँदैन भनी उल्लेख गरेका छन् । तर १२ वर्षको सम्यकमा हारतीको मूर्ति नै भुइँखेलमा लग्ने गरिन्छ । बौद्ध परम्परा अनुसार हारती माता नरभक्षी यक्षिणी बाट बुद्धको उपदेश सुनेर हारती देवीको रुपमा परिणत भई बालबच्चाको रक्षा गर्ने देवीको रुपमा स्थापित भएको कुरा उल्लेख गरेका छन् । किंवदन्तीलाई आधार बनाएर ऐतिहासिकता खोज्ने प्रयास गरेका छन् । मूर्त र अमूर्त संस्कृतिलाई संक्षेपमा मात्र उल्लेख गरको हुनाले हारती माताको बारेमा अध्ययन गर्नको लागि पर्याप्त जानकारी पाइँदैन । तर यस पुस्तकमा उल्लेख भएका विषयले विस्तृत रुपमा अध्ययन गर्नलाई यस पुस्तक सहायक भएको हुँदा यसलाई पूर्व साहित्यको समिक्षामा समावेश गरिएको छ ।

**खनाल** (२०७४) का अनुसार बौद्ध परम्पराअनुसार हारीति सुरुमा बालभक्षिणीका रुपमा प्रख्यात थिइन् । बुद्धको उपदेशपछि उनी बालसंरपक्षिकाका रुपमा मान्य भइन् । यिनको अर्को नाम शीतलादेवी पनि हो । हाम्रो यहाँको परम्पराअनुसार अजिमाका अन्य ६ जना दिदीबहिनी भएको विश्वास गरिन्छ । सायद यसले सप्तमातृकालाई लक्ष्य गरिएको पनि हुन सक्छ भनी उल्लेख गरेका छन् । यसैगरी उनले नेपालमा पाइने हारीतिमा बालाजु र पाटन क्वावहाल तथा चपाटोलका मूर्तिहरु निकै प्रसिद्ध छन् । यसमध्ये बालाजुको मूर्तिजस्तै यो पनि प्रलम्बपादासनमा बसेको छ । समयको प्रभावले यस मूर्तिको अनुहार ज्यादै नराम्रोसँग बिग्रिएको कुरा उल्लेख गरेका छन् । यस्तै अन्य कतिपय मूर्तिहरु अजिमा वा शीतलाका रुपमा पूजिए पनि वास्तवमा ती शीतला वा हारीतिका मूर्तिहरु हैनन् भन्ने कुरा समेत उल्लेख गरेका छन् । तर स्वयम्भूस्थित हारती माता मन्दिरको बारेमा कहिँ कतै पनि उल्लेख गरेका छैनन् । स्वयम्भूस्थित हारती माता मन्दिरमो सांस्कृतिक अध्ययन गर्नको लागि यस पुस्तक प्रस्तुत अनुसन्धानमा सहायक हुने हुँदा समीक्षा गरिएको छ ।

**पशुपति क्षेत्र विकास कोष** (२०७७) द्वारा लिखित पाशुपत क्षेत्रका सांस्कृतिक सम्पदा (मूर्त र अमूर्त) भन्ने पुस्तकमा मूर्त र अमूर्त सांस्कृतिक सम्पदालाई समावेश गरिएको छ ।

यस पुस्तकलाई तीन खण्डमा विभाजन गरिएको छ। परिचय खण्डमा वीणा पौड्यालले मूर्त र अमूर्त सम्पदाहरुको परिचय दिएकी छिन् । दोस्रो खण्डमा निर्मला पोखरेलले मूर्त सांस्कृतिक सम्पदाको बारेमा विस्तृत रुपमा उल्लेख गरेकी छिन् भने तेस्रो खण्डमा अमूर्त सांस्कृतिक सम्पदाको बारेमा सन्ध्या खनालले विस्तृत रुपमा प्रस्तुत गरेकी छिन् । यस पुस्तकमा हारती माता उल्लेख भएको पाइँदैन तर शीतला देवीको बारेमा उल्लेख गरिएको छ। हारती माता र शीतला देवीलाई बालबच्चा संरक्षिका र विफर निको गराउने देवीको रुपमा चिनिने हुँदा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुको आस्था र विश्वास रहेको पाइन्छ। यस पुस्तकले मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको बारेमा बुझ्नको लागि महत्वपूर्ण योगदान पुऱ्याएको हुँदा समीक्षा गरिएको छ।

**प्रधान** (२०७८) ले महायानी तन्त्रअनुसार महायनी धर्मधातु चैत्य बनाउँदा हारती माता र महाकालका मूर्ति राखिनुपर्ने नियमबमोजिम स्वयम्भू मूल चैत्य आसपासमा हारती माताको मूर्ति राखिएको हो। महाकाल र हारती माता बुद्ध शासन बिर्गान खोज्नेहरूको दमन गर्ने अभिभारा बोकेका धर्मपाल हुन् । महाकाललाई भैरव भन्ने चलन भएजस्तै भैरवीलाई अजिमा अर्थात् बज्यै भन्ने चलन नभएको पनि होइन र यिनलाई नेवार भाषामा '*अजिमा*' पनि भनिन्छ भनेर उल्लेख गरेका छन्। हारती मातालाई धर्मपालको रुपमा उल्लेख गर्दै बुद्ध शासनको व्यवस्थालाई कायम राख्नको लागि महत्वपूर्ण जिम्मेवारी दिएको पाइन्छ। यस पुस्तकले हारती माता र बुद्ध सँगको सम्बन्ध र ऐतिहासिकताको समेत थोरै मात्रामा जानकारी दिएको हुनाले स्वयम्भू स्थित हारती माताको सांस्कृतिक अध्ययन विषयमा अनुसन्धान गर्नको लागि यस पुस्तक सहायक हुने हुँदा यसलाई पूर्व साहित्यको समिक्षामा समावेश गरिएको छ।

**बुद्धाचार्य** (२०८०) का अनुसार नेपालमा विहारै पिच्छे हारती माता स्थापना भएको छ । स्वयम्भू, श्रीघः विहारमा मूर्ति नै स्थापना भएकोमा अहिले अरुअरु ठाउँमा पनि मूर्ति बनाउन थालेका छन् । मूर्ति स्थापना नभएको ठाउँमा ढुङ्गा, किल्ला ठोकेर, पात्र, एउटा सानो प्वाल बनाएर भए पनि मान्ने चलन पाइन्छ। त्यसो भए पनि विहारमा हारती माता स्थापना गर्ने कृयासंग्रहमा कुलदक्त पंजिकाको आठौं प्रकरणमा उल्लेख गरेको छ। हारती मातालाई कुन कुन रुपमा मानिन्छ, कसरी स्थापना गर्ने भन्ने बारेमा उल्लेख गरेका छन् । यस पुस्तकले शोधकार्यको शीर्षक सँग सम्बन्धित विषयवस्तुको जानकारी पर्याप्त रुपमा

नदिएता पनि यस पुस्तक शोधकार्य गर्नको लागि सहायक हुने हुँदा पूर्व साहित्यको समिक्षामा समावेश गरिएको छ ।

**खनाल** (२०८२) का अनुसार हिन्दू नेवार समुदायमा हारतीलाई अजिमा वा मातृका मान्ने परम्परा रहेको छ । अन्यले यिनलाई शीतलाका रुपमा मान्दछन् । नेवार समुदायमा बालबच्चा ख्याउटे भएमा, रुन्चे लागेमा वा बिरामी परिरहेमा स्वयम्भूमा अवस्थित हारतीको दर्शन गराई हारतीले च्यापेका बालबच्चामध्ये कुनै एकजना सँग मित लगाउने चलन छ । तिनका बच्चाहरु धनभाजु, धनमैजु, लाटाभाजु, लाटामैजु, वासिङ्गभाजु, वासिङ्गमैजु आदि नामले प्रख्यात छन् । हारती माताको बारेमा संक्षिप्त रुपमा उल्लेख गर्दै उनका पुत्र धनभाजुको बारेमा उल्लेख गरिएको हुँदा यस पुस्तकमा स्वयम्भूस्थित हारती माता मन्दिरको मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको बारेमा उल्लेख नभएको हुँदा यस पुस्तकलाई समीक्षा गर्दै पूर्व साहित्यको समिक्षामा समावेश गरिएको छ ।

माथि उल्लेख गरिएका हारती माता मन्दिरको सांस्कृतिक सम्पदामा यस अघि भएका अध्ययन अनुसन्धान कार्यहरुको समीक्षा गर्दा हारती माताको ऐतिहासिकता, मूर्त सम्पदा र अमूर्त सम्पदाको बारेमा जानकारीमूलक कार्यहरु भएको देखिन्छ । हारती माता मन्दिरको ऐतिहासिकता, मूर्त सांस्कृतिक सम्पदामा मूर्तिकलाको विधानको दृष्टिकोणबाट, विस्तृत रुपमा वास्तुकलाको विविध दृष्टिकोणबाट, अमूर्त संस्कृति अन्तर्गत नित्य पूजा, नैमित्तिक पूजा, वार्षिक पूजा आदिको बारेमा विस्तृत रुपमा कसैले पनि अध्ययन नगरेको हुँदा यस अनुसन्धानको उद्देश्य सान्दर्भिक र औचित्यपूर्ण देखिएको छ । यही अध्ययनको रिक्तता पूर्ण गर्नको लागि यो शोधकार्य सम्पन्न गरिएको छ ।


## १.७ अध्ययनको विधि

स्वयम्भू स्थित हारती माताको सांस्कृतिक अध्ययन गर्ने क्रममा निम्नानुसारका अध्ययन विधिहरु प्रयोग गरेर अनुसन्धान गरिएको छ ।

### १.७.१ अध्ययनको ढाँचा

यस शोधपत्रमा हारती माताको ऐतिहासिकता, मन्दिरको मूर्त र अमूर्त सांस्कृतिक सम्पदालाई समेट्ने भएकाले यस अध्ययन ऐतिहासिक र सांस्कृतिक अनुसन्धानमा आधारित रहेको छ । यस शोधपत्र गुणात्मक तथ्याङ्क विश्लेषणमा आधारित रही

आगमनात्मक ढाँचामा तयार पारिएको छ । यस शोधकार्यमा विवरणात्मक तथा विश्लेषणात्मक रुपमा व्याख्या गरिएको छ । शोधपत्र तयार गर्दा निम्न चित्रमा उल्लेख गरिए बमोजिम अनुसन्धानको ढाँचा तयार पारिएको छ :




शोधपत्रको ढाँचा

## १.७.२ तथ्याङ्क सङ्कलन विधि

तथ्याङ्क सङ्कलनले अनुसन्धानलाई वैज्ञानिक ढङ्गबाट निष्कर्षमा पुऱ्याउने गर्दछ । प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि निम्नानुसार अनुसन्धान विधि अपनाइएको छ :

### १.७.२.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्यमा प्राथमिक स्रोत सङ्कलनको लागि सम्बन्धित स्थानको स्थलगत अवलोकन, अन्तर्वार्ता, तस्वीर सङ्कलनको उपयोग गरिएको छ ।

**अवलोकन** : यस अनुसन्धानका लागि हारती माताको मन्दिर, मूर्ति, वास्तुकला, प्रतिमालक्षण आदि सम्बन्धित चाडपर्व र अनुष्ठानहरूमा स्थलगत अवलोकन गरिएको छ । असहभागीमूलक तरिकाले तथ्याङ्क सङ्कलन गरिएको छ । अवलोकन गर्दा कुनै पनि सूची नबनाई त्यहाँ भएका गतिविधिहरुको अनिर्मित तरिकाले अवलोकन गरिएको छ । यस क्रममा सम्बन्धित स्थानहरूमा गई प्रत्यक्ष रूपमा परम्परागत क्रियाकलापहरू अवलोकन गर्दै तथ्यहरू सङ्कलन गरिएको छ । हारती मन्दिरको सांस्कृतिक अध्ययन गर्ने क्रममा वि.सं. २०८२-१-२५ गते देखि सात पटक स्थलगत अवलोकन गरेर तथ्याङ्क सङ्कलन गरिएको हो ।

**अन्तर्वार्ता** : यस शोधपत्रको सन्दर्भमा जानकारी प्राप्त गर्नका लागि सम्बन्धित व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ । विशेष रूपमा *गुर्जु*हरु, गुठीका सदस्यहरू, परम्परासँग प्रत्यक्ष रूपमा जोडिएका व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ । यी व्यक्तिहरूसँग रहेको परम्परागत ज्ञान, अनुभव र उनीहरूको विचारलाई संकलन गरी विश्लेषण गरिएको छ । अन्तर्वार्ता गर्दा अनौपचारिक रुपले शोध सँग सम्बन्धित अनुसन्धानात्मक अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । कतिपय तथ्यहरु पुजारी एवं भक्तजनहरुबाट सङ्कलन गरिएको छ । अन्तर्वार्ता श्रावण देखि असोज महिना सम्ममा लिइएको हो ।

**फोटोग्राफी** : सांस्कृतिक अनुसन्धानको लागि फोटोग्राफी अत्यन्तै महत्वपूर्ण र उपयोगी हुने गर्दछ । हारती माता मन्दिरको वास्तुकला, तोरण तथा टुँडालमा रहेका प्रतिमाहरुको विश्लेषण गर्न, तुलना गर्न, ऐतिहासिकता निर्धारण गर्न यस प्रकारका मूर्त सम्पदाको फोटोग्राफी मार्फत् पनि तथ्यहरु सङ्कलन गरिएको छ । अमूर्त संस्कृति अन्तर्गतका नित्य पूजा, नैमित्तिक पूजा, भाकल पूजा आदि पूजा विधिलाई सम्बन्धित विषयमा स्पष्ट

पार्न फोटोग्राफी मार्फत तथ्याङ्क सङ्कलन गरिएको छ। अनुसन्धानको विषयसँग सम्बन्धित विभिन्न सांस्कृतिक गतिविधिहरूको फोटोग्राफी गरिएको छ। यो विधिले दृश्य प्रमाणको रूपमा अध्ययनलाई थप बलियो बनाउन मद्दत पुऱ्याएको छ।

### १.७.२.२ द्वितीयक स्रोत :

द्वितीय स्रोतका तथ्याङ्कहरु पहिले नै कसैले प्रयोग गरिसकेको पुस्तक, लेख, रचना, अनुसन्धान पत्र आदि हुन्। यस अध्ययनमा विभिन्न पूर्ववर्ती लेखकहरूद्वारा लेखिएका पुस्तक, लेख तथा अनुसन्धानहरू अध्ययन गरिएको छ। हारती माताको ऐतिहासिकता र वर्तमान अवस्थाको विश्लेषण गर्न यस शोधकार्य सँग सम्बन्धित पुस्तक, लेख, रचना, वंशावली, जर्नल, विभिन्न पत्रपत्रिका, वेवसाइट, पुरातात्विक प्रकाशित अभिलेख, शोधपत्र, प्रकाशित/अप्रकाशित लेखरचना आदिलाई समावेश गरिएको छ। यस प्रकारका तथ्याङ्कहरु संकलन गर्दा त्रि.वि. केन्द्रीय पुस्तकालय, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., आशा सफूकुथि, पुरातत्व विभागको पुस्तकालय, राष्ट्रिय अभिलेखालयको पुस्तकालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि.को पुस्तकालयमा रहेका यस शोधसँग सम्बन्धित पुस्तकहरुको अध्ययन गरिएको छ। विद्युतीय सामग्रीहरुबाट लेख, पीडीएफ पुस्तक, नेपाल, जर्नल अनलाइन, इन्टरनेट आर्काइभ, त्रि.वि.को ई-लाइब्रेरी, नेपाल भाषा केन्द्रीय विभागको ई-लाइब्रेरी आदि बाट पनि अध्ययन गरिएको छ।

### १.७.३ तथ्याङ्क विश्लेषण र लेखन विधि

प्रस्तुत शोधकार्य हारती माताको सांस्कृतिक अध्ययन गर्ने क्रममा संकलित सबै श्रोत सामग्रीहरुलाई विवरणात्मक र वर्णनात्मक रुपमा प्रस्तुत गरी गुणात्मक तथ्यहरुको आधारमा आगमनात्मक ढाँचामा निष्कर्ष निकालिएको छ। यस शोधमा संकलन गरिएका तथ्याङ्कहरु अनुक्रमको आधारमा परिच्छेद, शीर्षक तथा उपशीर्षकमा विभाजन गरी विवरण तयार पारिएको छ। वर्तमान समयमा चलेको ए.पी.ए. सातौं संस्करण तथा यस विभागले उपलब्ध गराएको ढाँचामा लेखन विधि प्रक्रियालाई सम्पन्न गरिएको छ।

## १.८ अध्ययनको महत्व/औचित्य

स्वयम्भू स्थित हारती माताको विविध पक्षको विस्तृत रुपमा अध्ययन अनुसन्धान हुन सकेको छैन । यस मन्दिरको धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षणको लागि विविध पक्ष बारे अध्ययन अनुसन्धान गर्न महत्वपूर्ण रहेको छ। यस प्रकारको अध्ययन तथा अनुसन्धानबाट यस विषयका जिज्ञासु तथा अनुसन्धानकर्ताहरुलाई सहयोग हुन जानेछ । यो शोध सांस्कृतिक अध्ययनमा संलग्न अध्येता, संस्कृतिका विद्यार्थी, मन्दिर व्यवस्थापन, पूजारी एवं भक्तजनहरुको लागि महत्वपूर्ण छ । साथै मन्दिरको संरक्षण र विकासमा नीति, नियम र योजना निर्माण गर्न सरोकारवालालाई मद्दत पुग्ने हुनाले यसको औचित्य समेत रहेको छ ।

## १.९ अध्ययनको विभाजन

स्वयम्भूस्थित हारती माताको सांस्कृतिक अध्ययन शोधकार्यलाई पाँच अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायमा मूल शीर्षक र आवश्यक अनुसार उपशीर्षक सहित चर्चा गरिएको छ ।

अध्याय एक : यस अध्यायमा शोधपत्रको परिचय रहेको छ। यसमा अध्ययनको परिचय, समस्या कथन, शोधप्रश्न, अध्ययनको उद्देश्य, अध्ययनको सीमा, पूर्व साहित्यको समीक्षा, अनुसन्धान विधि, अध्ययनको महत्व लगायतका बारे चर्चा गरिएको छ ।

अध्याय दुई : यस अध्यायमा काठमाडौंको स्वयम्भूस्थित हारती माताको ऐतिहासिकताको बारेमा उल्लेख गरिएको छ ।

अध्याय तीन : यस अध्यायमा स्वयम्भूस्थित हारती माताको मूर्त सांस्कृतिक सम्पदाको बारेमा उल्लेख गरिएको छ ।

अध्याय चार : यस अध्यायमा स्वयम्भूस्थित हारती माताको अमूर्त सांस्कृतिक सम्पदाको बारेमा उल्लेख गरिएको छ ।

अध्याय पाँच : यस अध्यायमा समग्र अध्ययनको प्राप्ति, निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# स्वयम्भूस्थित हारती माताको ऐतिहासिकता

## २.१ हारती माताको परिचय

बौद्ध धर्म अन्तर्गत हारती माता सबैभन्दा लोकप्रिय देवी हुन् । हारती मातालाई बौद्ध धर्ममा बालबच्चाको रक्षा देवीको रुपमा प्रस्तुत गरिएको छ । हारती माताको बारेमा विभिन्न बौद्ध ग्रन्थहरुमा उल्लेख भएको पाइन्छ । हारती मातालाई बुद्धको समकालीन मानिन्छ । विभिन्न देशहरुमा उनलाई फरक-फरक नामले चिन्ने गरिन्छ । नेपालमा अजिमा, भारतमा अभिरती, चीनमा हुआहसी वा गुआन यिन र जापानमा किशिमोजिन नामले चिन्ने गरिन्छ (Tuladhar, 2064 p. 40) । विभिन्न देशहरुमा पाइने हारतीको किंवदन्तीमा स्थानीय परम्परा र मिथकहरु सम्मिलित रहेका पाइन्छन् । हारतीको किंवदन्तीको बारेमा अलग-अलग मिथकहरु रहेता पनि बुद्धले हारतीलाई प्रेम र शान्तिको मार्ग अपनाउन सफलतापूर्वक राजी बनाएको आधारभूत कुरा एउटै रहेको पाइन्छ । हारतीको विवाह कुबेरको राज्यमा काम गर्ने पाञ्चिक नामको यक्षसँग भएको पाइन्छ । वैवाहिक जीवनको क्रममा यिनी पाँच सय बच्चाकी आमा बनिन् । बच्चाहरूको पालनपोषणको निमित्त आफ्नो माइती राजगृहमा आइन् । अर्काका बच्चाहरू हरण गरी आफ्ना सन्तानहरूको पालनपोषण गर्न तिर लागेपछि यिनी अभिरतीबाट हारती यक्षिणीको रूपमा प्रख्यात भइन् (वज्राचार्य, २०६६, पृ. १) ।

कुबेरको राज्यमा सेनापतिको रूपमा काम गर्ने पांचिकको सय जना पत्नी थिए । त्यसमध्ये हारती यक्षिणी पनि एक थिइन् । सय जनाकै तर्फबाट कुनै बच्चा नभएपछि पाञ्चिक निकै दु:खी भइरहेका थिए । त्यस अवस्थामा प्रत्येकबुद्धको आगमन भयो र सयजनाको लागि एक-एकवटा बुटी दिएर गए । तर हारती यक्षिणीले अरूलाई खुवाउन भनेको बुटी पनि आफैले खाइदिइन् । यसले गर्दा हारतीले पाँचसय बच्चाहरू जन्माइन् । ती बालकहरूको पालनपोषण गर्न नसकेर उनले मानिसहरूका बच्चाहरूलाई मारी खाने गर्न थालिन् । यो कुरा हारती यक्षिणीका श्रीमान् यक्ष पाञ्चिकलाई मन परेको थिएन । त्यसैले हारती यक्षिणीलाई पाँचजना बच्चाहरूको जिम्मा दिई पाञ्चिकले उनीहरूलाई छोडेर गए । त्यसै कारण हारतीको मूर्तिहरूमा पाँच बालक सहित उनलाई देखाउने चलन भएको हो (वज्राचार्य, २०६६, पृ. ४) । भारत तथा नेपालमा हारतीको मूर्ति बनाउँदा स्थानीय किंवदन्तीलाई समेत आधार बनाएको पाइन्छ ।

हारतीका सम्बन्धमा पञ्चरक्षासूत्र, महावंश, स्वयम्भूपुराण, अवदानकल्पलता आदि ग्रन्थहरुमा उल्लेख पाइन्छ । यी पुस्तकहरुमा पनि हारतीलाई बुद्धका समकालिन रुपमा प्रस्तुत गरिएको छ । थेरवाद बौद्ध धर्म मान्ने देशहरुमा हारतीको बारेमा उल्लेख पाइँदैन । श्रीलङ्कामा हारतीको कुनै पनि मूर्ति र मन्दिरहरु रहेका छैनन् । यद्यपि, श्रीलङ्कामा लेखिएको बौद्ध ग्रन्थ महावंशमा काश्मीर गान्धारमा हारतीको अभिषेकको बारेमा उल्लेख गरेको पाइन्छ (Tuladhar, 2064, p. 41) ।

हारती माताको विषयमा 'हारत्यवदान' भन्ने पुस्तकमा उल्लेख गरिएको छ । उक्त पुस्तकमा लेखिए अनुसार केटाकेटीहरु चोरेर दुःख दिने यक्षिणीको कथा प्रस्तुत गरिएको पाइन्छ । एउटी यक्षिणीले मानिसहरुका केटाकेटी चोरेर उधुम मचाएकी थिइन् । पहिले त कसैलाई पनि थाहा भएन । धेरै केटाकेटीहरु चोरिएपछि एउटी यक्षिणीले चोरेको पत्ता लाग्यो । तर उसलाई कसैले समात्न वा रोक्न सकेन । राजा कहाँसम्म कुरा पुग्यो । राजाबाट पनि अनेक किसिमका प्रयासहरु भए तर चोरिएका बालबच्चाको पत्ता लागेन । यक्षिणीले ती बालबालिकाहरुलाई सुरक्षित ठाउँमा लुकाएकी थिइन् । राजा आखिर हार मानेर बुद्धको शरण पर्न गए । राजाको हैरानीको कारण सबै बुझेपछि बुद्धले जुक्ति लगाउने आश्वासन राजालाई दिएर फर्काए । तदनुसार बुद्धले ती यक्षिणीका पाँच सय बच्चाहरु मध्ये सबैभन्दा मनपर्ने बच्चा लुकाइदिए । ती यक्षिणीले जति खोजे पनि उक्त बच्चा फेला पार्न नसके पछि बुद्धको शरणमा गएर आफ्नो बच्चा खोजिदिन आग्रह गरिन् । बुद्धले तिम्रा पाँच सय बच्चामध्ये एक जना त हराएको हो, एउटा बच्चाको लागि किन चिन्तित भएको भनी सोध्छन् । यक्षिणीले जति सन्तान भए पनि आफ्ना सन्तानको माया लाग्ने कुरा बुद्धलाई बताउँछिन् । तब बुद्धले यक्षिणीलाई सम्झाउँछन् । तिमीले अरुका बच्चा चोरेर लग्दा मातापितालाई कस्तो असर पर्‍यो होला ? तिम्रो एउटा बच्चा हराउँदा तिमी यति धेरै चिन्तित छौ भने अरुका बच्चा तिमीले चोर्दा कस्तो भए होला भनी बुद्धले सम्झाउँछन् । बुद्धको यस वचनले यक्षिणीको मन परिवर्तन हुन्छ । बुद्धले लुकाइराखेको उनको बच्चा फिर्ता गरिदिन्छन् । बुद्धले यक्षिणीलाई अब देखि त्यस किसिमको कुकृत्य छाडेर बालबालिकाको रक्षा गर्न आज्ञा गर्दछन् । त्यसपछि तिनी बालबालिकाको संरक्षिका भएर बस्न थालिन् ।

बौद्धहरूले हारतीलाई रक्षक देवीको रूपमा लिनु भन्दा पहिला यिनलाई यक्षिणीको रूपमा लिइन्थ्यो । बौद्ध ग्रन्थहरूमा हारतीलाई कुबेर सेनापति पाञ्चिककी पत्नीका रूपमा

चित्रण गरिएको छ। कुबेरको २८ जना सेनापतिहरूमध्ये १७ औं स्थानको सेनापतिका रूपमा पाञ्चिकलाई लिइन्छ। त्यस्तै, कुबेरकहाँ काम गर्ने यक्षिणीहरू मध्ये हारतीलाई पाँचौं क्रममा मानिन्छ (वज्राचार्य, २०६६, पृ. ३)। हारती मातालाई बुद्धशासन बिगार्न खोज्नेहरूको दमन गर्ने अभिभारा बोकेकी धर्मपालको रूपमा पनि लिने गरेको पाइन्छ।

बौद्धहरू यिनलाई रोग, वात, सन्निपात, अनिकाल, भय, अशान्तिलाई निर्मूल पार्ने रक्षाकारी देवीका रूपमा लिन्छन्। उनी अति नै धनी, धन, धान्य, रत्नको वरदान दिन सक्ने, दुःख हरण गर्न सक्ने, धर्मपाल स्वरूपिणी संरक्षिका देवी हुन्। सकल प्राणीको रक्षा गर्ने यी देवीलाई रक्षिकाका रूपमा बौद्ध मन्दिर र विहारहरूका प्रवेशद्वारमा स्थापित गरिएको पाइन्छ। हारती मातालाई मूर्ति, ढुङ्गा, काँचो ईट्टा, किला, पात्र र सानो प्वालको रूपमा विहारमा राख्ने गरिएको पाइन्छ। हारतीलाई महाँकाल, कुबेर, बिडुढक, धृतराष्ट्र, जम्बल जस्तै बौद्ध शासनको रक्षक मानिन्छ (वज्राचार्य, २०६६, पृ. ३)।

हारती माता बाल-रक्षिकाको रूपमा मात्र नभई ठूला पारिवारिक देवीका रूपमा पनि पुजिँदै आएकी छिन्। बालकहरूलाई बिफर रोग सहितका अन्य जुनसुकै रोग लागे पनि यिनलाई पूजा गर्ने गरेको पाइन्छ। बच्चाहरू सिकिस्त बिरामी भएमा, बेहोस भएमा, हातखुट्टा बाङ्गिएर गएमा र न्याल ओकल्ने गरेमा यिनलाई पूजा गरिने चलन छ। अशान्ति, रोग, भयबाट टाढा हुनका लागि 'पञ्चरक्षा'को पाठ गर्ने चलन बौद्ध समुदायमा हालसम्म छ। बौद्धहरूको घर-घरमा, विहार मन्दिरहरूमा यसरी पाठ गर्दा सकल प्राणीहरूको रक्षा हुने विश्वास गरिन्छ।

भारतवर्ष तथा नेपालमा प्राचीनकालदेखि नै हारतीको उपासना गर्ने परम्परा रहेको पाइन्छ। कुषाणकाल अन्तर्गत विकसित गान्धार कलामा बुद्ध, बोधिसत्वको मूर्तिको साथसाथै जाम्बल, कुबेर, मैत्रेय तथा हारतीको मूर्ति बनाउने परम्परा रही यिनको कैयौँ प्रतिमा बनेका पाइन्छन् (खनाल, २०८२, पृ. ४०)। हारतीका प्राचीन मूर्तिहरु पश्चिमी पाकिस्तानको गान्धार प्रान्तमा पाइन्छन्। हारतीका कैयन् मूर्ति त्यहाँका स्तुपहरुमा पाइएका छन्। गान्धारकलामा हारतीलाई प्रायः काखमा एउटा बालक लिएकी अथवा कतैकतै धेरै केटाकेटीलाई वरिपरि राखेर एउटा सानो नानीलाई दूध खुवाउन लागेकी नारीको रुपमा देखाइएको पाइन्छ। तिनका साथमा सधैँ तिनका पति पाञ्चिक पनि देखिन्छन् (बाङ्गदेल, २०३९, पृ. ६४)। कुषाणकालमै विकसित भएका मथुरा कलाशैलीमा हारतीलाई कुबेरका साथमा लक्ष्मीसँगै बसेको अवस्थामा वा काखमा बच्चा लिएका रुपमा पनि पाइन्छ (खनाल, २०७४, पृ. १२१)।

बौद्ध साहित्यमा हारती यक्षिणीलाई जगत्-संसार प्रतिपालन गर्ने, जन्म-जन्ममा ऋद्धिसिद्धि प्राप्त गरेकी, १२ वर्ष मुनिका बालबच्चाको हेरविचार गर्ने देवीको रूपमा लिइएको छ। सुरतवज्र वज्राचार्यद्वारा रचित चर्या ग्रन्थमा हारतीलाई *"भुगुती मुगुती दायिनी देवी हारती, विष्फोटक भयनाशिनी श्री शीतला देवी भवदुःख तारणी देवी जगद्व्यापिनी"* भनेर मुक्ति दिने, डरलाग्दी, ठूलो भय नाश गरिदिने, दुःख-भयबाट तार्न सक्ने, सर्वव्यापी देवीका रूपमा उल्लेख गरिएको छ (वज्राचार्य, २०६६, पृ. ८) ।

पञ्चरक्षा पाठ सूत्रमा प्रतिसरा माताको एक सूत्रमा उल्लेख भए अनुसार हारती र पञ्चिकाको बारेमा निम्न श्लोक रहेको पाइन्छ :

> *अष्टषष्ठीसहस्त्राणी कोतिनियुत शतानी च। त्रयस्त्रिशाश्रव येदेवाः सर्वे शक्त पुरोगमाः। रक्षार्थ तस्य सत्वस्य प्रिस्थतः समुस्पस्थिताः। चत्वारो लोकपलाश्व बज्रपाणीर्महाबलः। विद्याकुलशतैः सार्द रक्षा कुर्वान्ति नित्यशः । सोमशचसमुनाः सुर्यो ब्रम्हा बिष्णु महेश्वरः । यमश्च माणिभद्रश्च बलदेवो महाबलः । पूर्णभद्रो महाबीरो हारती च सुपुत्रिका पांचालः पाचिककश्चैव कार्तिकेयो गणेश्वरोः । श्रीरपि च महामाता वैश्रवनः सरस्वती। शंखिनी पुष्पदन्ती च तथैवक जटापि च। धन्या एता महाभागा रक्षा कुर्वान्ति नित्यशः* (बज्राचार्य, २०५०, पृ. ७१) ।

अष्टषस्ठीसहस्राणी कोटि नियुत शत शहस्त्र त्रयत्रिश भुवनको इन्द्रप्रभृति जति पनि देवताहरू रहेका छन तिनीहरू सबै जनाले त्यस पुरूषलाई रक्षा गर्नको निम्ति खडा भइ बस्छन् । चार जना लोकपालगणहरू जो महाबलवान छन्, बज्रपाणी अनि विद्याकुलका देवताहरूले सहित उसलाई नित्य नित्य रक्षा गर्दछन् । चन्द्रमा देवता, सूर्य, ब्रह्मा, बिष्णु, महेश्वर, यमराज, मणिभद्र पुत्र परिवार सहित हारती, पांचाल, पांचिक, गणेश, कुमार, अनि श्री महालक्ष्मी माता, कुबेर, सरस्वती शंखिनी पुष्पदन्ती, एकजटा धन्या महाभागा देवताहरूले पनि त्यस पुरूषलाई नित्य नित्य रक्षा गर्दछ ।

हारतीलाई यक्षिणी हुँदा मानिसहरूको बालबालिका हरण गर्ने क्रोधी स्वभावको भएकी र पछि बौद्ध शासनमा आउँदा रोग हरण गर्ने देवीका रूपमा हारती माता लिइएको छ। हारती यक्षिणी विभिन्न जन्ममा बुद्धको सेवा र भावभक्ति गरी अन्तिम जन्ममा रक्षक देवीको रूपमा स्थापित भएकी हुन् (वज्राचार्य, २०६६, पृ. ४) । तिनै हारतीलाई भारत, नेपाल, तिब्बत

लगायत महायान देशहरूमा विभिन्न नामले पूजा गरिँदै आएको छ ।

महायानी बौद्ध साहित्यहरूमा बुद्धले यक्षिणीलाई आफ्नो नियन्त्रणमा लिई रक्षिकाका रूपमा परिणत गरे भन्ने विषयमा एकरूपता पाइए तापनि बुद्धले लुकाएका हारतीको मनपर्ने बच्चाको नामको सम्बन्धमा भने विभिन्न ग्रन्थमा भिन्नता पाइन्छन् । 'हारती कल्पावदान'मा बच्चाको नाम प्रियंकर दिइएको छ । 'श्री स्वयम्भू महाचैत्य'मा छोरा नभई छोरीको नाम आनन्दा दिइएको छ । बद्रीरत्नद्वारा सम्पादित 'हारतीकावदान कथा'मा छोराको नाम धनभाजु उल्लेख भएको छ (वज्राचार्य, २०६६, पृ. १५) ।

हारती यक्षिणीको प्रसंग साहित्यिक ग्रन्थहरूमा उल्लेख भइसकेपछि हारतीको प्रचार-प्रसार नेपालमा पनि भयो । विभिन्न पूजाहरू गर्दा हारतीलाई पनि पूजा गर्ने, विघ्नबाधाहरू पन्छाउन पनि हारतीको पूजा गर्ने परम्पराको विकास भयो । नेपालमा मातृदेवीहरूलाई अजिमाको रूपमा मान्ने परम्पराको विकास भएको समयमा हारतीलाई पनि अजिमाको रूपमा स्थापित गरियो र हारती अजिमा सम्बन्धी स्थानीय धारणाहरूको पनि विकास भयो । काठमाडौं उपत्यकाका स्थानीय बासिन्दाहरू हारतीलाई अजिमा, हारती माजु, मयजुदेवी, हारती महायक्षिणी, हारती वज्रयक्षिणी, शीतला माजु, स्वयम्भू संरक्षिका धर्मपाली, *धाक्वसिक्वमाः, मचाप्यासी* भन्ने गर्दछन् ।

हारती यक्षिणी बौद्धहरूको महायानी सम्प्रदायमा उल्लिखित देवी हुन् । नेपालमा पाइएका महायानी पंचरक्षा ग्रन्थमा "*हारित्याच पंचपुत्रेन सतपरिवारेया*" भनी उल्लेख भएबाट 'पंचरक्षा ग्रन्थ'मा हारतीको नाम उल्लेख भएको स्पष्ट हुन्छ । त्यस्तै "*यक्ष सेनापतय सर्वे हारितिच सपुत्रिका वातजा, पितजा, रोगा श्लेष्मजा सान्नीपातजा निहता सर्व रोगाश्च अथ भगवत एतदभवन्नैक-राजस्यार्थाय् बुद्धो भगवन्तो लोक उप्रद्यन्ते*" र "*हारिती पाञ्चिक श्चैवलोकपालव महर्द्धिका*" तथा "*हारितीच सपुत्रिका सपरिवारा श्रावकानां प्रत्येक दिव्यं छत्र मुपनामितवति विजयन्तित स्थिता*" पनि उल्लेख छ । हारतीलाई पांचिक यक्षको स्त्री, पाँचसय छोराछोरी भएकी, द्वारमा अस्त्रशस्त्र लिई रक्षिकाका रूपमा रहेकी र गुप्तचरको काम गर्ने, वात, पित्त, सन्निपात जस्ता सम्पूर्ण रोग निर्मूल गर्ने रक्षिकाका रूपमा बयान गरिएको छ (वज्राचार्य, २०६६, पृ. २०) । हारती मातालाई यक्ष समुदाय अन्तर्गत एक रक्षिताको रुपमा चित्रण गरेको पाइन्छ ।

नेपालमा पाइएको हस्तलिखित 'पंचरक्षा ग्रन्थ' नेपाल संवत् १९ (सन् ८९८) को हो भन्ने कुरा डेनियल राइटको वंशावलीबाट थाहा हुन्छ । यो ग्रन्थ हाल क्याम्ब्रिज यूनिभर्सिटिको लाईब्रेरीमा छ । संस्कृत भाषामा सबैभन्दा पुरानो 'पंचरक्षा ग्रन्थ' ने.सं. २२५ (सन् ११०४) मा लेखिएको हो भनेर डि. सि. भट्टाचार्यले आफ्नो पुस्तक 'फाइब प्रोटेक्टिभ गडेस'मा उल्लेख गरेका छन् । त्यस्तै, उनले बुद्धिष्ट लाईब्रेरी, जापानको ने.सं. ९९ (सन् ९७८), आशा सफुकुथिको ने.सं. ३०० (सन् ११७९), नेपालको राष्ट्रिय पुरातत्वको ने.सं. ३६७ (सन् १२४६), केशर पुस्तकालयको ने.सं. ४०९ (सन् १२८८) का पंचरक्षा ग्रन्थहरूको पनि उल्लेख गरेका छन् (वज्राचार्य, २०६६, पृ. २१) ।

## २.२ ग्रन्थहरुमा हारती माता

बौद्ध धर्मले यक्षकुलकी यक्षिणीलाई हारती देवीको रूपमा प्रतिस्थापित गरेको छ । यस सम्बन्धी विभिन्न ग्रन्थहरूको रचना पनि गरिएको पाइन्छ । कालान्तरमा हारती सम्बन्धी विभिन्न जनधारणाहरू पनि बन्दै गए । बौद्धहरूको देवीको रूपमा देखिएकी हारतीलाई हिन्दू धर्मावलम्बीहरूले पनि आफ्नो तरिकामा शीतलादेवी मान्न थालेको पाइन्छ । बौद्ध धर्म सँग सम्बन्धित ग्रन्थहरुमा हारती माताको फरक-फरक अवधारणा रहेको पाइन्छ । केही अवधारणाहरु निम्न रुपमा उल्लेख गरिएको छ :

**हारितिकावदानम्**मा उल्लेख भएअनुसार पृथ्वीको सार जस्तै परापूर्वकालमा राजगृह नगरमा बिम्बिसार राजाले शासन चलाइरहेका थिए । राजा बिम्बिसार एक उदार, त्याग चित्त भएका, क्लेश नभएका, सुख एवं ऐश्वर्य भोग छोडेर जनताहरूको दुःख अन्त्य गर्न निरन्तर लागि पर्ने राजा थिए । सबैको दुःख निवारण गरी बस्नु भएका राजा बिम्बिसारको राज्यमा फेरी अर्को एउटा उपद्रो घटना घट्न पुग्छ । मानिसहरू राजा कहाँ बच्चाहरूको हरण भएको दुःखद समाचार लिएर उपस्थित हुन्छन् । सारा दुःखेसो पोख्छन्, बच्चाहरूलाई कसले लग्यो भनि रोइ कराई गर्छन् । यो कुरा सुन्ने बित्तिकै राजाले उनीहरूको दुख आफ्नै दुःख सरह ठान्दछन् । राजाले प्रजालाई चिन्ता नलिन र आफुले सक्ने सहयोग गर्ने आश्वासन दिन्छन् । यस पछि राजाले आपत तर्नको लागि पूजा गर्न सामाग्रीहरू सबै जोरजाम गरेर व्रत र पूजा विधि अगाडी बढाउँछन् । हारती नाम गरेको यक्षणीले प्रजागणहरूको बच्चाहरू हरण गरेको खबर राजालाई सुनाइयो । यति कुरा सुन्ने बित्तिकै राजा बिम्बिसार मन्त्रीमण्डल र भारदार प्रजाहरू सहित बुद्ध बसिरहेको स्थान वेलुवन विहारमा दर्शन गर्न जान्छन् । बुद्धलाई राजाले

वन्दना गरिसकेपछि सारा दुखेसो पोख्छन् र बच्चाहरू हराइरहेको बारेमा सबै कुरा भन्छन् ।

बुद्धले सबै कुरा सुनेर सबैलाई घर फर्कन आज्ञा गर्छन् । त्यसपछि बुद्ध हारती यक्षणीको स्थानमा जान्छन् । यक्षणी नभएको बेलामा, कोही कसैलाई पनि थाहा नदिइ यक्षणीको सबैभन्दा प्रिय छोरा 'प्रियंकर'लाई आफ्नो साथमा लिएर आउँछन् । यक्षणी घर फर्केपछि छोरालाई नदेख्दा मन भ्रान्ति हुन्छ । यक्षणीले सबै ठाउँमा आफ्नो बच्चा खोज्छिन्, तर आफ्नो छोरा प्रियंकरलाई भेट्टाउन सक्दिनन् । अन्तिममा बुद्धको शरणमा पुगि छोरा प्रियंकरलाई खोजिदिन बिन्ती गर्छिन् । बुद्धले मुसुक्क हाँसी भने "तिम्रो ५०० जना बच्चामा एक जना बच्चा हराएर शोक लिनु पर्दैन ।" हारती यक्षणीले जवाफ दिईन् "५०० जना नै भए पनि प्रिय छोरा हराएको दुःख सहन सक्दिन । यसको अनुभव छोरा हुनेले मात्र थाहा पाउँछ । छोरा जस्तो भएपनि राम्रो भएपनि नराम्रो भएपनि, अपाङ्ग भएपनि छोराको माया लाग्छ ।" बुद्धले फेरी भन्छन् "तिम्रो यति धेरै बच्चा भएर त शोक मानि रहेकीछौ भने एक जना मात्र बच्चा हुनेहरूलाई कस्तो शोक होला त ! अब तिमीले बुद्ध, धर्म, संघको शरणमा गई ३ वटा शील पालन गरेर बच्चाहरूलाई हरण नगर्ने हो भने मात्र तिम्रो छोरालाई फिर्ता ल्याइ दिन सक्छु नत्र सक्दिन ।" त्यसैगरी यक्षणीले बुद्धको वचन स्वीकार्दै अबदेखि अर्काको बच्चाहरूलाई पनि आफ्नै बच्चालाई जस्तै माया गरेर पालनपोषण गरेर राख्नेछु भनि जवाफ दिन्छिन् । त्यसपछि भिक्षुगणहरूले हारती यक्षिणीको कर्मफलको विषयमा सुन्ने इच्छा व्यक्त गर्दै बुद्धसँग प्रार्थना गर्दछन् । बुद्धका अनुसार यक्षिणी पूर्वजन्ममा यही नगरमा मन्मज्जा गर्दै रसरंगमा भुल्दै वन बगैचामा नृत्य गर्दै दुई जीउ भएको असाध्यै राम्री मृगनयनी भएकी युवती त्यहाँ भएका पुरूषहरूलाई इशारा गर्थिन् । आफू गर्भवती भएको होस नै नगरी कामवासना उत्पन्न भई त्यस समयमा गर्भपतन हुन थाल्दछ । त्यही बखत ती युवतीले टाढाबाट नै आफू भएको तिर हिँड्दै आएका प्रत्येकबुद्धहरुलाई देख्छिन् र धर्मचित्त उत्पन्न भइ आफूले कमाएको पैसाले ५०० वटा आँप प्रत्येकबुद्धलाई अर्पण गर्छिन् । त्यही पुण्यकर्मले गर्दा उनी अर्को जन्ममा यक्ष कुलमा जन्म लिन पुग्छिन् । यस यक्षणी पूर्वजन्ममा धर्ममा नै बसेकी भएता पनि केही शील पालन नगरेकीले बच्चाहरू हरण गर्ने चित्तको भइन् । फेरी प्रत्येकबुद्धलाई चित्त शुद्ध पारेर दान दिएकी हुँदा बच्चाहरूलाई रक्षा गर्ने र बुद्ध शासनको रक्षक भई स्थापित भइन् । हारती यक्षणीको पूर्वजन्मको कर्मफलको बारेमा बुद्धले भिक्षुहरूलाई शिक्षा प्रदान गरेको उल्लेख पाइन्छ ।

**श्रीस्वयम्भू महाचैत्य**मा उल्लेख भएअनुसार स्वयम्भूको ज्योतिलाई शान्तिकराचार्यले छोपी चैत्य बनाएको समयमा नै हारतीको मन्दिर बनाइएको भन्ने उल्लेख छ । त्यस्तै, 'श्रीस्वयम्भू महाचैत्य'मा हेमराज शाक्यले उल्लेख गरेअनुसार शान्तिकराचार्यले ब्रह्मा, विष्णु, महेश्वर, यम, वरुण, कुबेर, इन्द्र, अग्नि, नैऋत्य, वायव्य, इशान, चन्द्र, सूर्य, यम, तुषिता आदि देवभुवनबाट आएका सबै देवताहरूको सहयोग लिई स्वयम्भूको चैत्य निर्माण गर्दा स्वयम्भूको सबैभन्दा माथिल्लो उष्णीष चूडामणि (गजुर) ढल्केर बाङ्गो भई मिलाउन नसकेको अवस्थामा शान्तिकराचार्य पुरश्चरण बसी भगवान् बुद्धलाई सोधेको बेला हारतीको मन्दिर स्थापना नगरेको र हारतीलाई आह्वान नगरिएकोले त्यसो भएको जानकारी पाएपछि शान्तिकराचार्यले हारतीको मन्दिर त्यसै समयमा बनाएको हो भन्ने कुरा उल्लेख रहेको पाइन्छ।

**महावंश**मा उल्लेख भएअनुसार बुद्धको महापरिनिर्वाणको ३ महिनापछि पहिलो संघायन भयो, १०० वर्षपछि दोस्रो संघायन भयो, सम्राट अशोकको पालामा तेस्रो संघायन भयो । त्यस बेलासम्म बुद्ध धर्ममा १८ निकाय देखा परिसकेको थियो । बुद्ध धर्मको प्रचारको लागि सम्राट अशोकले विभिन्न देशमा बौद्धभिक्षु तथा उपासकहरूलाई धर्म प्रचारार्थ पठाउने क्रममा महादेव, रक्षित, धर्मरक्षित, महामहीन्द्र भद्रशालालाई काश्मिर पठाउँदा झरवाल सरोवरका नागहरू रिसाएर दुःख दिन खोजे । स्थवीरहरूले नागहरूलाई दमन गरे । त्यसबेला यक्ष, गन्धर्व आदि पनि ती स्थवीरहरूको शरणमा आए । त्यसैबेला पाञ्चिक र हारती पनि त्यहाँ आई फलफूल चढाई स्रोतापत्ति फल प्राप्त गरेका थिए भन्ने *'महावंश'*मा उल्लेख गरिएको कुरा *'हारती मां'* पुस्तकमा उद्धृत गरिएको छ । स्रोतापन्न फल प्राप्त गरिसकेपछि उनी बुद्धका प्रवचन सुन्न र सुनाउन सघाउने धर्मोपासिकाको रूपमा रहिन् । अरूलाई दुःख दिनु हुन्न, परोपकार र हितकारी बन्नुपर्छ भन्ने धारणा लिन पुगिन् ।

महायानी बौद्ध साहित्यहरूमा बुद्धले यक्षिणीलाई आफ्नो नियन्त्रणमा लिई रक्षिकाका रूपमा परिणत गरे भन्ने विषयमा एकरूपता पाइए तापनि बुद्धले लुकाएका हारतीको मनपर्ने बच्चाको नामको सम्बन्धमा भने विभिन्न ग्रन्थमा भिन्नता पाइन्छन् । 'हारती कल्पावदान'मा बच्चाको नाम प्रियंकर दिइएको छ। 'स्वयम्भू महाचैत्य'मा छोरा नभई छोरीको नाम आनन्दा दिइएको छ। बद्रीरत्न वज्राचार्यद्वारा सम्पादित 'हारतीकावदान कथा'मा छोराको नाम धनभाजु उल्लेख भएको छ । यो नाम वज्राचार्यद्वारा मात्रै उल्लेख नभई हारतीको स्तोत्रहरूमा नेपाली रचनाकारहरूले स्थानीयकरण गरी उल्लेख गरेको पाइन्छ।

## २.३ नेपाल मण्डलस्थित हारती माता

हारती मातालाई बौद्ध धर्ममा बुद्ध शासनका रक्षक भनि उल्लेख गरिएको पाइन्छ । त्यसैगरी हरेक बौद्ध विहारहरूमा हारती माता प्रतिस्थापन गरिएको देखिन्छ । बौद्ध विहारहरू बाहेक अन्य स्थानहरूमा पनि हारतीको स्थापना गरिने चलन रहिआएको क्रियासंग्रहमा उल्लेख भएको पाइन्छ । हाल अन्य मन्दिर परिसरमा, टोलमा, मानिसको घर-घरमा, आदि ठाउँहरूमा हारती माताको स्थापना भएको देख्न सकिन्छ । नेपाल मण्डलस्थित रहेका प्रख्यात हारती माताको मन्दिरको निम्नानुसार उल्लेख गरिएको छ ।

### २.३.१ स्वयम्भूस्थित हारती माता

स्वयम्भूस्थित हारती माता मन्दिरको इतिहास यकिनका साथ भन्न सक्ने अवस्था छैन । स्वयम्भू पुराणअनुसार शान्तिकराचार्यले नै हारती माताको मन्दिर स्थापना गरेको भनी उल्लेख भएता पनि ठोस प्रमाण भने पाइएको छैन । हारतीका अवधारणा र मूर्तिहरू कति पुरानो भन्ने प्रमाणित गर्ने साहित्यिक आधारहरू बाहेक प्रमाणित इतिहास भेटिएको छैन ।

भारतको मूर्तिकलाको इतिहासले हारती यक्षिणीलाई दोस्रो-तेस्रो शताब्दीसम्म पुऱ्याएको छ । कुषाणकालीन गान्धार क्षेत्रका मूर्तिहरूमा यक्षिणी हारतीसँग आठजना सन्तानहरू रहेका देखाइएका छन् भने कुषाणकालीन पाकिस्तानको मूर्तिमा तीनजना मात्र बच्चाहरू देखाइएको छ । तर नेपालमा हारतीसँग पाँचजना बच्चाहरू साथमा देखाउने गरिएको छ ।

उपत्यकाका हारतीहरूमध्ये सबैभन्दा महत्वपूर्ण र प्रख्यात हारती स्वयम्भूकी हारती हुन् । स्वयम्भू चैत्यको वायव्य कोणमा अवस्थित दुई तल्ले हारतीको मन्दिर तल्ले छानो शैलीमा बनेको छ । उक्त मन्दिर कहिले बन्यो भन्ने कुनै ठोस प्रमाण प्राप्त हुन सकेको छैन । हारतीलाई रक्षिका देवीको रूपमा लिपिबद्ध गरिएको 'पंचरक्षा' ग्रन्थमा पाइए तापनि मूर्तिहरू भने तेस्रो शताब्दीदेखि नै पाइएको कुरा बाङ्गदेलले उल्लेख गरेका छन् । उनले बालाजुको हारतीलाई तेस्रो शताब्दीका मानेका छन् (बाङ्गदेल, २०३९, पृ. ६६) । नेपालमा हारतीको अवधारणाको विकास भएको समयमा नै हारतीसँग पाँच सय सन्तान पनि छन् भन्ने जानकारी थियो । यसर्थ नेपालमा पाँच बच्चाहरूको साथमा हारतीलाई देखाउने गरिएको पाइन्छ । यही धारणासँग मिल्ने हारतीको प्राचीन मूर्ति पाटनका चपाल टोलमा देखिन्छ । यसमा पाँच

बच्चाहरूको साथमा रहेकी स्त्रीमूर्तिको दायाँबायाँ दुई बच्चाहरू र बायाँ हातले च्यापेको एक बच्चाको साथै पादपीठमा दुई बच्चाहरू अवस्थित छन् । पादपीठका बच्चाहरूको बायाँतर्फको बच्चाको साथमा एक जनावर रहेको छ । बच्चाहरूको आकृति त्यति स्पष्ट छैन । पाँच बालकहरूका साथ हारतीलाई देखाउने चलन भने चपाल टोलको मूर्ति बनेपश्चात् मात्रै देखिन्छ (वज्राचार्य, २०६६, पृ. २५) । स्वयम्भूको हालको मूर्ति वि.सं १८५६ पछि मात्र बनेको हो । नेपालमा बालाजु, स्वयम्भू र पाटनको चपाल टोलको मूर्तिलाई प्राचीन मूर्तिको रुपमा इतिहासकारहरुले लिने गरेका छन् ।

पृथ्वीनारायण शाहको आक्रमण पूर्व हारतीलाई सम्यकमा सहभागी गरिन्थ्यो वा गरिँदैनथ्यो भन्ने कुरा कतैबाट जानकारी पाइँदैन । तर १२ वर्षको सम्यकमा हारतीको मूर्ति नै भुइँखेलमा लग्ने गरिन्छ । सम्यकमा लगिने गरिएको हारतीको मूर्ति स्वयम्भूको हारतीको नापमा बनेको सुनको हारती कवच हाल स्वयम्भूको पुजारीसँग रहेको छ, जुन निकै खिइसकेको छ र त्यस कवचको पादपीठमा संवत् ९८६ साल फागुण २ सुदि लेखिएको छ (वज्राचार्य, २०६६, पृ. २५) । हेर्दा निकै पुरानो देखिने उक्त कवच पूर्णिमाका दिनहरूमा स्वयम्भूको हारती मूर्तिमा अहिले पनि लगाइने गरिन्छ । स्वयम्भूको भुइँखेलमा सम्यक पर्वको भोलिपल्ट मिसा सम्यक पर्व मनाउँदा हारतीलाई सबैभन्दा अगाडि बिराजमान गराई, ६ भाग राखेर मात्र अरूलाई सम्यक दान दिने कुराको उल्लेख भएबाट स्वयम्भूको हारतीको मन्दिरमा स्थापित पुरानो हारतीको मूर्ति सम्यक पर्वभन्दा अगाडिको हुनुपर्छ भन्ने अड्कल काट्न सकिन्छ । हाल मिसा सम्यकमा लगिने हारतीको मूर्तिको कवच ने.सं ९८६ फागुण २ को हो । तर सम्यक प्रथा भने ने.सं. ६९० देखि चलेको देखिन्छ । पहिला-पहिला सम्यक मनाउनेले सम्यक पर्व सकिएपछि एउटा चिन्ह स्वरूप मूर्ति बनाएर राख्नुपर्ने चलन थियो (व्यक्तिगत अन्तर्वार्ता : अशोक काजी बुद्धाचार्य, २०८२-०६-०१) । कवचमा ऐतिहासिक अभिलेख नभए पनि सम्यक पर्वसँग सम्बन्धित भएको आधारमा स्वयम्भूको हारतीको मूर्तिलाई पाँच-छ सय वर्ष पुरानो मान्न सकिन्छ ।

स्वयम्भूको हारतीको मूर्तिलाई रणबहादुर शाहले बिगारेका थिए । आफ्नी प्रिय रानी कान्तीवतीको मृत्यु भएपछि रिसले चूर भएका राजा रणबहादुरले स्वयम्भूको मूर्तिलाई हतियार प्रयोग गरी घात गरी मूर्दाझैँ चार जनालाई बोकाएर करबीर मसानमा फाल्न लगाएका थिए । मूर्तिलाई बिगारेको बेला हारतीको ढुङ्गाको मूर्ति पनि चुँइचुँइ कराएको थियो भन्ने कुरा देवमाला

वंशावलीमा उल्लेख छ (योगी, २०१८, पृ. ६७-६८) । रानीको शोकमा रिसले चूर भएका राजा रणबहादुरले हारतीको मूर्ति मात्र बिगारेको नभई शान्तिपुरमा समेत प्रवेश गरेर त्यहाँ पनि बिगार्न खोज्दा राजाले आँखा देख्न छाडे । विभिन्न किसिमले उपचार गर्दा पनि निको नभई ज्योतिषीहरूलाई देखाउँदा हारती अजिमाको दोष लागेको र पुनः पहिला जस्तै विधिविधान गरी मूर्ति निर्माण गरे आँखाले देख्नसक्ने बताएपछि उनले हारतीको मूर्ति स्थापना गरेका थिए (वज्राचार्य, २०६६, पृ. २७) । स्वयम्भूको हाल हारतीको मूर्ति स्थापना गरेको स्थानमा अझै पनि बिगारिएको मूर्तिको ढुङ्गाको अवशेष देख्न सकिन्छ । यस प्रमाणको आधारमा स्वयम्भूका हारतीको मूर्ति रणबहादुरले बिगार्नु पूर्व पनि त्यही आकारमा, उही मुद्रामा बनाइएको हुनुपर्छ भन्ने अड्कल गर्न सकिन्छ । स्वयम्भूको हारती सम्बन्धी असंख्य गीत, भजन, धारणीहरूबाट पनि स्वयम्भूमा अहिलेकै जस्तै मूर्ति भएको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ ।

मातृदेवीहरूलाई सम्पूर्ण परिवार र प्राणीहरूको कल्याण गर्ने संरक्षिका एवं सम्पूर्ण वस्तु वा पदार्थमा विद्यमान रहने देवीको रूपमा मानिन्छ । मातृदेवीहरूले सबै प्राणीहरूले गरेको प्रत्यक्ष वा अप्रत्यक्ष कार्यमा निगरानी राखेको हुन्छ भन्ने विश्वास गरिन्छ । हारतीलाई पनि त्यस्तै जीवित देवीको रूपमा लिइन्छ । सम्पूर्ण प्राणीहरूको पालनकर्ताको रूपमा हारती मानिसहरूमा प्रवेश गरी अन्याय गर्नेहरूलाई सजाय दिने र न्याय गर्नेहरूको कार्यमा साथ दिने गर्दछिन् भन्ने विश्वास गरिन्छ । हारतीलाई अन्य देवदेवीहरूभन्दा शक्तिशाली देवीको रूपमा लिने गरिन्छ । हारती मानिसको शरीरमा प्रवेश हुँदा द्यःमांको रूपमा रहन्छिन् । द्यःमांको शरीरमा प्रवेश गरेर अन्यायीहरूलाई सजाय दिन्छिन् भन्ने विश्वासबाट नै द्यःमां संस्कृति निर्माण भएको छ ।

मैतीदेवी र मालिगाँउका बासिन्दा स्वयम्भूमा गए पनि हारती माताको दर्शन गर्न हुँदैन भन्ने मान्यता रहेको पाइन्छ । नेवार समुदायको सांस्कृतिक पर्व गुंला जस्तो ठूलो पर्वमा पनि स्वयम्भू महाचैत्य परिसरमा सबै तिर घुम्छन् तर हारती माताको मन्दिरमा जाँदैनन् । यति मात्र नभएर उनीहरुले हारती माताको फूल प्रसाद पनि ग्रहण गर्न हुँदैन भन्ने मान्यता रहेको पाइन्छ । यदि त्यहाँका कुनै मुनिकारले हारती माताको फूल प्रसाद ग्रहण गरेमा ती व्यक्ति बिरामी हुन्छ भन्ने मान्यता रहेको पाइन्छ (व्यक्तिगत अन्तर्वाता : डा. सन्ध्या खनाल, २०८२/०४/२७) ।

### २.३.२ बालाजुस्थित हारती माता

बालाजुस्थित हारती माताको मूर्ति दुई तल्ले मन्दिर भित्र स्थापना गरिएको छ। हारती माताको मूर्ति ढुंगामा कुँदिएको छ। यस मूर्तिलाई चौथो शताब्दीको मान्ने गरिन्छ (बाङ्गदेल, २०३९, पृ. ६५)। उक्त मूर्तिमा हारती माताले कमलको बिउ समातेकी छिन्। अन्य हारती माताको मूर्तिहरु भन्दा बालाजुको हारती माताको मूर्ति अलि फरक नै देखिन्छ। यस मूर्तिमा हारती माताले एक जना बच्चालाई दुध खुवाएको जस्तै छातीमा टाँसेर बोकेको छ। दुईवटै खुट्टा तल राखेर प्रलम्बपादासनमा बसेकी छिन् भने मूर्तिका धेरैजसो भागहरू खुइलिसकेको छ। उक्त मूर्तिमा बायाँ हातले च्यापेको बच्चाको अनुहार पनि अष्पस्ट रहेको देखिन्छ। मूर्तिको दायाँबायाँ स-सानो र पितलको ढलौट सिंहहरू रहेका छन् भने ढुंगाको तोरणमा पनि सोही हारती माता कै चित्रण गरिएको छ। हाल उक्त तोरणलाई पनि पितलमा सुन लेपन गरिएको देखिन्छ। मूर्तिको अगाडी एउटा पितलको मण्डल राखिएको छ। मन्दिरको प्रवेशद्वार माथि भित्रको तोरणको मूर्ति जस्तै काठमा कुदिएको तोरण रहेको देख्न सकिन्छ। यस मन्दिरमा *ल्हुँति पुन्हि*को दिन मेला लाग्ने गर्दछ। यस दिनमा नरदेवीबाट मानिसहरू पूजा आउने गर्दछन्। *गथामुग*को एकदिन अघि पनि यस मन्दिरमा श्रीघःबाट भक्तजनहरू पूजा गर्न आउने गर्दछन्। स्थानीयको भनाइ अनुसार यस मूर्तिलाई पोखरीमा फेला पारेको भन्ने भनाइ रहेको छ। स्थानीहरुल यस स्थानमा रहेको मूर्तिलाई *प्याथः अजिमा* भनेर पूजा गर्ने गरेको पाइन्छ। यस मन्दिरको परिसरमा अन्य थुप्रै हिन्दू देवताहरूको मूर्तिहरू, बुद्ध, लोकेश्वर मूर्ति, बौद्ध चैत्यहरू, भजनघर इत्यादी रहेको देख्न सकिन्छ।

### २.३.३ पाटनको चपाटोलस्थित हारती माता

पाटनको चपाटोलमा हारती-शीतला देवीको एउटा मूर्ति रहेको छ। हारती-शीतलाको मूर्ति एउटा घरको पछिल्तिरको सानो चोकमा रहेको हुनाले त्यहाँ धेरै मानिसहरु जाने गरेको पाइँदैन। किनभने त्यहाँको हारती-शीतला देवीको विषयमा त्यहाँ वरिपरि बस्नेहरुलाई मात्र थाहा छ। यस मूर्तिको अनुहार राम्रोसँग चोइटिएको छ। करीब पैतीस वर्षअघि एकजना भक्तले कति पटक हारती-शीतला अजिमाको पूजा गर्दा पनि आफ्ना सबै बच्चाहरु भकाभक मरेको देखेर रिसले त्यही हारती-शीतला अजिमाको मुखमा ढुङ्गाले प्रहार गरी त्यस मूर्तिको मुखै बिगारिदिएको भन्ने स्थानीयहरुको भनाइ रहेको छ (बाङ्गदेल, २०३९, पृ. ६५)। यस मूर्तिमा बच्चाहरुको साथमा रहेकी नारीमूर्तिको दायाँबायाँ दुई बच्चाहरु र बायाँ हातले च्यापेको

एक बच्चाको साथै पादपीठमा दुई बच्चाहरु अवस्थित छन् । पादपीठका बच्चाहरुको बायाँतर्फको बच्चाको साथमा एक जनावर रहेको छ । बच्चाहरुको आकृति त्यति स्पष्ट छैन । पाँच बच्चाहरुका साथ हारतीलाई देखाउने चलन भने चपाटोलको मूर्ति बनेपश्चात् मात्रै देखिन्छ (वज्राचार्य, २०६६, पृ. २५) । चपाटोलको हारतीको मूर्तिलाई बाङ्गदेलले हारती-शीतला भनी उल्लेख गरेको छन् ।

## २.३.४ श्रीघः विहारस्थित हारती माता

श्रीघः विहार चैत्यको वायव्य कोणमा अवस्थित हारतीको मन्दिर स्वयम्भूको मन्दिर जस्तै देखिन्छ । उक्त मन्दिर पनि दुई तल्ले पित्तलको छाना राखेर निर्माण गरिएको छ । मन्दिरलाई बाहिरबाट फलामको रेलिङ्गले घेरिएको छ । उक्त रेलिङ्ग श्री पृथ्वीबहादुर शाक्यले राखेको भन्ने रेलिङ्गमा कुँदिएको नामबाट स्पष्ट हुन्छ । मन्दिरको अग्रभागमा दायाँबायाँ दुई सिंह रहेका छन् । मन्दिरभित्र पाँच बालकहरू सहित बसेकी हारती माताको मूर्ति रहेको छ । मूर्तिको दायाँबायाँ खम्बाहरू रहेका छन् भने त्यहाँ दायाँबायाँ पित्तलका सिंह राखिएका छन् । उक्त मूर्तिलाई पनि स्वयम्भूको हारतीको मूर्तिमा जस्तै मण्डप बनाएर राखिएको छ । उक्त मण्डप पनि पित्तलको नै छ । मन्दिरको ढोका पनि पित्तलको नै हो, जसले गर्दा पूरै मन्दिर र मूर्ति निकै आकर्षक देखिन्छ । हारतीको मूर्तिको दायाँपट्टि २३ हरफको एउटा शिलालेख रहेको छ । शिलालेख राजा सुरेन्द्रको पालामा स्थापित गरिएको हो । यस मन्दिरको जिर्णोद्धार गर्ने व्यक्ति चूकन गलका शाक्य भिक्षु जुजुनरसिंह हुन् (वज्राचार्य, २०६६, पृ. ४१) । मन्दिर ने.सं. ९८८ आषाढमा सुरु गरेर ९८९ बैशाखमा पूरा भएको अभिलेखबाट स्पष्ट हुन्छ । यस मन्दिरको उत्तरपट्टि अथवा पछाडिपट्टि काठको रमणीय तोरण छ, जसमा ने.सं. ९८९ (वि.सं. १९२६) लेखिएको छ । यसबाट उक्त तोरण जिर्णोद्वार गर्दा चढाइएको भन्ने स्पष्ट हुन्छ । यस मन्दिरमा पनि स्वयम्भूमा जस्तै पालो बस्ने, नित्य पूजा गर्ने, छ्याह्र्याके पूजा गर्ने जस्ता पूजाआजा विधिवत नै रहिआएको पाइएको छ । श्री शान्तिघट चैत्य निर्माण भएको केहि समय पछि नै हारती माताको मूर्ति स्थापना भएको कुरा स्थानीयहरुबाट जानकारी भएको हो ।

## २.३.५ पाटनको कुम्भेश्वरस्थित हारती माता

ललितपुर उपमहानगरपालिका वडा नं २२ को बंगलामुखी मन्दिरको पश्चिम दिशामा एक तल्ले मन्दिरभित्र हारतीको मूर्ति रहेको छ । स्वयम्भूको मूर्तिसँग मिल्ने यहाँको हारतीको

मूर्तिमा पनि हारतीसँग पाँच बच्चाहरू रहेका छन् । मूर्तिको पादपीठमा देवनागरी लिपिमा अभिलेख राखिएको छ, जुन अबीर र पानीको कारणले अस्पष्ट छ । मूर्तिको सिरानीमा बुद्धका तीनवटा मूर्तिहरू छन् । मूर्ति दक्षिणाभिमुख छ । मन्दिरको प्रवेशद्वारमा दुईवटा सिंह रहेका छन् । मन्दिरको खापा कलात्मक रूपमा बनेको छ । खापा तीन तहमा बनेका छन् । पहिलो तहमा पानीबाट बचाउने उद्देश्यले पित्तलले मोडेर कलश कुँदिएको छ । पहिलो तहमा चन्द्र-सूर्य अंकित गरिएको, दोस्रो तहमा देवताको मूर्ति र तेस्रो तहमा कलश रहेका छन् । मन्दिरको चारैतिर करिब दुई फुट जति माथि उठाएर काठको घेरा बनाई बत्ती बाल्ने उद्देश्यले पालाहरू राखिएका छन् । ढोकाको अगाडि पित्तलले मोडेको मण्डप रहेको छ । ढोकाको ठीक माथि एउटा काठको तोरण रहेको छ, सो तोरणमा सबैभन्दा माथि छेपु, पंचरक्षा देवी, गणेश र कुमारको मूर्ति कुँदिएको छ । टुँडालहरूमा पनि अष्टमातृकाको मूर्तिहरू कुँदिएको देख्न सकिन्छ । मन्दिर भित्र हारती माताको मूर्ति भने स्वयम्भूको हारती माताको मूर्तिसँग हुबहु मिल्दछ । यसले पनि अनुमान लगाउन सकिन्छ कि यस मूर्ति स्वयम्भूको हारती माताको भन्दा पछि बनेको हुन सक्छ । मूर्तिको पादपीठमा अभिलेख भने स्पष्ट छैन । मूर्तिको माथि बुद्धको मूर्ति कुँदिएको देख्न सकिन्छ ।

## २.३.६ सानेपास्थित हारती माता

ललितपुर जिल्ला वडा नं. २ शान्तिपाखा, सानेपामा अवस्थित यस हारती माता तीन तल्ले नेपाली शैलीको मन्दिरमा विराजमान भएकी देखिन्छन् । यस ठाउँमा पनि स्वयम्भू चैत्य स्थापना गरी चैत्यको वायव्य कोणमा हारती माताको मन्दिर स्थापना गरिएको देखिन्छ । दक्षिणभिमुखी प्रवेशद्वार रहेको यस मन्दिर हालसालै मात्र वि.सं. २०६६ सालमा नवनिर्मित भएको पाइन्छ । यहाँको मूर्ति स्वयम्भूको हारती माताको जस्तै रहेको र सोहि मूर्तिमा नै जिलंमय्जु उभिरहेकी एक बच्ची कुँदिएको छ । मन्दिरको प्रवेशद्वार माथि पंचरक्षा काठको तोरण सहित बज्रसत्व, अमितायुष, बज्रधर, गणेश, र क्षेपू, नागकन्या, हिटीमंगा आदि राखी कलात्मक शैलीमा कुँदिएको देखिन्छ । यस मन्दिरमा हावा आसपासको लागि हरेक तल्लामा आँखीझ्याल राखिएको छ । मन्दिरको टुँडालहरूमा षोडशलाश्य माताहरू, गजुरमा पताका आदि सामग्रीले मन्दिर निकै आकर्षित बनाएको देखिन्छ । यस मन्दिरमा पनि स्वयम्भू हारती माताको मन्दिरमा जस्तै छाहाय्के पूजा गरिने चलन रहेको देखिन्छ यस मन्दिरको परिसरमा विभिन्न माता देवताहरूका मूर्तिहरू राखिएका देखिन्छन् ।

हाल निर्मित तीनतल्ले हारतीको मन्दिरभित्र ६ बच्चाहरूका साथ पाँचफणा भएको नागले रक्षित, कमलको आसनमा विराजमान भई दायाँ हात वरद मुद्रामा र बायाँ हातले बच्चा समाती ललितासनमा बसेकी हारती देखिन्छन् । अन्य हारतीको मूर्तिभन्दा आकार अलि ठूलो र दायाँबायाँ तीन-तीन गरी ६ जना बच्चाहरूको साथमा रहेकी हारतीको मूर्ति यहाँ स्थापना गरिएको छ ।

## २.३.७ पशुपतिनाथ मन्दिर प्राङ्गणमा रहेको शीतला अजिमा

पशुपतिनाथ मन्दिरको दक्षिणी प्राङ्गणमा कीर्तिमुख भैरवसँगै दक्षिणतिर शीतलाको तले शैलीको एउटा सानो मन्दिर रहेको छ । त्यसैमा शीतलाको प्रतिमा राखिएको देखिन्छ । यो मन्दिर दुई तले तर करिब ६ फिटजति मात्र अग्लो देखिन्छ । यसमा दुई बाहुकी अजिमा सुखासनमा बायाँ खुट्टा दोबारेर तथा दायाँ खुट्टा भने आधाजति आसनमुनि झारेर बसेको अवस्थामा छन् । करिब डेढ फिटजति अग्लो यो मूर्तिले देब्रे काखमा बच्चा राखेर समाइरहेको देखाइएको छ । हाल भने माताले बोकेको बच्चाको आकृति खण्डित भएको देखिन्छ (पशुपति क्षेत्र विकास कोष, २०७७ ,पृ. ६३) ।

## २.४ हारती माता र शीतला देवी

उपत्यकामा हारतीको रूपमा शीतलालाई पनि लिइन्छ । हारतीको प्रतिमूर्ति स्वरूप शीतलाको पूजा गर्ने चलन पनि उपत्यकामा छ । खटिरा आएमा वा बच्चाहरू बिरामी हुँदा हारतीलाई पूजा गरिन्छ । त्यसैगरी शीतलालाई पनि हारतीको स्वरूप मानेर पूजा गर्ने गरिन्छ । भक्तपुरमा बच्चाहरूको रोग निको पार्नको लागि हनुमानघाटस्थित शीतलालाई पूजा गरिन्छ । हारतीलाई मैजुदेवी, शीतला माजु, अजिमा द्यः र हारती माजु पनि भनिन्छ । हिन्दु र बौद्ध दुबै सम्प्रदायको लोकप्रिय देवी हारती आस्थाको केन्द्र मानिन्छ । हिन्दुहरू त्यही देवीलाई शीतला र बौद्धहरू त्यही देवीलाई हारती देवीको रूपमा मान्दछन् ।

नेपालमा हारतीलाई अजिमा द्यःको रूपमा प्रस्तुत गरिन्छ । अजिमा भन्नाले अभिभावकको भूमिका निर्वाह गर्ने परिवारको जेष्ठ महिला भन्ने बुझिन्छ । नेवार समुदायमा जेठोको निकै ठूलो परिवारिक जिम्मेवारी रहेको हुन्छ । परिवारको स्याहार-सुसार गर्ने देखि लिएर परिवारलाई समृद्ध बनाउने, रोग, भय र त्रासबाट मुक्ति दिने पनि अभिभावकको जिम्मेवारी हुन्छ । त्यसैले अजिमा वा हारतीलाई पारिवारिक देवीको रूपमा पूजा गरेर परिवारका

बालबच्चाको रेखदेख मात्र नभई सम्पूर्ण परिवारकै समृद्धिको जिम्मा दिइएको छ । यसकारण हारतीलाई सकल प्राणीको हेरविचार गर्ने र जगत्‌जननीको रूपमा हरेक संस्कार पूजामा सहभागी बनाउने गरेको देखिन्छ । बालबच्चाको जिम्मा दिने, रोग निर्मूल गर्ने, विभिन्न किसिमको संकट निर्मूल पार्ने, व्यापार बढाइदिने, मेलमिलाप गराउने, सन्तान जन्माइदिने, रोग, भय, त्रास र सन्निपात निर्मूल गरिदिने देवीको रूपमा हारतीलाई स्थापित गरिएको छ ।

हिन्दु धर्ममा शीतलालाई बालबच्चाको रक्षा गर्ने र बिफर रोग निको पार्ने देवीको रूपमा लिइन्छ । शीतला 'शीतल' शब्दबाट बनेको हो, जसको अर्थ चिसो, गर्मीलाई निर्मूल पार्नु भन्ने हुन्छ । शीतलाको शरणमा आउनेहरू खटिराबाट टाढा रहन्छन्, त्यसबाट रक्षा हुन्छ र रोग हटेर जान्छ भन्ने विश्वास हिन्दु धर्मावलम्बीहरूमा रहेको पाइन्छ ।

नेपालमा महायानी बौद्ध धर्मको विकास भएपछि बौद्ध देवी हारतीको र शीतला देवीको पनि दार्शनिक पक्ष एकैजस्तो देखिएकोले कालान्तरमा नेपालमा हारती र शीतला दुवै एउटै प्रयोजनको लागि पूजा गर्ने गरिएको देखिन्छ । सुरतवज्र वज्राचार्यले रचना गरेको चर्यागीतमा "भुगुती मुगुती दायिनी देवी हारती, विस्फोटक भयनाशिनी श्री शीतला देवी" भनेर हारतीलाई शीतला देवी भनी उल्लेख गरिएको छ (वज्राचार्य, २०६६, पृ. ८४) । उपत्यकामा बच्चाहरू बिरामी हुँदा र बिफर आउँदा शीतला र हारती दुबैको पूजा गर्ने गरेको पाइन्छ । हाल आएर भने शीतला र हारती दुवै देवीलाई एकै रूपमा लिने गरेको पाइन्छ । पहिला पहिला शीतला र हारतीको छुट्टै अवधारणा थियो ।

हिन्दू धर्मावलम्बीहरूले हारतीलाई पनि शीतलाको नामले पुकारेको पाइन्छ । शीतला र हारती दुवैलाई बिफर र बालकहरूको रक्षाको माता मानिएको देखिन्छ । एउटै मूर्तिलाई बौद्ध धर्ममा हारती र हिन्दू धर्ममा शीतलाको रूपमा पुजिएकी भएता पनि भक्तजनहरूको आस्था र विश्वास भने निरन्तर रूपमा रहि आएको छ । हारती मातालाई बौद्ध धर्ममा बुद्ध कालिनको देवीको रूपमा प्रस्तुत गरेका छन् । बच्चाहरूको भक्षकबाट रक्षक भएका देखिन्छन् । हारती मातालाई मूर्तिकलामा देखाउँदा पाँचवटा बच्चाहरू वरिपरी राखेर निर्माण गर्ने प्रचलन रहेको छ । हिन्दू धर्ममा शीतलालाई बिफर र बच्चाहरूको रक्षक देवीको रूपमा प्रस्तुत गरिएको छ । भारतमा शीतलालाई रिसाहा देवता र ज्वरोको देवतासंग देखाईने प्रचलन रहेको पाइन्छ । गाउँको देवता रिसाए रोग लाग्ने र मानिसहरू बिरामी हुने गर्दछन् त्यसैकारण शीतलाको पूजा गरेपछि रोग निको हुने जनधारणा रहेको पाइन्छ ।

# अध्याय तीन

# हारती माता मन्दिरको मूर्त सांस्कृतिक सम्पदा

मानवबाट सृजित सम्पदा सांस्कृतिक सम्पदा हो । सांस्कृतिक सम्पदा मानवको संस्कृति सँग सम्बन्धित हुन्छ। मूर्त सांस्कृतिक सम्पदा भन्नाले आँखाले देख्न सकिने वा छुन सकिने वस्तु पर्दछन्। मठ, मन्दिर, विहार, राजदरबार, आवासीय घर, ढुङ्गेधारा, सत्तल, पाटी आदि वास्तुसंरचना, देवीदेवताका प्रतिमा, तिनका वाहन, आयुध, शालिक तथा विविध जनजातिसँग सम्बन्धित परम्परागत भेषभूषा, भाँडा वर्तन, आभुषण, औजार, वाद्यवादनका सामग्री आदि मूर्त सांस्कृतिक सम्पदा हुन् । मानवका परम्परा, चालचलन, रितिरिवाज, स्मारक, कलावस्तु, आवास, सीप आदि सांस्कृतिक सम्पदा हुन् । मूर्त सांस्कृतिक सम्पदा कुनै पनि संस्कृतिसँग प्रत्यक्ष रुपमा सम्बन्धित हुन्छन् र तिनीहरु एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गरिएका हुन्छन् (खतिवडा, २०८१, पृ. ६) ।

काठमाडौं स्वयम्भूस्थित हारती माता मन्दिरको प्राङ्गण मूर्त सांस्कृतिक सम्पदाले भरिपूर्ण रहेको छ । यस अध्यायमा स्वयम्भूस्थित हारती माता मन्दिरको वास्तुकला, हारती माताको मूर्ति, हारती माता मूर्तिको प्रतिमालक्षण, अभिलेख तथा मूर्त सांस्कृतिक सम्पदाको विषयमा खोजी गरिएको छ ।

## ३.१ हारती माता मन्दिरको वास्तुकला

काठमाडौं उपत्यकाका हारती माताहरूमध्ये सबैभन्दा महत्वपूर्ण र प्रख्यात स्वयम्भूकी हारती माता हुन्। स्वयम्भू चैत्यको उत्तर-पश्चिम कोणमा अवस्थित दुई तल्ले हारती माताको मन्दिर छाने शैलीमा बनेको छ । दक्षिणाभिमुखी रहेको यस मन्दिरको हरेक कुनामा बुट्टाहरूले सजाइएको कारण मन्दिर निकै नै कलात्मक शैलीमा बनेको देखिन्छ । मन्दिरको चारै दिशामा सुनौलो रङका तोरणहरू पाइन्छन्। यस मन्दिरको गजुरमा स्वयम्भू महाचैत्यको आकारको चैत्य प्रतिस्थापन गरिएको छ ।

मन्दिरको अग्रभागमा तीनवटा तोरणहरू रहेका छन् । दायाँबायाँ दुई झण्डा रहेका छन् । गजुर सुनले मोलम्बा गरिएको छ । दुई तल्ले छानाको बिचमा पाताले मोडिएको छ ।

मन्दिर भित्रको हारतीको मूर्ति कालो ढुङ्गाबाट बनेको छ, दायाँ तीन र बायाँ दुई बच्चाहरू रहेका छन् । हारतीको मूर्तिलाई भित्र मण्डप बनाइ राखिएको छ ।

मन्दिरको बाहिर मात्र तोरण नभई भित्र पनि ३ ओटा तोरणहरू रहेका छन् । भित्रको मूल तोरण र पूर्व मोहोडामा फर्केको वज्रसत्वको तोरण चाँदीको र पश्चिम फर्केको पञ्चबुद्धको तोरण तामामा सुनलेपन गरिएको पाइन्छ । बाहिरजस्तै भित्र पनि चाँदीको ३ तल्लेको मन्दिर बनाइएको छ । मन्दिर भित्र पाँच सन्तान सहित हारती माताको मूर्ति देख्न सकिन्छ ।

मन्दिरको सबै भन्दा उच्च भागमा चँदुवा राखिएको छ । उक्त चँदुवामा पञ्चबुद्ध र वज्रसत्व रहेको पाइन्छ । मन्दिरको भित्र पनि बाहिर जस्तै चार दिशामा चतुर्महाराजहरू धृतराष्ट्र, विरुपाक्ष, विरुढक र वैश्रवणको काठको मूर्ति राखिएको देख्न सकिन्छ । मन्दिरको बायाँपट्टिको खाली ठाउँमा हाल दुईटा सेफ राखिएको छ । उक्त सेफमा मन्दिरको सरसामग्रीहरू राख्न प्रयोग गरिएको देख्न सकिन्छ । मन्दिरको बायाँ पट्टि भुइँमा एउटा जलकुण्ड पनि रहेको देख्न सकिन्छ, जुन जल भक्तजनहरूलाई प्रदान गरिन्छ । दायाँपट्टि भने रातीको *चापूजा* गर्नको लागि ठाउँ खाली नै छोडेको पाइन्छ । मन्दिरभित्र टायल जस्तै कालो ढुङ्गा छापिएको छ । यसरी हेर्दा स्वयम्भूस्थित हारती माताको मन्दिर निकै नै कलात्मक रूपमा बनाइएको देखिन्छ ।

## ३.१.१ मन्दिरको कलात्मक भित्ता

हारती माता मन्दिरको चार कुनामा अष्टमंगलको आकृति रहेको चार वटा चाँदीका खम्बा रहेका छन् । दक्षिण-पश्चिम कुना र दक्षिण-पूर्वी कुनामा रहेको चाँदीको स्तम्भमा दुई पातामा नै अष्टमंगलको चिह्न अंकित गरीएको छ भने पश्चिम-उत्तर र पूर्व-उत्तरमा रहेको चाँदीको स्तम्भमा एउटा पातोमा अष्टमंगल र अर्को पातोमा विभिन्न बुट्टा कुँदिएको छ । साथै, चारै कुनामा रहेको चाँदीको स्तम्भको ठीक माथि सिंहको शिर र त्यसको माथि गरुडको शिर राखिएको छ । यो चारै दिशामा गरी आठ वटा रहेको छ ।

हारती माता मन्दिरको दक्षिण तर्फ मूल प्रवेशद्वार रहेको छ । मूल प्रवेश द्वारमा भित्र र बाहिर गरी दुई वटा ढोका रहेका छन् । सुनले मोलम्बित ढोकामा चाँदीको अष्टमंगल अंकित रहेको छ । दक्षिण दिशाको भित्तामा तीन वटा तोरण रहेको छ । बिचको तोरणको तल मुख्य प्रवेशद्वार रहेको छ । प्रवेशद्वारको ठीक माथि प्रत्यालिढासन मुद्रामा एउटा सानो मूर्ति छ । ढोकाको दायाँ र बायाँ रहेको आँखी झ्याल आधा छोपिने गरी चाँदीको कलात्मक बुट्टा

कुँदिएको पातामा पाँच वटा काठका प्रार्थना चक्र (माने) दायाँ र पाँच वटा धातुको प्रार्थना चक्र (माने) बायाँ राखिएको छ । बायाँ रहेको पञ्चबुद्धको बिच-बिचको भागमा साना-साना मानव मूर्ति रहेको छ। ती मूर्तिहरु विभिन्न आसनमा बसेका छन्। दुवै तिरका प्रार्थना चक्र (माने) मा रञ्जना लिपीमा *"ओम मणि पद्मे हुँ"* का साथै अभिलेख पनि राखिएको छ । भित्ताको माथिल्लो भागमा कलात्मक फूलबुट्टा र विभिन्न मुखाकृतिले सजिएको छ।

हारती माता (चित्र नं. १९) मन्दिरको पश्चिम तर्फको भित्तामा तीन वटा आँखी झ्याल बनाइएको छ । बिचमा रहेको आँखीझ्यालको माथिल्लो भाग र तोरणको तल्लो भागको बिचमा ललितासनमा रहेको एउटा सानो मूर्ति छ । दायाँ हातलाई दायाँ घुँडा माथि वरद मुद्रामा र बायाँ हात छातीको समतल सम्म लगेर ज्ञान मुद्रामा रहेको छ। बिचको झ्यालको दायाँ र बायाँ तल सम्म तीन-तीन वटा चाँदीको स्तम्भ रहेको छ । स्तम्भ विभिन्न बुट्टाले सजिएको छ । झ्यालको तल्लो भाग ईंटाको आकारले बनाइएको छ । बिचको झ्यालको तल *'मानन्धर दशर्मी सेवा गुठी स्थापना मिति ने.सं. १०३३'* भनेर लेखिएको छ। चाँदीको स्तम्भको सबै भन्दा तल प्रस्तरको सानो सिंह रहेको छ । दायाँ बायाँ रहेको आँखीझ्याल आधा छोपिने गरी चाँदीको कलात्मक बुट्टा कुँदिएको पातामा पाँच-पाँच वटा तामाका प्रार्थना चक्र (माने) राखिएको छ । प्रार्थना चक्र (माने) मा रञ्जना लिपीमा *'ओम मणि पद्मे हुँ'* लेखिएको छ। यसै प्रार्थना चक्र (माने) को माथि दुवै पट्टि साना-साना पाँच वटा काठका पञ्चबुद्धको मूर्ति रहेको छ। भित्ताको माथिल्लो भागमा कलात्मक फूलबुट्टा र विभिन्न मुखाकृतीले सजाइएको छ।

हारती माता (चित्र नं. १८) मन्दिरको उत्तर तर्फको भित्तामा बिच भागमा खोल्न नमिल्ने सुनले मोलम्बित गरेको ढोका रहेको छ। ढोकामा विभिन्न कलात्मक चित्रका साथै अष्टमंगलको चित्र आदि पनि कुँदिएको छ । यस ढोकाको सबैभन्दा तल दुवै छेउमा प्रस्तरका साना-साना सिंहको मूर्ति रहेको छ। ढोकाको बिच भागमा एउटा लाम्चो आकारको प्वाल (देवदेवी भित्र जाने र बाहिर निस्कनको लागि) रहेको छ। प्वालको तल दोहोरो कमलको फूल माथि पूर्ण कलशको आकृति रहेको छ। प्वालको माथि पनि ऊर्ध्व कमल बनाइएको छ। कमललाई आसन बनाएर त्यसको माथिबाट अग्नियुक्त ज्वालावली बनाएर राखिएको छ । ज्वालावलीको बिच भागमा खड्गको आकृति रहेको छ। खड्गको तल्लो भागको दायाँ र बायाँ एक-एक वटा कोपिला (उत्पल) रहेको छ । खड्गको टुप्पोको माथि *ज्वालान्ह्याकं* बनाएर

त्यसको दायाँ र बायाँ लहरा जस्तो झारिएको छ । ज्वालावलीको बाहिरी भागको माथिल्लो भागमा छत्र आकारको गजुर बनाएर राखिएको छ। ढोकालाई तीन भागमा विभाजन गरिएको छ । ढोकामा अष्टमंगल सहित अन्य पाँच वटा चिह्न गरी १३ वटा चिह्नहरु रहेका छन् । ढोकाको तल्लो भागमा कलशको आकृति सहित ढोकाको दायाँ भागको तल छत्र र माथि चमर रहेको छ भने बायाँ भागमा तल शङ्ख र माथि मत्स्ययुग्म रहेको छ। ढोकाको बिचमा रहेको लाम्चो प्वाल देखि माथि ज्वालावली भित्र एउटा खड्ग रहेको छ। यस भागमा खड्गको दायाँ तल्लो भागमा ध्वज, बिचको भागमा श्रीवत्स र माथिल्लो भागमा फूलको आकृति रहेको छ भने बायाँ भागको तल्लो भागमा पूर्ण कलश, बिचको भागमा पद्म र माथिल्लो भागमा विश्ववज्र रहेको छ ।

ढोकाको माथिल्लो भागमा बिचमा फूलको आकृती र दायाँ भागमा फक्रिएको फूल छ भने बायाँ भागमा वज्रको आकृति रहेको छ । ढोकामा अष्टमंगल सहितका अन्य पाँच वटा चिह्नहरुमा पुष्पलता रहेको छ । ढोकाको माथिल्लो भागमा एक हरफको प्रचलित नेवारी लिपिमा अभिलेख रहेको छ। ढोकाको माथिको भागमा बाहिर पट्टि निस्केको कलात्मक पाता रहेको छ। खड्गको माथि दर्पणको आकृति रहेको छ। ढोकाको दायाँ, बायाँ र माथि अग्निको लप्कायुक्त ज्वालावली बनाइएको छ । ढोकाको चौकोस बुट्टा सहितको बनाइएको छ भने चौकोसको छेउ छेउमा अर्को अग्निको लप्कायुक्त ज्वालावली बनाइएको छ। ढोकाको माथि र तोरणको बिचमा रहेको चौकोसको बिच भागमा एउटा सानो मूर्ति हुनु पर्नेमा हाल नरहेको अवस्थामा छ।

ढोकाको दुवै छेउमा चाँदीको मोलम्बित दुई वटा स्तम्भ रहेको छ। स्तम्भलाई विभिन्न आकार लिएर कलशको आकृती पनि बनाइएको छ । यस उत्तर दिशाको भित्तामा झ्याल राखिएको छैन । बाँकी रहेको भित्ताको भागमा ईंटाको आकार दिएर बनाइएको छ । यस ढोकाको दायाँ र बायाँ पाँच-पाँच वटा प्रार्थना चक्र (माने) (चित्र नं. १२) राखिएको छ । प्रार्थना चक्र (माने) लाई चाँदीको कलात्मक बुट्टा युक्त थाममा राखिएको छ। प्रार्थना चक्र (माने) मा रञ्जना लिपीमा *'ओम माणि पद्मे हुँ'* लेखिएको छ। भित्ताको दुवै छेउमा चाँदीको मोलम्बित एक-एक वटा स्तम्भ रहेको छ। स्तम्भलाई विभिन्न आकार दिएर कलशको आकृती पनि बनाइएको छ। यस चाँदीको स्तम्भको सबैभन्दा तल प्रस्तरको सानो सिंहको मूर्ति रहेको

छ। भित्ताको माथिल्लो भागमा कलात्मक फूल, विभिन्न जनावरको मुखाकृतिहरुले उत्तरतिरको भित्तालाई मनमोहक बनाएको देखिन्छ।

हारती माता मन्दिरको पूर्व तर्फको भित्तामा तीन वटा आँखीझ्याल बनाइएको छ। बिचमा रहेको आँखीझ्यालको माथिल्लो भाग र तोरणको तल्लो भागको बिचमा ललितासनमा रहेको एउटा सानो मूर्ति रहेको छ। दायाँ हातलाई दायाँ घुँडा माथि वरद मुद्रामा र बायाँ हात छातीको समतल सम्म लगेर ज्ञान मुद्रामा रहेको छ। बिचको झ्यालको दायाँ र बायाँ तल सम्म तीन-तीन वटा चाँदीको स्तम्भ रहेको छ। स्तम्भ विभिन्न बुट्टाले सजिएको छ। झ्यालको तल्लो भाग ईंटाको आकारले बनाइएको छ। बिचको झ्यालको तल *'श्री जय श्री हारती माता शरण, चैत्य रत्न तुलाधर, सुर्य तुलाधर व सकल तुलाधर परिवार पाखें देछा'* भनी लेखिएको छ। चाँदीको स्तम्भको सबैभन्दा तल प्रस्तरको सानो सिंह रहेको छ। यस भित्ताको सबै भन्दा तल्लो दुई कुनामा पनि प्रस्तरको सानो सिंह रहेको छ। दायाँ बाँया रहेको आँखीझ्याल आधा छोपिने गरी चाँदीको कलात्मक बुट्टा कुँदिएको पातामा पाँच-पाँच वटा तामाका प्रार्थना चक्र (माने) राखिएको छ। प्रार्थना चक्र (माने) मा रञ्जना लिपीमा *'ओम मणि पद्मे हुँ'* लेखिएको छ। यसै प्रार्थना चक्र (माने) को माथि दुवै पट्टि साना-साना पाँच-पाँच वटा काठका पञ्चबुद्धको मूर्ति रहेको छ। भित्ताको माथिल्लो भागमा कलात्मक फूल बुट्टा र विभिन्न मुखाकृतीले सजिएको छ।

## ३.१.२ झ्याल तथा ढोका

हारती माता मन्दिरको दक्षिण तर्फ मूल प्रवेश द्वार रहेको छ। मूल प्रवेश द्वारमा भित्र र बाहिर गरी दुई वटा ढोका रहेको छ। सुनले मोलम्बित ढोकामा चाँदीको अष्टमंगल अंकित छ। यस ढोकाको बाहिर पट्टिको दायाँ पल्लामा चन्द्र, आँखा, पूर्ण कलश र पद्म रहेको छ भने बायाँ पल्लामा सूर्य, आँखा, पूर्ण कलश र पद्म रहेको छ। भित्र पट्टिको दाहिने पल्लामा श्रीवत्स, पद्म, छत्र, कलश रहेको छ भने बायाँ पट्टिको पल्लामा चमर, मत्स्ययुग्म, ध्वज, शङ्ख रहेको छ। प्रवेशद्वारको सबै भन्दा तल सुनले मोलम्बित साना-साना सिंह रहेका छन्। यस भित्ताको सबैभन्दा तल्लो दुई कुनामा पनि प्रस्तरको सानो सिंह रहेको छ। ढोकाकै छेउ-छाउमा दुईवटा धातुका ठूल्ठूला सिंह रहेका छन्। यी सिंहहरुलाई प्रस्तरको ऊर्ध्व कमलको फूल माथि धातुको कमलको फूल माथि उभिएको बनाइएको छ। बायाँ रहेको सिंहको तल अभिलेख पनि कुँदिएको छ।

ढोकाको ठीक अगाडि दायाँ बायाँ दुई वटा पताका सहितको झण्डा पोलमा राखिएको छ। झण्डामा चन्द्र र सूर्य अंकित छ। प्रवेशद्वारको अगाडि एउटा मण्डल रहेको छ। दक्षिण दिशामा तीन वटा तोरण रहेका छन् । बिचको तोरणको तल मुख्य प्रवेशद्वार रहेको छ । प्रवेशद्वारको ठीक माथि प्रत्यालिढासन मुद्रामा एउटा सानो मूर्ति रहेको छ। प्रवेशद्वारको दायाँ र बायाँ आँखीझ्याल बनाइएको छ। झ्यालको तल्लो भाग ईंटाको आकारले बनाइएको छ। भित्ताको माथिल्लो भागमा कलात्मक फूलबुट्टा र विभिन्न मुखाकृतीले सजाइएको छ । मन्दिरको चारैतिर आँखीझ्याल रहेको छ। उत्तरको षोडशलाश्य देवी भएको टुँडालको बिचमा भएको झ्यालमा प्रज्ञापारमिता, शाक्यमुनि बुद्ध र षडक्षरीको प्रतिमा बनाइएको छ।

## ३.१.३ टुँडाल

स्वयम्भूस्थित हारती माताको मन्दिरको छानोलाई अड्याउनको लागि टुँडालहरु बनाइएको छ। मन्दिरको तल्लो तल्लाको चारै दिशामा बिच भागमा चार-चार वटा लामो र चार कुनामा पनि छड्के गरी चारवटा टुँडाल राखिएको छ। चार कुनामा रहेको लामो टुँडालमा गरुडको मुखाकृति रहेको सिंह रहेको छ भने तल्लो भागमा मुकुट लगाएको, कानमा कुण्डल, गलामा माला, हातमा बाला, कवच लगाएको, दुई हात र दुई खुट्टाले सर्पलाई समातेको अवस्थामा गरुड रहेको छ।

दक्षिण दिशामा माथिल्लो छानो र तल्लो छानो अड्याउनको लागि टुँडालहरु राखिएका छन्। माथिल्लो छानोका टुँडालहरु दक्षिणमा दुईवटा रहेका छन्। माथिल्लो टुँडालमा खड्गराज (विरुढक) र वज्रपाश देवता रहेका छन् (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१)। त्यस्तैगरी तल्लो छानोको टुँडालहरुको सबैभन्दा माथिल्लो भागमा बुट्टेदार पुष्पलता बनाइएको छ भने तल्लो भागमा मन्त्र लेखिएको छ । टुँडालहरुमा षोडशलाश्य देवीहरुलाई पद्मासनको विभिन्न मुद्रामा देखाइएको छ। षोडशलाश्य देवीहरुको शिरमा मुकुट, निधारमा गोलो टीका, कानमा गोलो कुण्डल, पाखुरामा केयुर, हातमा बाला, गलामा छोटो र लामो गरगहनाका साथै घुँडा सम्म आएको माला पनि पहिरिएको बनाइएको छ। खुट्टामा विभिन्न आभुषण रहेका छन् भने वस्त्रको बुट्टा पनि कुँदिएको देखाइएको छ। षोडशलाश्य देवीहरु मध्ये चार जना गन्धादेवी, रसादेवी, स्पर्शादेवी र धर्मधातुगर्भादेवीको समूहलाई दक्षिण दिशाको टुँडालमा राखिएको छ (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१) । त्यस्तैगरी, षोडशलाश्य देवी रहेको टुँडालको तल्लो पट्टि बायाँ बाट दायाँ तिर

क्रमशः सर्पराज, यमराज, दुईवटा देवताको प्रतिमा राखिएको छ । दक्षिण दिशाको टुँडालमा रहेका चार षोडशलाश्य देवीहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

**गन्धादेवी :** गन्धादेवीको दायाँ हात घुँडा सम्म ल्याएर राखिएको छ भने बायाँ हातले *ज्वालान्त्यकं* धारण गरेको पाइन्छ । खुट्टालाई स्वस्तिक मुद्रा (बायाँ खुट्टाको माथि दायाँ खुट्टा खप्टिएर) मा देखाइएको छ । त्यस्तैगरी, गन्धादेवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा सर्पराजको प्रतिमा रहेको छ । उनलाई गुजुल्टिएर बसेको देखाइएको छ । उनको शिर एउटा रहेको छ र फणा माथि उठेको प्रतिमा बनाइएको छ ।

**रसादेवी :** रसादेवीको दुवै हात घुँडा सम्म लगेर अभय मुद्रामा राखिएको छ । खुट्टालाई स्वस्तिक मुद्रा (दायाँ खुट्टाको माथि बायाँ खुट्टा खप्टिएर) मा देखाइएको छ । *'ॐ रसवज्र त्रां'* भनेर मन्त्र पनि लेखिएको छ । त्यस्तैगरी रसादेवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा यमराजको प्रतिमा रहेको छ । उनी कमलको फूल माथि बज्रासनमा बसेका छन् । दायाँ हातमा दण्ड र बायाँ हातमा पाश लिएको आयुधहरु बनाइएको छ । उनले शिरमा मुकुट लगाएका छन् । उनलाई गरगहना लगाएको देखाइएको छ ।

**स्पर्शा देवी :** स्पर्शादेवीको दुवै हातको औँलालाई ज्ञान मुद्रामा देखाइएको छ । खुट्टालाई स्वस्तिक मुद्रा (बायाँ खुट्टाको माथि दायाँ खुट्टा खप्टिएर) मा देखाइएको छ । त्यस्तैगरी, स्पर्शादेवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा एउटा देवताको प्रतिमा रहेको छ । उनी कमलको फूल माथि बसेका छन् ।

**धर्मधातुगर्भा देवी :** धर्मधातुगर्भा देवीको दुवै हात ध्यान मुद्रामा रहेका छन् । खुट्टालाई स्वस्तिक मुद्रा (दायाँ खुट्टाको माथि बायाँ खुट्टा खप्टिएर) मा देखाइएको छ । त्यस्तैगरी, धर्मधातुगर्भा देवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा अर्को देवताको प्रतिमा रहेको छ । उनी कमलको फूल माथि बसेका छन् ।

यस्तैगरी, पश्चिम दिशामा माथिल्लो छानो र तल्लो छानो अड्याउनको लागि टुँडालहरु राखिएका छन् । माथिल्लो छानोका टुँडालहरु पश्चिममा दुईवटा रहेका छन् । माथिल्लो टुँडालमा चैत्यराज (विरुपाक्ष) र वज्रस्फोट देवता रहेका छन् (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१) । त्यस्तैगरी, तल्लो छानोको पश्चिम दिशामा रहेका टुँडालहरुको सबैभन्दा माथिल्लो भागमा बुट्टेदार पात बनाइएको छ भने तल्लो भागमा मन्त्र

लेखिएको छ । टुँडालहरुमा षोडशलाश्य देवीहरुलाई पद्मासनको आसनमा विभिन्न मुद्रामा देखाइएको छ। षोडशलाश्य देवीहरुको शिरमा मुकुट, निधारमा गोलो टीका, कानमा फूलबुट्टे कुण्डल, पाखुरामा केयुर, हातमा बाला, गलामा छोटो र लामो गरगहनाका साथै घुँडा सम्म आएको माला पनि पहिरिएको बनाइएको छ । खुट्टामा विभिन्न अलङ्कार रहेको छ भने वस्त्रको बुट्टा पनि कुँदिएको देखाइएको छ। षोडशलाश्य देवीहरु मध्ये चार जना पुष्पादेवी, धुपादेवी, अवलोकित देवी र दर्सन देवीको समूहलाई पश्चिम दिशाको टुँडालमा राखिएको छ (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१) । त्यस्तैगरी, षोडशलाश्य देवी रहेको टुँडालको तल्लो पट्टि बायाँ बाट दायाँ तिर क्रमशः विष्णु, सूर्य, वरुण र एक देवता सहित देवताको प्रतिमा राखिएको छ । पश्चिम दिशाको टुँडालमा रहेका चार षोडशलाश्य देवीहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

**पुष्पा देवी :** पुष्पा देवीको दायाँ हात छातीको समतल सम्म ल्याएर पुष्प समातेको छ भने बायाँ हातमा नाल सहितको कमल धारण गरेकी छिन् । खुट्टालाई स्वस्तिक मुद्रा (दायाँ खुट्टाको माथि बायाँ खुट्टा खप्टिएर) मा देखाइएको छ । *'ॐ वज्रपूस्पे हू'* भनेर मन्त्र पनि लेखिएको छ । त्यस्तैगरी, पुष्पादेवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा विष्णुको प्रतिमा रहेको छ ।

**धुपा देवी :** धुपा देवीको दायाँ हातले जलपात्र (करुवा) समातेको छ भने बायाँ हात अभय मुद्रमा रहेको छ। खुट्टालाई स्वस्तिक मुद्रा (बायाँ खुट्टाको माथि दायाँ खुट्टा खप्टिएर) मा देखाइएको छ। *'ॐ वज्र धूपे ता'* भनेर मन्त्र पनि लेखिएको छ। त्यस्तैगरी, धुपादेवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा सूर्यको प्रतिमा रहेको छ।

**अवलोकित देवी :** अवलोकित देवीको दायाँ हात अभय मुद्रामा रहेको छ भने बायाँ हातमा दीप समातेको छ । खुट्टालाई स्वस्तिक मुद्रा (बायाँ खुट्टाको माथि दायाँ खुट्टा खप्टिएर) मा देखाइएको छ । *'ॐ वज्रांवलाकित ही'* भनेर मन्त्र पनि लेखिएको छ । त्यस्तैगरी अवलोकित देवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा वरुणको प्रतिमा रहेको छ ।

**दर्शन देवी :** दर्शन देवीको दायाँ हात अभय मुद्रामा रहेको छ भने बायाँ हातमा कुनै वस्तु समातेको देखाइएको छ । खुट्टालाई स्वस्तिक मुद्रा (दायाँ खुट्टाको माथि बायाँ खुट्टा खप्टिएर) मा देखाइएको छ । *'ॐ वज्रदर्सन ल'* भनेर मन्त्र पनि लेखिएको छ । त्यस्तैगरी

दर्सनदेवी रहेको टुँडालको तलपट्टिट छुट्टै रहेको सानो भागमा एक देवताको प्रतिमा रहेको छ ।

यस्तैगरी, उत्तर दिशामा माथिल्लो छानो र तल्लो छानो अड्याउनको लागि टुँडालहरु (चित्र नं. १६) राखिएका छन् । माथिल्लो छानोका टुँडालहरु उत्तरमा दुईवटा रहेका छन् । माथिल्लो टुँडालमा ध्वजराज (वैश्रवण) र वज्रावेश देवता रहेका छन् (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१) । यस्तैगरी, तल्लो छानोको उत्तर दिशामा रहेका टुँडालहरुको सबैभन्दा माथिल्लो भागमा बुट्टेदार पात बनाइएको छ। टुँडालहरुमा षोडशलाश्य देवीहरुलाई पद्मासनको आसनमा विभिन्न मुद्रामा देखाइएको छ । षोडशलाश्य देवीहरुको शिरमा मुकुट, निधारमा गोलो टीका, कानमा फूलबुट्टे कुण्डल, पाखुरामा केयुर, हातमा बाला, गलामा छोटो र लामो गरगहनाका साथै घुँडा सम्म आएको माला पनि पहिरिएको बनाइएको छ । खुट्टामा विभिन्न अलङ्कार रहेको छ भने वस्त्रको बुट्टा पनि कुँदिएको देखाइएको छ । षोडशलाश्य देवीहरु मध्ये चार जना मालादेवी, लाश्यदेवी, गीतादेवी र नृत्यादेवीको समूहलाई उत्तर दिशाको टुँडालमा राखिएको छ (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१) । त्यस्तैगरी, षोडशलाश्य देवी रहेको टुँडालको तल्लो पट्टिट बायाँ बाट दायाँ तिर क्रमशः गणेश, चन्द्र, कुवेर र एक देवता सहित देवताको प्रतिमा राखिएको छ। उत्तर दिशाको टुँडालमा रहेका चार षोडशलाश्य देवीहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

**मालादेवी :** मालादेवी यस समुहको पहिलो देवी हुन् । मालादेवी रातो रंगकी छिन् र उनका दुवै हातमा रत्नहरुको माला छ भनेर उल्लेख रहेको पाइन्छ (Bhattacharya, 1958, P. 313) । यसैगरी यस टुँडालमा दुवै हात छातीको समतल सम्म ल्याएर अभय मुद्रामा रहेको र कुनै किसिमको माला जस्तो लिएको छ । खुट्टालाई स्वस्तिक मुद्रा (बायाँ खुट्टाको माथि दायाँ खुट्टा खप्टिएर) मा देखाइएको छ। त्यस्तैगरी मालादेवी रहेको टुँडालको तलपट्टिट छुट्टै रहेको सानो भागमा गणेशको प्रतिमा रहेको छ ।

**लाश्यदेवी :** लाश्यदेवी यस समुहको दोस्रो देवी हुन् । लाश्याको रंग रातो छ र उनी गर्वका साथ आफ्ना दुई हातहरु लश्य अभिनयमा मिलाउँछिन् भन्ने रहेको छ (Bhattacharya, 1958, P. 313) । यसैगरी यस टुँडालमा दायाँ हात वरद मुद्रामा र बायाँ हात घुँडा तिर राखिएको छ । खुट्टालाई स्वस्तिक मुद्रा (दायाँ खुट्टाको माथि बायाँ खुट्टा खप्टिएर) मा

देखाइएको छ । त्यस्तैगरी लाश्यदेवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा चन्द्रको प्रतिमा रहेको छ ।

**गीतादेवी :** गीतादेवी यस समुहको तेस्रो देवी हो । पञ्चदान मण्डलमा गीतादेवी रातो र सेतो रंगको छिन् । उनी आफ्ना दुई हातले बजाउने उपकरण बजाउनमा व्यस्त छिन् भनेर उल्लेख गरेको पाइन्छ (Bhattacharya, 1958, P. 313) । यसैगरी यस टुँडालमा दुवै हात छातीको समतल सम्म ल्याएर अभय मुद्रामा रहेको छ । खुट्टालाई स्वस्तिक मुद्रा (बायाँ खुट्टाको माथि दायाँ खुट्टा खप्टिएर) मा देखाइएको छ । त्यस्तैगरी गीतादेवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा कुबेरको प्रतिमा रहेको छ ।

**नृत्यादेवी** : नृत्यादेवी यस समुहको चौथो देवीको रुपमा रहेकी छिन् । उनको रुपलाई निस्पन्नयोगावलीमा नृत्यादेवी विविध रंगकी छिन् र उनी आफ्ना दुवै हातले वज्र समातेर नाच्छिन् भनेर वर्णन गरिएको पाइन्छ (Bhattacharya, 1958, P. 314) । यसैगरी यस टुँडालमा दायाँ हातलाई मुकुट सम्म लगिएको छ । दायाँ खुट्टा लाई बंग्याएर बायाँ हातले समातेको देखाइएको छ । त्यस्तैगरी नृत्यादेवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा एक देवताको प्रतिमा रहेको छ ।

यस्तैगरी पूर्व दिशामा माथिल्लो छानो र तल्लो छानो अड्याउनको लागि टुँडालहरु ( चित्र नं. १५) राखिएका छन् । माथिल्लो छानोका टुँडालहरु पूर्वमा दुईवटा रहेका छन् । माथिल्लो टुँडालमा वीणाराज (धृतराष्ट्र) र वज्रांकुश देवता रहेका छन् (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१) । यसैगरी तल्लो छानोको पूर्व दिशामा रहेका टुँडालहरुको सबैभन्दा माथिल्लो भागमा बुट्टेदार पात बनाइएको छ । टुँडालहरुमा षोडशलाश्य देवीहरुलाई पद्मासनको आसनमा विभिन्न मुद्रामा देखाइएको छ । षोडशलाश्य देवीहरुको शिरमा मुकुट, निधारमा गोलो टीका, कानमा फूलबुट्टे कुण्डल, पाखुरामा केयुर, हातमा बाला, गलामा छोटो र लामो गरगहनाका साथै घुँडा सम्म आएको माला पनि पहिरिएको बनाइएको छ । खुट्टामा विभिन्न अलङ्कार रहेको छ भने वस्त्रको बुट्टा पनि कुँदिएको देखाइएको छ । षोडशलाश्य देवीहरु मध्ये चार जना वंशदेवी, वीणादेवी, मृदङ्गादेवी र मुरुजादेवीको समूहलाई पूर्व दिशाको टुँडालमा राखिएको छ (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१) । त्यस्तैगरी, षोडशलाश्य देवी रहेको टुँडालको तल्लो पट्टि बायाँ

बाट दायाँ तिर क्रमशः ब्रह्मा, इन्द्र, एक देवता र महादेव देवताको प्रतिमा राखिएको छ । पूर्व दिशाको टुँडालमा रहेका चार षोडशलाश्य देवीहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

**वीणा देवी** : वाद्ययन्त्रहरुको प्रतिनिधित्व गर्ने दोस्रो देवीलाई वीणादेवी भनिन्छ । उनको स्वरुपलाई पहेँलो रंगमा देखाउने गरिन्छ । उनले आफ्ना दुवै हातले संगीत वाद्ययन्त्र, वीणा बजाउँछिन् भनेर उल्लेख रहेको पाइन्छ (Bhattacharya, 1958, P. 315) । यसैगरी यस टुँडालमा दुवै हातले वीणा समातेर बजाइराखेको अवस्थामा देखाइएको छ । खुट्टालाई स्वस्तिक मुद्रा (दायाँ खुट्टाको माथि बायाँ खुट्टा खप्टिएको) मा देखाइएको छ । त्यस्तैगरी वीणादेवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा ब्रह्माको प्रतिमा रहेको छ ।

**वंशदेवी** : वाद्ययन्त्रहरुको प्रतिनिधित्व गर्ने देवताहरुको श्रृंखलामा पहिलो देवीलाई वंशदेवी भनिन्छ । जसको रुपलाई पंचदान मण्डलमा वंशदेवी रातो रंगकी छिन् । उनी आफ्ना दुवै हातमा बाँसुरी समातेर बजाउछिन् भनेर उल्लेख रहेको पाइन्छ ( Bhattacharya, 1958, p. 314) । यसैगरी यस टुँडालमा दायाँ र बायाँ हात ज्ञान मुद्रामा रहेको छ । खुट्टालाई स्वस्तिक मुद्रा (दायाँ खुट्टाको माथि बायाँ खुट्टा खप्टिएको) मा देखाइएको छ । त्यस्तैगरी वंशदेवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा इन्द्रको प्रतिमा रहेको छ ।

**मृदङ्गादेवी** : वाद्ययन्त्रहरुको प्रतिनिधित्व गर्ने देवताहरुको श्रृंखलामा तेस्रो देवीलाई मृदङ्गादेवी भनिन्छ । जसले मृदङ्ग भनिने वाद्ययन्त्र बजाउँछिन् । उनको स्वरुपलाई निस्पन्नयोगावलीमा मृदङ्गादेवी सेतो रंगकी छिन् । उनले आफ्ना दुवै हातले मृदङ्ग बजाउँछिन् भनेर उल्लेख रहेको पाइन्छ (Bhattacharya, 1958, P. 315) । यसैगरी यस टुँडालमा दुवै हातले मादल बजाइ रहेको अवस्थामा रहेको छ । खुट्टालाई स्वस्तिक मुद्रा (बायाँ खुट्टाको माथि दायाँ खुट्टा खप्टिएर) मा देखाइएको छ । त्यस्तैगरी मृदङ्गादेवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा एक देवताको प्रतिमा रहेको छ ।

**मुरुजादेवी** : वाद्ययन्त्रहरुको प्रतिनिधित्व गर्ने देवताहरुको श्रृंखलामा चौथो देवी मुरुजा देवी हुन् । उनको प्रमुख प्रतिक मुरुजा हो । उनको स्वरुपलाई धुवाँको रंग जस्तो बनाइएको छ । उनले दुवै हातले मुरुजा बाजा बजाउन लागेको देखाइएको छ (Bhattacharya, 1958, P. 315) । यसैगरी यस टुँडालमा दायाँ हात छातीको समतल सम्म लगेर अभय मुद्रामा रहेको छ भने बायाँ हात सिधा तल तिर लगेर वरद मुद्रामा रहेको छ । कम्मर भन्दा मुनि एउटा

मादल तेर्सो पारि त्यसकै माथि अर्को एउटा सानो मादललाई ठाडो पारेर राखिएको छ । खुट्टालाई स्वस्तिक मुद्रा (दायाँ खुट्टाको माथि बायाँ खुट्टा खप्टिएको) मा देखाइएको छ । त्यस्तैगरी मुरुजादेवी रहेको टुँडालको तलपट्टि छुट्टै रहेको सानो भागमा महादेवको प्रतिमा रहेको छ ।

## ३.१.४ तोरण

मन्दिरमा प्रयोग गरिने तोरणको पनि विशेष महत्व रहेको हुन्छ। सामान्यतया मन्दिरको प्रवेशद्वारको माथि वा कहिलेकाहिँ झ्यालको माथि अर्धगोलाकार वा अर्धचन्द्राकार स्वरुपमा मन्दिरहरुमा राख्ने गरिन्छ । केही अपवाद छोडेर तोरण काठका बन्दछन् । तोरण मन्दिरको ढोकामाथि र गर्भगृहको ढोकामाथि पनि राख्ने चलन रहेको छ । प्रायजसो तोरणको बिचमा मन्दिरका मुख्य देवीदेवताका आकृति रहेका हुन्छन् भने तिनका छेउमा पार्श्व देवीदेवताका आकृति बनाइन्छन् (खत्री, २०८१, पृ. ५४२) । तोरणमा बनाइने विभिन्न देवीदेवताका आकृतिका कारण तोरणहरु सांस्कृतिक वस्तु पनि मानिन्छन् । हिन्दू र बौद्ध देवदेवीहरुको मन्दिर, मूर्ति चिन्न देवताको वाहन बाहेक तोरणले पनि मद्दत गर्दछ । मन्दिरको मूल ढोका बन्द भए पनि तोरण हेरेर कुन देवदेवीको मन्दिर हो छुट्याउन सकिन्छ । मन्दिर वास्तुकलालाई विशिष्ट रुपमा स्थापित गर्ने विषयवस्तु तोरणहरु पनि एक हुन् भनेर मान्ने गरिन्छ ।

हारती माता मन्दिरको पहिलो तल्लाको चारै दिशामा धातुद्वारा निर्मित सुनौलो रङको तोरणहरु रहेका छन् । मन्दिरको मुख्य द्वार दक्षिण दिशामा फर्किएको छ । पूर्व, पश्चिम र उत्तर दिशामा एउटा/एउटा तोरण राखिएको छ भने दक्षिण दिशामा द्वारमाथि तीन वटा तोरण राखिएको छ । चारै दिशाका तोरणहरुमा फलामको बार लगाएर सुरक्षित गरिएको छ । मन्दिरको चारै दिशामा रहेका तोरणहरुको उल्लेख निम्नानुसार गरिएको छ :

### ३.१.४.१ दक्षिण दिशाको तोरण

हारती माता मन्दिरको दक्षिण तर्फ प्रवेशद्वारको माथि तीनवटा तोरण रहेका छन् । प्रत्येक तोरणलाई दुई वटा पातामा विभाजन गरेर अर्धगोलाकार स्वरुपमा बनाइएको छ । प्रवेशद्वारको माथि रहेको बिचको तोरण (चित्र नं. २) सबैभन्दा ठूलो रहेको छ । कमलको

आसन माथि तोरण बनाइएको छ। तीनवटै तोरणको पादपीठमा अभिलेख पनि राखिएको छ। तोरणमा रहेका प्रतिमाहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

**बिचको तोरणको केन्द्रमा रहेकी देवीको मूर्ति :** तोरणको तल्लो भागको पातामा रहेको केन्द्रमा कमलको माथि बज्रासनमा प्रतिसरा देवीको मूर्ति राखि त्यसको वरीपरी अन्य मूर्ति रहेको छ (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१)। प्रतिसरा देवीको मूर्ति फलकको माथि छेपुले दुवै हातले सर्पलाई समातेर टोकेको बनाइएको छ। छेपुको तल दायाँ बायाँ मकराकृति रहेको छ र बाँकी भागमा विभिन्न बुट्टाहरु कुँदिएको छ। प्रतिसरा देवीको मूल (शरीरको तल्लो भाग) सेतो वर्णकी, दाहिने तर्फ पहेंलो, माथि (शिरतर्फ) रातो र बाँयातर्फ कालो (नीलो) वर्णको छिन् (अर्ज्याल, २०५९, पृ. ८१)। यो मूर्ति पद्मासनमा बनाइएको छ। यस मूर्तिमा दायाँ, बायाँ, माथि र अगाडि गरी चारवटा शिर रहेको छ। प्रत्येक शिरमा मुकुट लगाइएको छ। अगाडिको शिरको कानमा ठूल्ठूला कुण्डल रहेको छ। मूर्तिको गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ। कुमबाट तलपट्टि वस्त्रको बुट्टा फहरिएको छ। मूर्तिमा आठ वटा हात रहेका छन्। उक्त आठवटा हात मध्ये दायाँ हातका आयुधहरु तलदेखि माथि सम्म क्रमशः छातीको समतल सम्म पुगेको हातमा चक्र, वज्र, वाण र खड्ग धारण गरेको छ भने बायाँ हातमा माथि देखि तलसम्म क्रमशः परशु, धनुष, त्रिशुल र छातीको समतल सम्मको हातले पाश समातेको छ। शरीरको तल्लो भागमा वस्त्र लगाइएको छ।

**बिचको तोरणको केन्द्रमा रहेकी देवीको दायाँ रहेको मूर्ति :** बिचको तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीको दायाँ भागमा महासहस्रप्रमर्दिनी नामकी देवीको मूर्ती रहेको छ (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१)। यी देवीको शिर चारवटा रहेको छ। यी देवी कालो वर्णकी, दाहिनेतर्फ सेतो, माथितिर रातो र बाँयातर्फ श्याम (नीलो) वर्णकी तथा समष्टिमा कालो वर्ण जस्ती छिन् (अर्ज्याल, २०५९, पृ. ८२)। यस मूर्ति फलकको विभिन्न बुट्टाहरु कुँदिएको छ। यो मूर्ति पद्मको माथि ललितासनमा विराजमान रहेको छ। यस मूर्तिमा मुकुट पहिरिएको दायाँ, बायाँ, माथि र अगाडि गरी चारवटा शिर रहेको छ। अगाडिको शिरको कानमा ठूल्ठूला कुण्डल रहेका छन्। मूर्तिको गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ। कुम बाट वस्त्रको बुट्टा फहरिएको छ। मूर्तिमा आठ वटा हात रहेका छन्। छातीको समतल सम्म पुऱ्याएर दायाँ र बायाँ हातमा वज्र

र पास धारण गरेको पाइन्छ । त्यसपछि दायाँ हातमा क्रमशः परशु, वाण र खड्ग रहेको छ भने बायाँ हातमा क्रमशः पद्म, धनुष र विश्ववज्र रहको छ । कम्मरमा पटुकी र धोति लगाइएको छ ।

**बिचको तोरणको केन्द्रमा रहेकी देवीको बायाँ रहेको मूर्ति :** बिचको तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीकी बायाँ भागमा मन्त्रानुसारिणी नामकी देवीको मूर्ति रहेको छ (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१) । यो मूर्ति फलकमा श्याम वर्णकी मन्त्रानुसारिणी देवी कमलको माथि वज्रासनमा रहेकी छिन् । मूर्ति फलकमा विभिन्न बुट्टा बनाइएको छ । यी देवीको दायाँ, बायाँ र अगाडि गरेर तीनवटा शिर रहेको छ । यी देवीको अगाडिको शिर श्याम (नीलो) वर्ण, दाहिनेतर्फ सेतो र बायाँतर्फ कालो वर्णको शिर रहेको छ । सबै शिरमा मुकुट पहिरिएको छ । अगाडिको शिरको कानमा ठूल्ठूला कुण्डल लगाइएको छ । गलामा लामो र छोटो माला लगाइएको छ । मन्त्रानुसारिणीको बाह्र वटा हात देखाइएको छ । दुई वटा हात काखमा ध्यान मुद्रामा रत्न र पात्र धारण गरेको देखाइएको छ । प्रमुख दुई वटा हात धर्मचक्र प्रवर्तन मुद्रामा रहेको छ । तलबाट माथितर्फ दाँया हात क्रमशः अभय मुद्रा, वज्र, वाण र खड्ग समातेको छ भने बायाँ हात माथिबाट तल क्रमशः पद्म, धनुष, घण्टी र पाश समातेको छ । सबै पाखुरामा केयूर र हातमा बाला छ । खुट्टा तिर धोती पहिरिएको छ ।

**बिचको तोरणको केन्द्रमा रहेकी देवीको दायाँ माथि रहेको मूर्ति :** बिचको तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीकी दायाँ माथिल्लो भागमा महामायुरी नामकी देवीको मूर्ति रहेको छ (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१) । मूर्ति फलकमा विभिन्न बुट्टा कुँदिएको छ । महामायुरी देवी मूर्ति फलकमा कमलको माथि वज्रासनमा रहेकी छिन् । यस मूर्तिको तीनवटा शिर रहेको छ । शिरमा मुकुट पहिरिएको छ । अगाडिको शिरको कानमा ठूल्ठूला कुण्डल छन् । कुममा कपाल लत्रिएको छ । मूर्तिको गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ । कुम तिर बाट ऊर्ध्ववस्त्र देखाइएको छ । मूर्तिमा आठ वटा हात रहेका छन् । दायाँ हातमा क्रमशः वरद मुद्रा, जलपात्र, चक्र र खड्ग धारण गरेकी छिन् भने बायाँ हातमा क्रमशः ध्वज, दर्पण, रत्न र पात्र धारण गरेकी छिन् । कम्मर मुनि धोती लगाइएको छ ।

**बिचको तोरणको केन्द्रमा रहेकी देवीको बायाँ माथि रहेको मूर्ति :** बिचको तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीकी बायाँ माथिल्लो भागमा महाशीतवती नामकी देवीको मूर्ति रहेको छ (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१) । मूर्ति फलकमा विभिन्न बुट्टा कुँदिएको छ । महाशीतवती मूर्ति फलकमा कमलको माथि वज्रासनमा रहेकी छिन् । यस मूर्तिको तीनवटा शिर रहेको छ। शिरमा मुकुट पहिरिएको छ। अगाडिको शिरको कानमा ठूल्ठूला कुण्डल छन् । मूर्तिको गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ । कुम तिर बाट ऊर्ध्ववस्त्र देखाइएको छ । मूर्तिमा छ वटा हात रहेको छ । दायाँ हातमा क्रमशः वरद मुद्रा, वज्र र वाण रहेको छ भने बायाँ हातमा क्रमशः धनुष, ध्वज र कमलबीज रहेको छ। कम्मरमा पटुकी र धोतिको लागाइएको छ।

**बिचको तोरणको केन्द्रमा रहेकी देवीको माथि रहेको मूर्ति :** बिचको तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीकी माथिल्लो भागमा बज्रसत्वको मूर्ति रहेको छ (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१)। मूर्ति फलकमा विभिन्न बुट्टा कुँदिएको छ। बज्रसत्व मूर्ति फलकमा कमलको माथि वज्रासनमा रहेको छ । यस मूर्तिको एउटा मात्र शिर रहेको छ । शिरमा मुकुट पहिरिएको छ । कानमा ठूल्ठूला कुण्डल छन् । मूर्तिको गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ। कुम तिर बाट उर्ध्ववस्त्र देखाइएको छ । मूर्तिमा दुई वटा हात रहेको छ । दायाँ हात छातीको समतल सम्म लगेर व्रज धारण गरेको छ भने बायाँ हातले घण्टी समातेको छ। कम्मर मुनि धोती लगाइएको छ।

**बिचको तोरणको माथिल्लो भागको पाता :** बिचको तोरणको माथिल्लो पाताको सबै भन्दा तल्लो छेउको दायाँ र बायाँ एक एक वटा मूर्ति रहेको छ । उक्त मूर्ति एक मुख र दुई हात भएका, छालाको कपडा लगाएका, दाहिने हातमा रत्न सहित दण्ड र बायाँ हातमा रत्नपात्र धारण गरेका, अनि जुत्ता लगाएका छन् (अर्ज्याल, २०५९, पृ.८४) । दायाँ रहेको मूर्ति कमलको माथि ललितासनमा बसेको देखाइएको छ । मूर्तिमा मुकुट पहिरिएको एउटा शिर रहेको छ। शिरको टुप्पोमा गजुर बनाइएको छ। कानमा ठूल्ठूला कुण्डल, गलामा हार, पाखुरामा केयूर र हातमा बाला छ। कुम तिर बाट ऊर्ध्ववस्त्र फैलिएको देखाइएको छ।

एक मुख र दुई हात भएका, मानिस र घोडाको वाहन गरेका कुबेरको मूर्ति रहेको छ (अर्ज्याल, २०५९, पृ.८४) । बायाँ रहेको मूर्ति फलकमा अग्नि युक्त ज्वालावली रहेको छ । मूर्तिलाई कमलको आसन माथि घोडाको माथि ललितासनमा बसेको देखाइएको छ । यो

मूर्ति रौद्र रुपको देखाइएको छ । मूर्तिमा मुकुट पहिरिएको एउटा शिर रहेको छ । कानमा ठूल्ठूला कुण्डल, गलामा छोटो हार र तल सम्म आउने गरी लामो माला, पाखुरामा केयूर र हातमा बाला छ । कम्मरमा पनि गहना छ । कुम तिर बाट पछाडि उर्ध्ववस्त्र फिजिएर फैलिएको अवस्था देखाइएको छ । दायाँ हातले गदा समातेर माथि उठाएको छ भने बायाँ हातमा भिक्षापात्र धारण गरेको देखाइएको छ । यस मूर्तिमा पनि जुत्ता लगाएको देखाइएको छ ।

**बिचको तोरणको माथिल्लो भागको पातामा रहेको मकरको माथि रहेको मूर्ति :** दायाँ बायाँ जिब्रो निकालेको मकर कुँदिएको छ । मकरको माथि एक-एक वटा मूर्ति रहेको छ । दायाँ पट्टिको मूर्ति बज्रसत्वको हो । वज्रसत्वको एक मुख र दुई हात भएका दायाँ हातमा वज्र र बायाँ हातमा घण्ट लिएका छन् । दायाँ रहेको मूर्ति फलकमा अग्नि युक्त ज्वालावली रहेको छ। यो मूर्ति कमलको माथि वज्रासनमा बसेको बनाइएको छ। मूर्तिमा मुकुट पहिरिएको एउटा शिर रहेको छ। शिरको माथिल्लो भागमा गजुर बनाइएको छ। कानमा ठूल्ठूला कुण्डल, गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला रहेको छ ।

बाँया रहेको मूर्ति फलकमा अग्नि युक्त ज्वालावली रहेको छ । एक मुख भएका, दुई हात भएका, ध्यान मुद्राको माथि रहेका र पात्र (भिक्षापात्र) धारण गरेका अमिताभको मूर्ति रहेको छ । यो मूर्ति कमलको माथि वज्रासनमा बसेको देखाइएको छ । मूर्तिमा मुकुट पहिरिएको एउटा शिर रहेको छ । शिरको टुप्पोमा गजुर बनाइएको छ । कानमा ठूल्ठूला कुण्डल, गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला छ । कुम तिर बाट वस्त्रको लहरा गएको छ । दुई हात काखको माथि राखेर भिक्षापात्र राखिएको छ ।

तोरणको माथि पाँच वटा नागको फणा युक्त मानवाकृतिको नाग दायाँ र बायाँ रहेको छ । नागहरुले हातमा माला समातेको र आभुषणले अलंकृत रहेको छ । तोरणको सबैभन्दा माथिल्लो भागमा दुई हातले पखेटा फिजाएर बसेको गरुड रहेको छ । गरुडको दुई खुट्टाले नागलाई समातेर राखेको छ । तोरणको माथिल्लो भाग माथि अर्को एउटा सानो पातामा विभिन्न बुट्टाका साथ छेपु रहेको छ । छेपुको माथि ध्वजा र ध्वजाको माथि सानो गजुर बनाइएको छ ।

**बिचको तोरणको दायाँ पट्टि रहेको तोरण :** बौद्ध धर्ममा त्रिरत्न भनेको बुद्ध, धर्म र संघ हो । महायान परम्पराको बौद्ध धर्ममा बुद्धका त्रिकायहरुको अवधारणा रहेको पाइन्छ । बुद्धको

धर्मकायलाई प्रज्ञापारमिता, सम्भोगकायलाई षडक्षरी र निर्माणकायलाई शाक्यमुनिको रुपमा बुझ्ने गरिन्छ (व्यक्तिगत अन्तर्वार्ता : सुरेन्द्र कुमार लामा, २०८२-०७-२१)। त्यस्तैगरी, त्रिरत्न अन्तर्गत शाक्यमुनिलाई बुद्ध, प्रज्ञापारमितालाई धर्म र षडाक्षरीलाई संघको रुपमा बुझ्ने गरिन्छ (बज्राचार्य, २०८०, पृ. ९४) । यस तोरणलाई दुईवटा पाता बनाई राखिएको छ । तल्लो तोरणको केन्द्रमा शाक्यमुनि बुद्धको मूर्ति रहेको छ। बुद्धको दायाँ हात भूस्पर्श मुद्रा र बायाँ हात ध्यान मुद्रामा कमल माथि वज्रासनमा विराजमान रहेको बनाइएको छ। शाक्यमुनि बुद्धको शिरमा उष्णिष, लामा लामा कान, बायाँ कुम ढाकिने गरी सांघाती लगाइएको छ । उनको मूर्तिको पछाडि छुट्टै रहेको पातामा अर्धगोलाकारको भित्री तोरणमा विभिन्न आकृतिहरु रहेको अग्नि युक्त ज्वालावली रहेको छ । यस भित्री तोरणमा दायाँ र बायाँ सबै भन्दा तल खड्ग, खड्गको माथि हात्ती, हात्तीको माथि सिंह, सिंहको माथि गरुड, गरुडको माथि देवता, देवताले दुई हातले खड्ग उचालिरहेको, खड्गको माथि जिब्रो निकालेको मकर, मकरको माथि बुट्टा, बुट्टाको माथि तीनवटा नागको फणा युक्त नागहरु रहेका छन्। नागलाई कम्मर भन्दा माथिल्लो भाग मानव शरीर सहित विभिन्न गरगहनाले अलंकृत गरेर देखाइएको छ भने कम्मर भन्दा मुनि नागको शरीर देखाइएको छ । दायाँ नागको दायाँ हातमा र बायाँ नागको बायाँ हातमा चक्र समातेको छ भने अर्को हात पुच्छर माथि रहेको छ। भित्री तोरणको माथिल्लो भागमा दुई हातले पखेटा उडाएर दुई खुट्टाले नागको पुच्छर समातेको गरुड रहेको छ । गरुडले विभिन्न किसिमका गरगहनाहरु सहित नागको माला पनि लगाएको देखाइएको छ । भित्री तोरणको दायाँ र बायाँ चन्द्र र सूर्य पनि अंकित रहेको छ।

शाक्यमुनि बुद्धको दायाँ छेउमा प्रज्ञापारमिताको मूर्ति रहेको छ । धर्मकोष संग्रहमा उल्लेखित प्रतिमा लक्षणको आधारमा प्रज्ञापारमितालाई एक मुख र चार हात भएकी, सेतो वर्णकी, धर्मचक्र मुद्रामा रहेकी, दायाँ हातमा जपमाला र बायाँमा पुस्तक लिएकी देखाइएको छ (अर्ज्याल, २०५९, पृ. ७८)। यस तोरणमा अग्निको लप्काले युक्त ज्वालावलीमा कमलको माथि वज्रासन मुद्रामा प्रज्ञापारमिता विराजमान रहेको मूर्ति रहेको छ। मूर्तिमा एउटा मात्र शिर रहेको छ। शिरमा मुकुट लगाइएको छ। कानमा ठूल्ठूला कुण्डल, गलामा लामो र छोटो हार, पाखुरामा केयूर, हातमा बाला रहेको छ। मूर्तिमा चार वटा हात रहेका छन्। अगाडिको दुई प्रमुख हात छातीको समतल सम्म लगेर धर्मचक्र प्रवर्तन मुद्रामा रहेको छ। अर्को दायाँ हातमा बोधिचित्त माला र बायाँ हातमा प्रज्ञापारमिता धारण गरेको छ। पाखुराबाट ऊर्ध्ववस्त्र फिजिएर पछाडि फैलिएको अवस्था रहेको छ। कम्मर मुनि धोती लगाइएको छ।

शाक्यमुनि बुद्धको बायाँ छेउमा षडक्षरीको मूर्ति रहेको छ । अग्निको लप्काले युक्त ज्वालावलीमा कमलको माथि वज्रासन मुद्रामा षडक्षरी विराजमान रहेको मूर्ति रहेको छ । मूर्तिमा एउटा मात्र शिर रहेको छ । शिरमा मुकुट लगाइएको छ । कानमा ठूल्ठूला कुण्डल, गलामा लामो र छोटो हार, पाखुरामा केयूर, हातमा बाला रहेको छ । मूर्तिमा चार वटा हात रहेका छन् । अगाडिको प्रमुख दुई हात छातीको समतल सम्म लगेर अञ्जली मुद्रामा रहेको छ । अर्को दुई हात मध्ये दायाँमा बोधिचित्त माला र बायाँमा पद्म रहेको छ । पाखुराबाट ऊर्ध्ववस्त्र फिजिएर पछाडि फैलिएको अवस्था रहेको छ । कम्मर मुनि धोती लगाइएको छ ।

यस तोरणको माथिल्लो पाताको सबै भन्दा तल्लो दायाँ र बायाँ भागमा जिब्रो निकालेको मकराकृति रहेको छ । त्यसको ठीक माथि बुट्टा कुँदिएको छ । बुट्टाको माथि गुजल्टिएको नाग रहेको छ । केन्द्रको माथिल्लो भागमा कालो केश भएको, ठूल्ठूला आँखा भएको छेपु रहेको छ । छेपुले नागको पुच्छर समातेर मुखमा राखेको छ । तोरणको माथि झण्डा आकारको पाता राखेको छ र त्यसको माथि छत्र र गजुर रहेको छ ।

**बिचको तोरणको बायाँ पट्टि रहेको तोरण :** यस तोरणको केन्द्रमा अमिताभ बुद्ध ध्यान मुद्रामा कमल माथि वज्रासनमा विराजमान रहेका छन् । अमिताभ बुद्धको शिरमा उष्णिष, लामा लामा कान, बायाँ कुम ढाकिने गरी सांघाती लगाइएको छ । अमिताभ बुद्धको मूर्तिको पछाडि छुट्टै पातामा अर्धगोलाकार भित्री तोरणमा विभिन्न आकृतिहरु रहेको अग्नियुक्त ज्वालावली रहेको छ । यस भित्री तोरणमा दायाँ र बायाँ सबै भन्दा तल खड्ग, खड्गको माथि हात्ती, हात्तीको माथि सिंह, सिंहको माथि अर्को गरुड, गरुडको माथि देवता, देवताले दुई हातले खड्ग उचालिरहेको, खड्गको माथि जिब्रो निकालेको मकर, मकरको माथि बुट्टा, बुट्टाको माथि तीनवटा नागको फणा युक्त नागहरु रहेको छ । नागलाई कम्मर भन्दा माथिल्लो भाग मानव शरीर सहित विभिन्न गरगहनाले अलंकृत देखाइएको छ भने कम्मर भन्दा मुनि नागको शरीर देखाइएको छ । दायाँ नागको दायाँ हातमा र बायाँ नागको बायाँ हातमा चक्र समातेको छ भने अर्को हात पुच्छर माथि राखिएको छ । भित्री तोरणको माथिल्लो भागमा दुई हातले पखेटा उडाएर दुई खुट्टाले नागको पुच्छर समातेको देखिन्छ । भित्री तोरणको दायाँ र बायाँ चन्द्र र सूर्य पनि अंकित रहेको छ ।

अमिताभ बुद्धको दायाँ छेउमा आर्यताराको मूर्ति रहेको छ । धर्मकोष संग्रहमा उल्लेखित प्रतिमा लक्षणको आधारमा आर्यतारालाई एक मुख भएकी, सेतो वर्णकी, दुई हात भएकी,

दाहिने हातले वरद मुद्रा र बायाँ हात हृदयमा राखेर अभयमुद्रा लिएकी तथा यिनै दुई हातमा कमल पनि लिएकी, कमलपत्रकै आसनमाथि बसेकी, उन्नत (ठडिएको) स्तन भएकी देखाइएको छ (अर्ज्याल, २०५९, पृ. ७५) । यस तोरणमा अग्निको लप्काले युक्त ज्वालावलीमा कमलको माथि वज्रासन मुद्रामा आर्यतारा बज्रासनमा विराजमान मूर्ति रहेको छ । मूर्तिमा एउटा मात्र शिर रहेको छ । शिरमा मुकुट लगाइएको छ । कानमा ठूल्ठूला कुण्डल, गलामा लामो र छोटो हार, पाखुरामा केयूर, हातमा बाला रहेको छ । मूर्तिमा दुई वटा हात रहेको छ । दायाँ हात दाहिने खुट्टामा वरद मुद्रामा रहेको छ । बायाँ हात छातीको समतल सम्म लगेर नाल सहितको कमलको फूललाई देब्रे कुमको माथि सम्म धारण गरेर ज्ञान मुद्रामा रहेको अवस्था छ । पाखुराबाट ऊर्ध्ववस्त्र फिजिएर पछाडि फैलिएको अवस्था रहेको छ । कम्मर मुनि पेटी र धोती लगाइएको छ ।

अमिताभ बुद्धको बायाँ छेउमा सप्तलोचनी ताराको मूर्ति रहेको छ । यस तोरणमा अग्निको लप्काले युक्त ज्वालावलीमा कमलको माथि ललितासन मुद्रामा सप्तलोचनी तारा विराजमान रहेकी छिन् । मूर्तिमा एउटा मात्र शिर रहेको छ । शिरमा मुकुट लगाइएको छ । कानमा ठूल्ठूला कुण्डल, गलामा लामो र छोटो हार, पाखुरामा केयूर, हातमा बाला रहेको छ । मूर्तिमा दुई वटा हात रहेको छ । दायाँ हात दाहिने खुट्टा माथि वरद मुद्रमा रहेको छ । बायाँ हात छातीको समतल सम्म लगेर नाल सहितको कमलको फूललाई देब्रे कुमको माथि सम्म धारण गरी ज्ञान मुद्रामा रहेको अवस्था छ । पाखुराबाट उर्ध्ववस्त्र फिजिएर पछाडि फैलिएको अवस्था रहेको छ । कम्मर मुनि पेटी र धोती लगाएको छ ।

यस तोरणको माथिल्लो पाताको सबै भन्दा तल्लो दायाँ र बायाँ भागमा जिब्रो निकालेको मकराकृति रहेको छ । त्यसको ठीक माथि बुट्टा कुँदिएको छ । बुट्टाको माथि गुजल्टिएको नाग रहेको छ । केन्द्रको माथिल्लो भागमा कालो केश भएको, ठूल्ठूला आँखा भएको छेपु रहेको छ । छेपुले नागको पुच्छर समातेर मुखमा राखेको छ । तोरणको माथि झण्डा आकारको पाता राखिएको छ र त्यसको माथि छाता र गजुर रहेको छ ।

### ३.१.४.२ पश्चिम दिशाको तोरण

हारती माता मन्दिरको पश्चिम तर्फ झ्यालको माथि एउटा तोरण (चित्र नं. ५) रहेको छ । तोरणलाई कमलको आसन माथि बनाइएको छ । तोरणलाई दुई वटा पातामा विभाजन गरेर अर्धगोलाकार स्वरुपमा बनाइएको छ । तोरणको तल्लो भागमा तीन वटा देवताहरुको

मूर्ति राखिएको छ । केन्द्रमा एउटा ठूलो मूर्ति र त्यस मूर्तिको दायाँ र बायाँ एक-एक वटा मूर्ति रहेका छन् । तोरणमा रहेका प्रतिमाहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

**तोरणको केन्द्रमा रहेको मूर्ति :** पश्चिम दिशाको तोरणको बिचमा रहेको महावज्रसत्वको मूर्ति हो (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१) । महावज्रसत्वको मूर्ति पदमासनमा बनाइएको छ । यस मूर्तिमा मुकुट पहिरिएको तीनवटा शिर रहेको छ । शिरको माथिल्लो भागमा गजुर बनाइएको छ । कानमा ठूल्ठूला कुण्डल, गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ । कुम तिर बाट उर्ध्ववस्त्र फिजिएर फैलिएको अवस्था देखाइएको छ । यस मूर्तिमा आठ वटा हात रहेको छ । उक्त आठवटा हात मध्ये दायाँ हातका आयुधहरु तलदेखि माथि सम्म क्रमशः छातीको समतल सम्म पुगेको हातमा वज्र, वाण, अंकुश र खड्ग धारण गरेको छ भने बायाँ हातमा माथि देखि तलसम्म क्रमशः ध्वज, परशु, आयुध हराएको (धनुष हुन सक्ने) र घण्टी रहेको छ । शरीरको तल्लो भागमा वस्त्र लगाइएको छ । बिचको महावज्रसत्वको मूर्ति फलक हावादारी बनाइएको छ । बिचको मूर्ति फलकको माथिल्लो भागमा सर्पलाई दुईहातले समातेर मुखमा च्यापेर राखेको छेपु बनाइएको छ । छेपुको तल दायाँ बायाँ मकराकृति रहेको छ र बाँकी भागमा विभिन्न बुट्टाहरु कुँदिएको छ ।

**केन्द्रमा रहेको मूर्तिको दायाँ रहेको मूर्ति :** तोरणको केन्द्रमा रहेका महावज्रसत्वको दायाँ भागमा ताराको मूर्ति रहेको छ (व्यक्तिगत अन्तर्वार्ता : डा. पुष्प रत्न शाक्य, २०८२-०७-२१) । यस मूर्ति फलकमा अग्नि युक्त ज्वालावली रहेको छ । ताराको मूर्ति वज्रासनमा विराजमान रहेको छ । ताराको शिर एउटा रहेको छ । शिरमा मुकुट पहिरिएको छ । कानमा ठूल्ठूला कुण्डल रहेका छन् । मूर्तिका दुई हात रहेका छन् । गलामा लामा र छोटा हार लगाइएको, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ । दायाँ हात वरद मुद्रामा र बायाँ हात छातीको समतल सम्म पुऱ्याएर ध्यान मुद्रामा रहेको छ । काँधको दुवै पट्टि समतल सम्म पुग्ने गरी नाल सहितको कमलको फूलको कोपिला पुगेको छ । कुम तिर बाट ऊर्ध्ववस्त्र फिजिएर फैलिएको अवस्था देखाइएको छ । कम्मर देखि मुनि धोतिको बुट्टा बनाइएको छ ।

**केन्द्रमा रहेको मूर्तिको बायाँ रहेको मूर्ति :** तोरणको केन्द्रमा रहेका महावज्रसत्वको बायाँ भागमा पनि ताराको मूर्ति रहेको छ । यस मूर्ति फलकमा अग्नि युक्त ज्वालावली रहेको छ । ताराको मूर्ति ललितासनमा विराजमान रहेको छ । ताराको शिर एउटा रहेको छ । शिरमा

मुकुट पहिरिएको छ । कानमा ठूल्ठूला कुण्डल रहेका छन् । मूर्तिका दुई हात रहेका छन् । गलामा लामा र छोटा हार लगाइएको, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ । दायाँ हात वरद मुद्रामा र बायाँ हात छातीको समतल सम्म पुऱ्याएर ध्यान मुद्रामा रहेको छ । काँधको दुवै पट्टि समतल सम्म पुग्ने गरी नाल सहितको कमलको फूलको कोपिला पुगेको छ । कुम तिर बाट ऊर्ध्ववस्त्र फिजिएर फैलिएको अवस्था देखाइएको छ । कम्मर देखि मुनि धोतिको बुट्टा बनाइएको छ ।

**तोरणको माथिल्लो भागको पाता :** तोरणको माथिल्लो पाताको सबै भन्दा तल दायाँ र बायाँ मकर आकृति रहेको छ । मकरको माथि पाँच वटा नागको फणा युक्त मानवाकृतिको नाग रहेको छ । नागहरुले हातमा माला समातेका छन् र गरगहनाले अलंकृत पनि रहेका छन् । तोरणको सबै भन्दा माथिल्लो भागमा दुई हातले नागलाई समातेर मुखमा च्यापेर राखेको छेपु रहेको छ । छेपुको कालो कपाल, ठूल्ठूला आँखा देखाइएको छ । तोरणको सबै भन्दा छेउको भागमा विभिन्न कलात्मक बुट्टा कुँदिएको छ । तोरणको माथिल्लो भागमा ध्वजा र ध्वजाको माथि सानो गजुर बनाइएको छ ।

### ३.१.४.३ उत्तर दिशाको तोरण

हारती माता मन्दिरको उत्तर तर्फ पञ्चरक्षादेवीको एउटा तोरण (चित्र नं. ४) रहेको छ । तोरणलाई कमलको आसन माथि बनाइएको छ । तोरणलाई दुईवटा पातामा विभाजन गरेर अर्धगोलाकार स्वरुपमा बनाइएको छ । तोरणको तल्लो भागमा छ वटा देवताहरुको मूर्ति राखिएको छ । बिचमा एउटा ठूलो मूर्ति रहेको छ भने उक्त मूर्तिको दायाँ दुई वटा, बायाँ दुई वटा र माथि एउटा गरेर पाँच वटा मूर्ति रहेका छन् । तोरणमा रहेका प्रतिमाहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

**तोरणको केन्द्रमा रहेकी देवीको मूर्ति** : तोरणको तल्लो भागको पातामा रहेको केन्द्रमा कमलको माथि बज्रासनमा पञ्चरक्षादेवी मध्ये प्रतिसरा देवीको मूर्ति राखि त्यसको वरीपरी अन्य मूर्ति रहेको छ । यस मूर्तिमा दायाँ, बायाँ, माथि र अगाडि गरी चारवटा शिर रहेको छ । प्रत्येक शिरमा मुकुट लगाइएको छ । अगाडिको शिरको कानमा ठूल्ठूला कुण्डल रहेको छ । मूर्तिको गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ । कुमबाट तलपट्टि वस्त्रको बुट्टा फहरिएको छ । मूर्तिमा जम्मा आठ वटा हात रहेको छ । उक्त आठवटा हात मध्ये दायाँ हातका आयुधहरु तलदेखि माथि सम्म क्रमशः छातीको समतल सम्म

पुगेको हातमा चक्र, वज्र, वाण र खड्ग धारण गरेको छ भने बायाँ हातमा माथि देखि तलसम्म क्रमशः परशु, धनुष, त्रिशुल र छातीको समतल सम्मको हातले पाश समातेको छ। शरीरको तल्लो भागमा वस्त्र लगाइएको छ।

**केन्द्रमा रहेकी देवीको दायाँ रहेको मूर्ति :** तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीको दायाँ भागमा महासहस्रप्रमर्दिनी नामकी देवीको मूर्ती रहेको छ। यस मूर्ति फलकको विभिन्न बुट्टाहरु कुँदिएको छ। यो मूर्ति पद्मको माथि ललितासनमा विराजमान रहेको छ। यस मूर्तिमा मुकुट पहिरिएको दायाँ, बायाँ, माथि र अगाडि गरी चारवटा शिर रहेको छ। अगाडिको शिरको कानमा ठूल्ठूला कुण्डल रहेका छन्। मूर्तिको गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ। कुम बाट वस्त्रको बुट्टा फहरिएको छ। मूर्तिमा जम्मा आठ वटा हात रहेको छ। छातीको समतल सम्म पुऱ्याएर दायाँ र बायाँ हातमा वज्र र पास धारण गरेको छ। त्यसपछि दायाँ हातमा क्रमशः परशु, वाण र खड्ग रहेको छ भने बायाँ हातमा क्रमशः पद्म, धनुष र विश्ववज्र रहको छ। कम्मरमा पटुकी र धोति लगाइएको छ।

**केन्द्रमा रहेकी देवीको बायाँ रहेको मूर्ति :** तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीकी बायाँ भागमा मन्त्रानुसारिणी नामकी देवीको मूर्ति रहेको छ। यो मूर्ति फलकमा श्याम वर्णकी मन्त्रानुसारिणी देवी कमलको माथि वज्रासनमा रहेकी छिन्। मूर्ति फलकमा विभिन्न बुट्टा बनाइएको छ। यी देवीको दायाँ, बायाँ र अगाडि गरेर तीनवटा शिर रहेको छ। यी देवीको अगाडिको शिर श्याम (नीलो) वर्ण, दाहिनेतर्फ सेतो र बायाँतर्फ कालो वर्णको शिर रहेको छ। सबै शिरमा मुकुट पहिरिएको छ। अगाडिको शिरको कानमा ठूल्ठूला कुण्डल लगाएको छ। गलामा लामो र छोटो माला लगाएको छ। मन्त्रानुसारिणीको जम्मा बाह्र वटा हात देखाइएको छ। दुई वटा हात काखमा ध्यान मुद्रामा रत्न र पात्र धारण गरेको छ। प्रमुख दुई वटा हात धर्मचक्र प्रवर्तन मुद्रामा रहेको छ। तलबाट माथितर्फ दाँया हात क्रमशः अभय मुद्रा, वज्र, वाण र खड्ग समातेको छ भने बायाँ हात माथिबाट तल क्रमशः पद्म, धनुष, घण्टी र पाश समातेको छ। सबै पाखुरामा केयूर र हातमा बाला छ। खुट्टा तिर धोती पहिरिएको छ।

**केन्द्रमा रहेकी देवीको दायाँ माथि रहेको मूर्ति :** तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीकी दायाँ माथिल्लो भागमा महामायुरी नामकी देवीको मूर्ति रहेको छ। मूर्ति फलकमा विभिन्न बुट्टा कुँदिएको छ। महामायुरी देवी मूर्ति फलकमा कमलको माथि वज्रासनमा रहेकी

छिन् । यस मूर्तिको तीनवटा शिर रहेको छ । शिरमा मुकुट पहिरिएको छ । अगाडिको शिरको कानमा ठूल्ठूला कुण्डल छन् । कुममा कपाल लत्रिएको छ । मूर्तिको गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ । कुम तिर बाट ऊर्ध्ववस्त्र देखाइएको छ । मूर्तिमा जम्मा आठ वटा हात रहेका छन् । दायाँ हातमा क्रमशः वरद मुद्रा, जलपात्र, चक्र र खड्ग धारण गरेकी छिन् भने बायाँ हातमा क्रमशः ध्वज, दर्पण, रत्न र पात्र धारण गरेकी छिन् । कम्मर मुनि धोती लगाइएको छ ।

**केन्द्रमा रहेकी देवीको बायाँ माथि रहेको मूर्ति** : तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीकी बायाँ माथिल्लो भागमा महाशीतवती नामकी देवीको मूर्ति रहेको छ । मूर्ति फलकमा विभिन्न बुट्टा कुँदिएको छ । महाशीतवती मूर्ति फलकमा कमलको माथि वज्रासनमा रहेकी छिन् । यस मूर्तिको तीनवटा शिर रहेको छ । शिरमा मुकुट पहिरिएको छ । अगाडिको शिरको कानमा ठूल्ठूला कुण्डल छन् । मूर्तिको  गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ । कुम तिर बाट ऊर्ध्ववस्त्र देखाइएको छ । मूर्तिमा जम्मा छ वटा हात रहेको छ । दायाँ हातमा क्रमशः वरद मुद्रा, वज्र र वाण रहेको छ भने बायाँ हातमा क्रमशः धनुष, ध्वज र कमलबीज रहेको छ । कम्मरमा पटुकी र धोति लगाइएको छ ।

**केन्द्रमा रहेकी देवीको माथि रहेको मूर्ति** : तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीकी माथिल्लो भागमा बज्रसत्वको मूर्ति रहेको छ । मूर्ति फलकमा विभिन्न बुट्टा कुँदिएको छ । बज्रसत्व मूर्ति फलकमा कमलको माथि वज्रासनमा रहेको छ । यस मूर्तिको एउटा मात्र शिर रहेको छ । शिरमा मुकुट पहिरिएको छ । कानमा ठूल्ठूला कुण्डल छन् । मूर्तिको गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ । कुम तिर बाट उर्ध्ववस्त्र देखाइएको छ । मूर्तिमा जम्मा दुई वटा हात रहेको छ । दाँया हात छातीको समतल सम्म लगेर व्रज धारण गरेको छ भने बायाँ हातले घण्टी समातेको छ । कम्मर मुनि धोती लगाइएको छ ।

**तोरणको माथिल्लो भागको पाता** : तोरणको माथिल्लो पाताको सबै भन्दा तल दायाँ र बायाँ मकर आकृति रहेको छ । तोरणको दायाँ मकरको माथि ज्वालावली भित्र एउटा मूर्ति राखिएको छ । कमलको आसन माथि दुवै हातमा वज्र धारण गरेर छातीको समतल सम्म पुऱ्याएको वज्रहुकांर मुद्रामा एउटा मूर्ति रहेको छ । मुकुट लगाएको एउटा शिर रहेको छ । कपाललाई माथि लगेर टुप्पोमा गजुर बनाइएको छ । कानमा ठूल्ठूला कुण्डल, दुवै कुममा केश

भारेको, हातमा बाला लगाएको, गलामा एउटा मात्र माला लगाएको, पाखुराबाट वस्त्र लगेर पछाडि लहराएको, धोतीको पत्र पनि रहेको छ ।

तोरणको बायाँ मकरको माथिको मूर्ति पनि ज्वलावली भित्र बनाइएको छ। पद्मासनमा ध्यान मुद्रामा विराजमान भिक्षापात्र समातेका बुद्धको मूर्ति रहेको छ । दायाँ र बायाँ रहेका मूर्तिहरुको माथि शङ्ख आकारको बनाइएको छ। उक्त आकारको माथि शिरमा सातवटा फणा भएको नाग कन्याको आकृति बनाइएको छ, जसको कम्मर मुनिको भाग नागको रहेको छ । नाग कन्याहरुले पनि मुकुट पहिरिएका छन् । कानमा ठूल्ठूला कुण्डल, गलामा एउटा हार र दुवै हातले केही समातेको देखिन्छ ।

तोरणको सबै भन्दा माथिल्लो भागमा छेपुले दुवै हातले दायाँ र बायाँ रहेको नाग कन्याको पुच्छर समातेर मुखमा राखेको छ । छेपुका कालो कपाल, डरलाग्दा ठूल्ठूला आँखा रहेको छ । तोरणको सबैभन्दा छेउको भागमा बुट्टा कोरिएको छ । अर्धगोलाकारको माथि स-साना भण्डा आकृति दायाँ बायाँ फर्काएको छ भने त्यसको माथि सानो छाता ओढाइएको छ ।

### ३.१.४.४ पूर्व दिशाको तोरण

हारती माता मन्दिरको पूर्व तर्फ भ्र्यालको माथि एउटा तोरण (चित्र नं. ३) रहेको छ । तोरणलाई कमलको आसन माथि बनाइएको छ । तोरणलाई दुई वटा पातामा विभाजन गरेर अर्धगोलाकार स्वरुपमा बनाइएको छ । तोरणको तल्लो भागमा तीन वटा देवताहरुको मूर्ति राखिएको छ । केन्द्रमा एउटा ठूलो मूर्ति र त्यस मूर्तिको दायाँ र बायाँ एक-एक वटा मूर्ति रहेका छन् । तोरणमा रहेका प्रतिमाहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

**तोरणको केन्द्रमा रहेको मूर्ति :** पूर्व दिशाको तोरणको बिचमा रहेको महावज्रसत्वको मूर्ति हो । महावज्रसत्वको मूर्ति पद्मासनमा बनाइएको छ । यस मूर्तिमा मुकुट पहिरिएको तीनवटा शिर रहेका छन् । शिरको माथिल्लो भागमा गजुर बनाइएको छ । कानमा ठूल्ठूला कुण्डल, गलामा लामो र छोटो हार, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ । कुम तिर बाट उर्ध्ववस्त्र फिजिएर फैलिएको अवस्था देखाइएको छ । यस मूर्तिमा आठ वटा हात रहेका छन् । उक्त आठवटा हात मध्ये दायाँ हातका आयुधहरु तलदेखि माथि सम्म क्रमश: छातीको समतल सम्म पुगेको हातमा वज्र, अंकुश, वाण र खड्ग धारण गरेको छ भने बायाँ

हातमा माथि देखि तलसम्म क्रमशः धनुषको भाँचिएको टुक्रा, दुईवटा हातको आयुध नभएको (सम्भवतः हराएको हुन सक्ने) र घण्टी रहेको छ । शरीरको तल्लो भागमा वस्त्र लगाइएको छ । बिचको महावज्रसत्वको मूर्ति फलक हावादारी बनाइएको छ । बिचको मूर्ति फलकको माथिल्लो भागमा सर्पलाई दुईहातले समातेर मुखमा च्यापेर राखेको छेपु बनाइएको छ। छेपुको तल दायाँ बायाँ मकराकृति रहेको छ र बाँकी भागमा विभिन्न बुट्टाहरु कुँदिएको छ ।

**केन्द्रमा रहेको मूर्तिको दायाँ रहेको मूर्ति :** तोरणको केन्द्रमा रहेका महावज्रसत्वको दायाँ भागमा प्रज्ञापारमिताको मूर्ति रहेको छ । यस मूर्ति फलकमा अग्नि युक्त ज्वालावली रहेको छ । षडक्षरीको मूर्ति वज्रासनमा विराजमान रहेको छ । षडक्षरीको शिर एउटा रहेको छ । शिरमा मुकुट पहिरिएको छ । कानमा ठूल्ठूला कुण्डल रहेका छन् । मूर्तिका चार हात रहेका छन् । गलामा लामा र छोटा हार लगाइएको, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ । प्रमुख दायाँ र बायाँ हात छातीको समतल सम्म पुऱ्याएर धर्मचक्र मुद्रामा रहेको छ भने अर्को दायाँ हातको आयुध हराएको देखिन्छ भने अर्को बायाँ हातमा पुस्तक धारण गरेको पाइन्छ । कम्मर देखि मुनि धोतिको बुट्टा बनाइएको छ ।

**केन्द्रमा रहेको बायाँ रहेको मूर्ति :** तोरणको केन्द्रमा रहेका महावज्रसत्वको बायाँ भागमा षडक्षरी लोकेश्वरको मूर्ति रहेको छ । यस मूर्ति फलकमा अग्नि युक्त ज्वालावली रहेको छ । षडक्षरी लोकेश्वरको मूर्ति पद्मासनमा विराजमान रहेको छ । षडक्षरी लोकेश्वरको शिर एउटा रहेको छ । शिरमा मुकुट पहिरिएको छ । कानमा ठूल्ठूला कुण्डल रहेका छन् । मूर्तिका चार हात रहेका छन् । गलामा लामा र छोटा हार लगाइएको, पाखुरामा केयूर र हातमा बाला लगाइएको छ । प्रमुख दायाँ र बायाँ हात छातीको समतल सम्म पुऱ्याएर अञ्जली मुद्रामा रहेको छ भने अर्को दायाँ हातको आयुध हराएको देखिन्छ भने अर्को बायाँ हातमा पद्म रहेको पाइन्छ । कम्मर देखि मुनि धोतिको बुट्टा बनाइएको छ ।

**तोरणको माथिल्लो भागको पाता :** तोरणको माथिल्लो पाताको सबै भन्दा तल दायाँ र बायाँ मकर आकृति रहेको छ । मकरको माथि पाँच वटा नागको फणा युक्त मानवाकृतिको नाग रहेको छ । नागहरुले हातमा माला समातेका छन् र गरगहनाले अलंकृत पनि रहेका छन् । तोरणको सबै भन्दा माथिल्लो भागमा दुई हातले नागलाई समातेर मुखमा च्यापेर राखेको छेपु रहेको छ । छेपुको कालो कपाल, ठूल्ठूला आँखा देखाइएको छ । तोरणको सबै भन्दा छेउको भागमा विभिन्न कलात्मक बुट्टा कुँदिएको छ । तोरणको माथिल्लो भागमा

दुई तिर फर्किएको झण्डा हुनुपर्ने स्थानमा एक पट्टिको हराएको अवस्था छ। त्यस झण्डाको माथि ध्वजा र ध्वजाको माथि सानो गजुर बनाइएको छ।

## ३.१.५ छानो

नेपाली तल्ले शैलीमा निर्मित यस हारती माताको मन्दिरको छाना दुई वटा रहेको छ। दुवै छानोहरु सामान्य प्रकारको रहेको छ। हारती माताको मन्दिरको माथिल्लो छानाको पूर्व, पश्चिम र उत्तर दिशाको माथिल्लो बिच भागमा *ज्वालान्यूहकं* रहेको छ। दक्षिण दिशामा अरु दिशाको भन्दा पूर्ण रुपको अलि ठुलो *ज्वालान्यूहकं* राखिएको छ। छानाको चार कुनामा सानो मानव वा देवको शिर/मुखाकृति राखिएको छ। त्यही शिरको ठीक अगाडि छानाको कोण चुच्चो पारेर माथि फर्काइएको छ। यो छानो तल्लो छानो भन्दा सानो छ। छानाको तल चारैतिर बुट्टा भएको दुई किसिमको झल्लर लस्करै झुण्ड्याइएको छ। छाना र झल्लरको बिचमा चारैतिर एक हरफको लामो अभिलेख पनि कुँदिएको छ। कतै कतै झल्लर हराएको र बिग्रिएको अवस्था रहेको छ। झल्लरको पछाडि साना साना *फे गँ* (हावाको स्पर्शले बज्ने घण्टी) झुन्ड्याइएको छ। हावा चल्ने बेला त्यो *फे गँ* बाट सुमधुर आवाजले गुन्जायमान हुन्छ। यसै छानाको चार कुनामा एक एक वटा धातु पातामा मूर्ति झुण्ड्याइएको छ। त्यस्तै गरि हरेक छानाको बिच भागमा पनि एक-एक वटा धातु पातामा मूर्ति झुण्डयाइएको छ। माथिल्लो छाना अड्याउन टुँडाल बनाइएको छ। टुँडाललाई पनि माथिल्लो भाग लामो र तलको छोटो गरी दुई भागमा छुट्याइएको छ।

त्यस्तैगरी, तल्लो छानोमा रहेको दक्षिण दिशाको छानाको माथिल्लो भागको बिचमा दुई वटा वेदि माथि एउटा ठूलो सुनौलो रङ्गको *ज्वालान्ह्याकं* रहेको छ। *ज्वालान्ह्याकं*को तीनै तिर पात आकारको फुल बुट्टाले घेरिएको छ। माथिल्लो भागमा गजुर जस्तै गरी सानो छाता ओढाइएको छ। *ज्वालान्ह्याकं*को बिचको गोलाकार भित्र सानो कमलको माथि एउटा वज्र ठाडो पारेर राखिएको छ। वज्रको दायाँ बायाँ सानो आँखा रहेको छ। वज्रलाई केही कपडाले ओढाएको जस्तो देखिन्छ। गोलो पाताको बाहिर ज्वालावली बनाइएको छ। *ज्वालान्ह्याकं*को बाहिरी भागमा पनि अभिलेख छ। यहि *ज्वालान्ह्याकं*को अगाडि दुईवटा पाता रहेको छ। यी पाताहरु पताकाको अवशेष हुन सक्छन्। यस छानाको कोण चुच्चो पारेर माथि फर्किएको छ। त्यसको ठिक पछाडि मुखाकृति रहेको छ। छानाको भित्र पट्टि सानो र ठूलो गरी दुई किसिमको झल्लर राखिएको छ। छाना र झल्लरको बिचमा प्रचलित लिपिमा एक-एक

हरफको अभिलेख छ। छानाको चार कुनामा सानो मानव वा देवको शिर/मुखाकृति राखिएको छ। त्यही शिरको ठीक अगाडि चुच्चो पारेर माथि फर्काएको छ। यो छाना माथिल्लो छाना भन्दा ठूलो छ। छानाको भित्रि भागको चारै कुनामा एक-एक वटा फुलदानी पनि रहेको छ। झल्लरको पछाडि *फे गँ* (घण्टी) पनि सबै दिशामा लस्करै झुण्ड्याइएको छ। हावा चल्ने बेला त्यो *फे गँ* बाट सुमधुर आवाजले गुन्जायमान हुन्छ। यसै छानाको चार कुनामा एक एक वटा धातु पातामा मूर्ति झुण्ड्याइएको छ। त्यस्तैगरी, हरेक छानाको बिच भागमा पनि एकएक वटा धातु पातामा मूर्ति झुण्ड्याइएको छ।

यस छानालाई अड्याउनको लागि चारै दिशामा चार-चार वटा टुँडाल र चार कुनामा पनि एक-एक वटा टुँडाल रहेको छ। हरेक टुँडाललाई लामो र छोटो गरी दुई भागमा विभाजन गरि विभिन्न मूर्तिहरु कुँदिएको छ।

## ३.१.६ गजुर

नेपालका मन्दिरहरुमा सबैभन्दा माथिल्लो भागमा गजुर (चित्र नं. १३) बनाइएको हुन्छ। अरु मन्दिरमा जस्तै गरी यस हारती माताको मन्दिरमा पनि गजुर रहेको छ। तर अरु मन्दिरमा हुने गजुर भन्दा यसमा रहेको गजुर फरक रहेको छ। यस मन्दिरमा दुई वटा छाना रहेको छ। तल्लो छाना भन्दा माथिल्लो छानो सानो छ र छानाको माथिल्लो भागमा एउटा गजुर रहेको छ। गजुरको रुपमा यस मन्दिरको माथिल्लो भागमा सुनौलो रङको स्वयम्भूको प्रतिबिम्बको चैत्य निर्माण गरिएको छ। यस चैत्यलाई कमलको आसनमा राखिएको छ। यस चैत्यमा स्वयम्भू चैत्यको हर्मिकामा जस्तो आँखा, नाक, उर्ण चिह्न भने अंकित गरिएको छैन। त्यस्तैगरि चैत्यको तोरणमा पनि कुनै देवताको चित्र नभई एउटा सानो पुष्प मात्र बनाइएको छ। चैत्यको चारै तिर टुप्पा देखि तल सम्म एक एक वटा छड्के पताका रहेका छन्, जसमा धारीलो किल्ला काँडा जस्तो निकालिएको छ। पताकामा निकै कलात्मक पुष्प बुट्टा बनाइएको छ। यस चैत्यको माथि घण्टी आकारमा फेरी अर्को एउटा सानो गजुर बनाइएको छ। यो गजुर माथि चार वटा सानासाना फुलबुट्टे झण्डाहरु चारतिर ठड्याइएको छ। त्यसको पनि माथि फेरि अर्को छाता आकार बनाइएको छ। पद्मासन माथि बनाइएको स्वयम्भू चैत्यको प्रतिबिम्ब रुपमा रहेको गजुर अत्यन्तै आकर्षक रहेको छ।

## ३.१.७ पताका

हारती माताको मन्दिरको दक्षिण दिशाको छानामा रहेको *ज्वालान्याहक*को पछाडि पट्टिदेखि तीनवटा भिन्न भिन्न लम्बाईका पताकाहरु (चित्र नं. १७) मन्दिरको मूल ढोका तिर झारिएको छ । पताकाहरु सानासाना चारपाटे पातालाई गाँसेर बनाइएको छ । तीन वटा पताका मध्ये सबै भन्दा नयाँ देखिने र सुनौलो रङ्गको पताका सबै भन्दा छोटो छ । यस पताकाको हरेक साना-साना पातामा एक एक अक्षरको हा र ति मा ता श र ण माँ र त्यसको मुनि अर्को अभिलेख लेखिएको छ। पताकाको सबै भन्दा तल पुष्पाकार दिइएको छ र चारैतिर ज्वालावलीको बुट्टा कुँदिएको छ। माँ अक्षरको माथि *'ॐ नमो बुद्धाय'* भनेर लेखिएको छ। पताकाको तल्लो भागको दुई छेउमा रातो गोलो र सानो पात पनि झुण्ड्याइएको छ।

बिचको पताका सबै भन्दा लामो रहेको छ। यस पताकाको हरेक पातामा अष्टमङ्गल (शङ्ख, छत्र, मत्स्ययुग्म, चमर, पूर्णकलश, ध्वज, पद्म, श्रीवत्स) सहित चन्द्र र सूर्यका चिह्नहरु कुँदिएको छ। सबै भन्दा तल पुष्पको आकार बनाएर त्यसमा गर्भगृहमा रहेको हारती माताको मूर्तिको प्रतिबिम्ब स्वरुपमा प्रतिमा बनाइएको छ । पताकामा अंकित हारती माता आफ्ना पाँचजना बच्चाहरु सहित कमलको माथि ललितासनमा विराजमान भई दायाँ हात वरद मुद्रामा रहेको छ । मूर्ति फलकमा ज्वालावली बनाइएको छ भने प्रभामण्डल पनि बनाइएको छ। यस मूर्तिको ठीक माथि *'श्री हारती माता शरणः'* भनी लेखिएको छ।

उक्त पताकाको बिच भागमा एउटा ठूलो सुनौलो रङ्गको पात आकारको पाता राखिएको छ। त्यस पातको सबै भन्दा माथिल्लो भागमा दुई हातले अञ्जली मुद्रा र दुई हात पखेटा संगै माथि उडिरहेको अवस्थामा गरुड रहेको छ । गरुडको दुई खुट्टाले दुई वटा सर्प समातेको छ । गरुडको शिरमा मुकुट, कानमा कुण्डल, पाखुरामा केयूर, हातमा बाला, गलामा सर्पको माला लगाएको छ। गरुडको पछाडि पनि पखेँटा फिजारिएको छ। यस पातमा तीन थरीका बुट्टाहरु कुँदिए पछि त्यसको माथि कमलको फुलको एउटा पाता र त्यसको माथि अर्को एउटा गोलो पाता जोडिएको छ। गोलो पातामा अत्यन्तै कलात्मक तरीकाले झट्ट हेर्दा पूर्ण कलशको आकृति जस्तै देखिने गरी अष्टमङ्गल बनाइएको छ।

तेस्रो पताका जीर्ण अवस्थामा रहेको छ। यसमा रहेको सानासाना चार पाताहरु कुनै छुट्टिएको अवस्थामा छ । पताकाको सबैभन्दा तल्लो भागको पातामा रञ्जनालिपिको कुटाक्षरबाट केही लेखिएको छ भने त्यसको तल एउटा सानो मूर्ति रहेको छ। यही तल्लो

पातामा अर्को दुईवटा साना-साना मूर्ति नरहेको अवस्था छ । यस पताकाको चारैतिर अरुमा जस्तो बुट्टा बनाइएको छैन ।

### ३.१.८ गर्भगृह

हारती माता मन्दिरको गर्भगृहमा छाने शैलीमा दुई तल्ले हारती माता मन्दिरको भित्र पनि हारती माताको मूर्तिको लागि चाँदीको तीन तल्लाको तल्ले शैलीको मन्दिर निर्माण गरीएको छ । यस मन्दिरमा पनि साना-साना टुँडाल बनाइएको छ, जसमा विभिन्न देवताहरु सहित गरुडको पनि आकृति बनाइएको छ । हरेक तल्लामा सानो अक्षरले अभिलेख पनि लेखिएको छ । बाहिरी वास्तुकला जस्तै भित्रको मन्दिरमा पनि हरेक तल्लामा झल्लर र *फे गँ* बनाइएको छ । मन्दिरको सबैभन्दा टुप्पोमा छत्र रहेको छ, जसमा सानो सानो पातहरु झुण्ड्याइएको छ र अष्टमंगलको आकृति पनि कुँदिएको छ । हाल मन्दिरमा १३ वटा पताका रहेको छ । प्रायः पताकामा अष्टमंगलको चिह्न कुँदिएको छ । कुनै कुनै पताकामा अभिलेख पनि राखिएको छ । मन्दिरको दायाँ बायाँ सामान राख्नको लागि खाली ठाउँ रहेको छ । मन्दिरको बायाँ पट्टिबाट माथि जान ढोका रहेको छ । माथिल्लो तल्लामा हारती माताका विभिन्न सामान राख्ने ढुकुटी बनाइएको छ (व्यक्तिगत अन्तर्वार्ता : दीपक बुद्धाचार्य, २०८२-०५-१०) । मन्दिरको पछाडि रहेको चाँदीको पातामा दायाँ बायाँ सूर्यको चिह्न अंकित छ । पुरै मन्दिरमा विभिन्न कलात्मक बुट्टाहरु पनि कुँदिएको छ ।

हारती माता भएको मूर्तिको बाहिरी भागमा चाँदीको तोरण रहेको छ । तोरणको बिचमा उडिरहेको अवस्थामा गरुडको प्रतिमा रहेको छ । गरुडको दुवै छेउमा पाँच-पाँच वटा फणा सहितको नाग कन्या रहेका छन् । गरुडको दुवै खुट्टाले नागलाई समातेको छ । नाग कन्याको छेउमा चरा र मानव शरीर जोडिएको स्त्री मूर्ति रहेको छ । तल पट्टि मकरको मूर्ति रहेको छ । तोरणको तल दुवै पट्टि कलश, कलश माथि हात्ती, हात्तीको माथि सिंह, सिंहको माथि दुवै हात माथि बनाएर भार थामेको देखिने नारी प्रतिमा रहेको छ । तोरणको बाहिरी भागमा (द्वारमा) दुई वटा सानो आकारको सिंहको मूर्ति रहेको छ । हारती माताको ठीक अगाडि भुईंमा च्याप्टो खालको चाँदीको पाता बिछ्याइएको छ । यस पातामा तीन वटा मण्डल पनि बनाइएको छ । तोरण माथि चाँदीको पाता छानाको रुपमा राखिएको छ । दुवै छेउमा मानव मुखाकृति राखिएको छ । छानोको तल चारवटा सानो-सानो टुँडाल रहेको छ ।

भित्रि मन्दिरको बायाँ पट्टि *चा पूजा* गर्ने बेला *मोनिं सिन्ह* बनाउनको लागि *माकचा* राखिएको छ ।

चाँदीको प्रवेश द्वारबाट मन्दिर भित्र प्रवेश गर्ने बित्तिकै दायाँ र बायाँ दुई-दुई वटा गरी चार वटा चाँदीका स्तम्भ रहेका छन् । जस मध्ये दुई वटा स्तम्भमा कलशाकृति सहित विभिन्न बुट्टा कुँदिएको छ । मन्दिर भित्र दुई वटा *इलां* रहेको छ । एउटा ढोका बाट प्रवेश गर्ने बित्तिकै दलिनलाई छोप्ने गरि चाँदिको *इलां* बनाइएको छ । यो *इलां* लगभग १५ वर्ष मात्र पुरानो रहेको जानकारी यस मन्दिरका गुर्जुले जानकारी दिएका छन् । यस *इलां*मा अष्टमंगल सहित विभिन्न कलात्मक बुट्टा कुँदिएको छ । अर्को *इलां* हारती माता मूर्तिको माथिपट्टि रहेको छ । यो *इलां* पनि चाँदीले बनेको छ । *इलां* को बिच भागमा षड्कोण बनाएर हरेक भागमा विभिन्न देवताहरुको स-साना चित्र कुँदिएको छ । षड्कोणलाई गोलो घेरा बनाइ फूल बुट्टा बनाइएको छ । त्यसको बाहिर वज्र आकार बनाइएको छ भने वज्रको बाहिर कंकालले घेरा बनाइएको छ । यस *इलां*को माथि काठको पुरानो *इलां* पनि रहेको छ जुन जीर्ण अवस्थामा रहेको छ ।

यस मन्दिरको गर्भगृह रहेको कोठामा काठबाट निर्मित बुद्धधर्मका क्षेत्रपालका रुपमा चतुर्महाराजको मूर्ति (धृतराष्ट्र, विरुढक, विरुपाक्ष र वैश्रवण) झुन्ड्याइएको छ । मन्दिरको भित्र तीनवटा तोरण रहेको छ । एउटा तोरण दक्षिण फर्केको छ । अर्को तोरण पूर्व फर्केको छ र तेस्रो तोरण पश्चिम फर्केको छ । यी सबै तोरणहरु चाँदीबाट बनाइएको छ । दक्षिणमा फर्केको तोरणको तल वज्रासनमा एउटा मूर्ति रहेको छ जसको दायाँ हात छातीको समतलसम्म लगेर वज्र धारण गरेका छन् भने बायाँ हातमा घण्टी धारण गरी बायाँ खुट्टाको माथि राखेको छ । तोरणको केन्द्रमा कमलको आसन माथि वज्रासन मुद्रामा एउटा मूर्ति रहेको छ । केन्द्रको मूर्तिको दायाँ र बायाँ छोटो अभिलेख पनि रहेको छ । यस मूर्तिको आठवटा हात रहेको छ । मुख्य दायाँ हातमा *ज्वालान्ह्याकं* धारण गरेका छन् भने बायाँ हातमा पास धारण गरेको छन् । दायाँ तल देखि माथि र बायाँ माथि देखि तल सम्मको हातका आयुधहरु क्रमशः वज्र, वाण, खड्ग, परशु, धनुष र घण्टी रहेका छन् । यस मूर्तिको पैतालामा पनि बुट्टा बनाइएको छ । यस मूर्तिको तीनतिर पञ्च बुद्धको मूर्ति बनाइएको छ । दायाँ बाट बायाँ तर्फ भूस्पर्श मूद्रामा अक्षोभ्य, वरद मुद्रामा रत्नसम्भव, धर्मचक्र प्रवर्तन मुद्रामा वैरोचन, ध्यान मुद्रामा अमिताभ र अभय मुद्रामा अमोघसिद्धि रहेका छन् ।

पञ्च बुद्धको माथिल्लो भागको पाताको सबै भन्दा तल दायाँ बायाँ मकर बनाइएको छ भने त्यसको माथि मानवको शरीर रहेको नागको आकृति बनाइएको छ। तोरणको माथिल्लो भागमा दुई खुट्टाले नागहरुको खुट्टा समातेर दुई हातले पखेँटा फिजारेको अवस्थामा गरुड रहेको छ। तोरणको टुप्पामा सानो छत्र बनाइएको छ। तोरणमा रहेका सबै मूर्तिहरुमा कुण्डल, केयूर, बाला, माला लगाइएको छ।

पूर्व फर्केको तोरण हारती माताको मूर्तिको बायाँ पट्टि माथि रहेको छ। वज्रासनमा विराजमान मूर्तिको दायाँ हातमा वज्र र बायाँ हातमा घण्ट धारण गरेका छन्। तोरणको दायाँ बायाँ मकर रहेको छ भने सर्प गुजुल्टीएर बसेको छ। गरुडले सर्पको पुच्छर समातेको छ। तोरणमा रहेका मूर्तिमा कुण्डल, केयूर, बाला, माला लगाइएको छ।

पश्चिम फर्केको तोरण पूर्वको तोरणको ठिक पछाडि रहेको छ। यस तोरणमा दक्षिणको तोरणमा जस्तै तल एउटा सानो मूर्ति, पञ्च बुद्धको मूर्ति तीनतिर बाट बनाइ त्यसको केन्द्रमा एउटा मूर्ति बनाइएको छ। माथिल्लो पाताको दायाँ बायाँ मकर बनाइएको छ भने त्यसको माथि सर्प रहेको छ। तोरणको माथिल्लो भागमा दुई खुट्टाले सर्पहरुको पुच्छर च्यापेर छेपु रहेको छ। हारती माताको मूर्ति अगाडि भुइँको भाग चाँदीले बनाइएको छ। त्यसभन्दा अगाडि पुजारी र भक्तजनहरु बसेर पूजा गर्ने आसन राखिएको छ।

## ३.२ हारती माताको मूर्ति र प्रतिमा लक्षण

हारती माता मन्दिरको गर्भगृहमा दक्षिणाभिमुख फर्केको हारती माताको आफ्ना पाँच जना सन्तान सहितको मूर्ति रहेको छ। हारती माताको मूर्ति एउटा सिंगै कालो ढुंगाले बनाइएको छ। उनी दायाँ हात वरद मुद्रामा राखी ललितासनमा विराजमान रहेकी छिन्। मूर्तिमा बनाइएका हारती माताका पाँच सन्तानहरु धनभाजु, धनमय्जु, वासिंभाजु, वासिंमय्जु र जिलंभाजु हुन्। हारती माताका पाँच बच्चाहरू मध्ये पनि सबैभन्दा मनपर्ने बच्चा धनभाजु हो। सबैभन्दा सानो र सबैभन्दा मनपर्ने भएकोले हारतीले यिनलाई पछाडिपट्टि बोकिराखेकी हुन्छिन्। धनमय्जुलाई कम्मरमा राखेर बोकेकी हुन्छिन्। वासिंभाजु, वासिंमय्जु अलि ठूलो भएकाले काखमा राखेकी हुन्छिन्। जिलंभाजु घुँडा मुनि राखेर मूर्ति बनाइएको पाइन्छ ( वज्राचार्य, २०६६, पृ. १६)।

हारती माता र उनका सन्तानहरुको कानमा कुण्डल, गलामा माला, नाडीमा बाला र खुट्टामा कल्ली लगाइएको छ । हारती माताको मुकुट चाँदीको रहेको छ, जसमा पाँच वटा खप्पर र पाँच वटा विभिन्न रंगको रत्न जडित छ । मुकुटबाट तल खुट्टा सम्म आउने गरी विभिन्न प्रकारका गहनाहरु रहेका छन् । गहनाहरु मण्डलाकार माला, पैसाको माला, विभिन्न रत्न जडित मण्डलाकार माला, चन्द्राकारको माला, *तायो माला,* चाँदीको पिण्डपात्र पनि राखेको देख्न सकिन्छ । हारती माताको मूर्तिको तीन छेउमा (दायाँ, बायाँ, माथि) चाँदीको पाताको तोरण बनाएको छ ।

## ३.३ हारती माता मन्दिरमा रहेको मण्डल

हारती माता मन्दिरको वरिपरि धेरै मण्डलहरु रहेको छ । यी मण्डलहरु सबै धातुबाट बनाइएका छन् । यस मन्दिरको मूल प्रवेश द्वारको ठिक अगाडि एउटा मण्डल (चित्र नं. ११) रहेको छ । यस मण्डलमा हारती माताको सबै भन्दा प्रख्यात पूजा *(छाहाय्के)* गर्ने बेलामा त्यस मण्डलको माथि विभिन्न प्रकारका खानाहरु राखेर मद्य वा छयाङ्ग वा दूध तर्पण गर्ने गरिन्छ । यस मन्दिरको बाहिरी चार कुनामा पनि साना साना मण्डल बनाइएको छ । *छाहायेकेगु* पूजा गर्दा यस मण्डलमा पनि पूजा गर्ने परम्परा रहेको छ ।

त्यस्तैगरि, *छाहाय्के* पूजा गर्ने बेला वज्राचार्य गुरुजु बस्ने स्थानको अगाडि ठूलो एउटा र साना-साना छ वटा मण्डल (चित्र नं. १४) रहेका छन् । वज्राचार्य गुरुजु हारती माता तिर फर्केर बस्ने गर्दछन् । *छाहाय्के* गर्ने बेलाको सम्पूर्ण पूजा विधि त्यही मण्डलको अगाडि एउटा अग्नि कुण्ड बनाइएको छ । गुरुजु बस्ने स्थानको बायाँ पट्टि एउटा ढोका सहितको पितलको बाकस रहेको छ । कलश पूजा गर्ने बेला यहि बाकसमा (चित्र नं. ७) राखेर गर्ने गर्दछन् । बाकसको अगाडि तीन वटा *छाहाय्के* गर्ने बेला तर्पण गर्न तरल पदार्थ राख्नको लागि स्थान पनि बनाइएको छ। *छाहाय्के* गर्ने स्थान सम्म चार तिर पित्तलको खम्बा राखेर बारले छेकेको छ । मन्दिरको पूर्व तिर पनि बिचमा एउटा सानो मण्डल रहेको छ । मन्दिरको पश्चिममा थुप्रै साना-ठूला लिच्छविकाल र मल्लकालका चैत्यहरु रहेका छन् ।

## ३.४ चतुर्महाराज

बज्रयानी बौद्ध परम्परामा चतुर्महाराजलाई चार दिशाका चार दिक्पालको रुपमा मानिन्छ । यस्ता मूर्तिहरु तल्ले शैलीको मन्दिरको चार शूरमा पताकामा झुन्ड्याइएको

हुन्छ । साँखुको बज्रयोगिनी मन्दिरमा र हिमाली बौद्ध धर्म अन्तर्गतको गुम्बाको मूल गर्भगृह भन्दा बाहिर चतुर्महाराजको भित्तेचित्र पनि बनाएको पाइन्छ (व्यक्तिगत अन्तर्वार्ता : डा. निर्मला पोखरेल, २०८२-०५-०५) । स्वयम्भूस्थित हारती माता मन्दिरमा रहेका चतुर्महाराजहरुको बारेमा निम्न रुपमा उल्लेख गरिएको छ :

**विरुढक :** विरुढकलाई बौद्ध धर्मअन्तर्गत स्वर्गका चार महान् राजाहरु मध्ये एक मानिन्छ । उनलाई दक्षिण दिशाका संरक्षकको रुपमा मानिन्छ । उनी सुमेरु पर्वतको बिचमा बस्दछन् । उनले सुमेरु पर्वतको दक्षिणमा अवस्थित सुदर्शन नामक शहरमा शासन गर्दछन् भन्ने मान्यता रहेको पाइन्छ । विरुढकले दक्षिण दिशामा बुद्ध धर्मको संरक्षकको रुपमा नेतृत्व गर्दछन् भनि विश्वास रहेको पाइन्छ । पूर्वजन्ममा शाक्यमुनि बुद्धले विरुढकलाई जम्बुद्वीपमा बुद्ध धर्मको रक्षा गर्नको लागि वाचा गराएको उल्लेख पाइन्छ । विरुढकको शरीर रातो रंगको हुन्छ । उनी क्रोधित स्वरुपमा रहेका हुन्छन् । उनले दायाँ हातमा तरबार र बायाँ हात घुँडामा राखेका छन् । नेपाल मण्डलमा उनलाई खड्गराजको नामले समेत चिन्ने गरिन्छ । उनलाई मन्दिरको दक्षिण दिशामा राख्ने गरिन्छ (Shakya, 1994, p. 183) । खड्गराजले दुवै हातले खड्ग लिएका हुन्छन् (अर्ज्याल, २०५९, पृ. ७९) ।

हारती माता मन्दिरको तल्लो दक्षिण छानाको तलपट्टि झुण्ड्याएर विरुढकको मूर्ति राखिएको छ । उनले दुवै हातले खड्ग समातेका छन् । उनको शिरमा मुकुट रहेको छ । कानमा कुण्डल लगाइएको छ । शरीरमा सुनौलो वस्त्र सहितको कवज लगाइएको छ । नाडीमा बाला लगाइएको छ । खुट्टामा जुत्ता रहेको छ । उनलाई ललितासनमा देखाइएको छ ।

**विरुपाक्ष :** विरुपाक्षलाई बौद्ध धर्मअन्तर्गत स्वर्गका चार महान् राजाहरु मध्ये एक मानिन्छ । उनलाई पश्चिम दिशाका संरक्षकको रुपमा मानिन्छ । उनलाई नागहरुको राजाको रुपमा देखाइएको पाइन्छ । उनले पश्चिम दिशामा रहेर जम्बुद्वीपको रक्षा गर्दछन् भन्ने मान्यता रहेको पाइन्छ । उनको शरीर रातो रंगको छ । उनी क्रोधित स्वरुपमा देखिएका हुन्छन् । उनले दायाँ हातमा भाला र बायाँ हातमा चैत्य समातेर मुठी पारेर समातेका हुन्छन् ( Shakya, 1994, P. 184) । नेपाल मण्डलमा उनलाई चैत्यराजको नामले समेत चिन्ने गरिन्छ । उनको मूर्ति एक मुख भएको, जटा र मुकुट धारण गर्ने गोहीको छालाको कपडा लगाएका, दुई हात भएका, दायाँ हातमा सर्प र बायाँ हातमा चैत्य समातेका हुन्छन् । साथै, खराउ ( जुत्ता) लगाएका छन् भनेर उल्लेख भएको पाइन्छ (अर्ज्याल, २०५९, पृ. ७८) ।

हारती माता मन्दिरको तल्लो पश्चिम छानाको तलपट्टि विरुपाक्षको मूर्ति झुण्ड्याएर राखिएको छ। उनले दायाँ हातमा चैत्य र बायाँ हातमा सर्प समातेका छन् तर प्रतिमालक्षणको आधारमा हेर्दा उनको आयुधहरु दायाँ हातको सर्प बायाँ हातमा र बायाँ हातको चैत्य दायाँ हातमा बनाइएको छ । उनको शिरमा मुकुट रहेको छ । कानमा कुण्डल लगाइएको छ । शरीरमा सुनौलो वस्त्र सहितको कवज लगाइएको छ। नाडीमा बाला लगाइएको छ। खुट्टामा जुत्ता रहेको छ। उनलाई ललितासनमा देखाइएको छ।

**वैश्रवण** : वैश्रवणलाई बौद्ध धर्मअन्तर्गत स्वर्गका चार महान् राजाहरु मध्ये एक मानिन्छ । उनलाई उत्तर दिशाका संरक्षकको रुपमा मानिन्छ । उनी यक्षहरुका राजा हुन् । कतिपयले उनलाई धनको स्वामीको रुपमा समेत मान्ने गर्दछन्। उनी सुमेरु पर्वतको उत्तरमा रहन्छन् । उनको क्षेत्र अत्यन्तै सुन्दर, बहुमूल्य रत्नहरुले सजिएको छ भन्ने मान्यता रहेको पाइन्छ। उनलाई बुद्धले जम्बुद्वीपको उत्तरी दिशामा रहेर बौद्ध धर्मको रक्षा गर्न निर्देशन दिएका थिए भन्ने मान्यता रहेको पाइन्छ। नेपाली बौद्ध परम्परामा वैश्रवणलाई कुबेरको रुपमा समेत चिन्ने गरिन्छ (Shakya, 1994, P. 184) । कुबेर एक मुख र दुई हात भएका, आँखीभौंले डरलाग्दा आँखा भएका छन्। दुई हातमध्ये दायाँ हातमा रत्नपुञ्ज र बायाँमा न्याउरी लिएका तथा रत्नमालाले सिँगारिएका छन् (अर्ज्याल, २०५९, पृ. ७८)।

हारती माता मन्दिरको तल्लो उत्तर छानाको तलपट्टि वैश्रवणको मूर्ति झुण्ड्याएर राखिएको छ । उनलाई ध्वजराज पनि भन्ने गरिन्छ । उनले दायाँ हातमा ध्वज समातेका छन् भने बायाँ हात खण्डित भएको छ । उनको शिरमा मुकुट रहेको छ । कानमा कुण्डल लगाइएको छ। शरीरमा सुनौलो वस्त्र सहितको कवज लगाइएको छ। नाडीमा बाला लगाइएको छ। खुट्टामा जुत्ता रहेको छ। उनलाई ललितासनमा देखाइएको छ।

**धृतराष्ट्र** : धृतराष्ट्रलाई बौद्ध धर्मअन्तर्गत स्वर्गका चार महान् राजाहरु मध्ये एक मानिन्छ। उनलाई पूर्व दिशाका संरक्षकको रुपमा मानिन्छ। उनले भूमि र जीवित प्राणीहरुको रक्षा गर्दछन् भन्ने मान्यता रहेको छ । त्यसैले उनलाई पूर्वी क्षेत्रको रक्षा गर्ने स्वर्गका देवताको रुपमा लिने गरिन्छ । महासंघट सूत्रका अनुसार शाक्यमुनि बुद्धले धृतराष्ट्रलाई जम्बुद्वीपका चार महादेशहरुमा बुद्ध धर्मको अत्यन्त सावधानी पूर्वक रक्षा गर्न भनेको कुरा पाइन्छ। धारणी सूत्रका अनुसार धृतराष्ट्रले दुवै हातले वीणा धारण गरेका हुन्छन्। नेपाल मण्डलमा उनलाई वीणाराजको नामले समेत चिन्ने गरिन्छ। उनलाई मन्दिरको

पूर्व दिशामा राख्ने गरिन्छ (Shakya, 1994, P. 181) । वीणाराजको मूर्ति एक मुख भएका, जटा र मुकुट धारण गर्ने गोहीको छालाको कपडा लगाएका, दुई हात भएका, दुवै हातले वीणा धारण गरेर बजाउने भएका, साथै खराउ (जुत्ता) लगाएका छन् भनेर उल्लेख भएको पाइन्छ (अर्ज्याल, २०५९, पृ. ७८) ।

हारती माता मन्दिरको तल्लो पूर्वी छानाको तलपट्टि धृतराष्ट्रको मूर्ति झुण्ड्याएर राखिएको छ । उनले दुवै हातले वीणा समातेर बजाउन लागेको देखिन्छ । उनको शिरमा मुकुट रहेको छ । कानमा कुण्डल लगाइएको छ । शरीरमा सुनौलो वस्त्र सहितको कवज लगाइएको छ । नाडीमा बाला लगाइएको छ । खुट्टामा जुत्ता रहेको छ । उनलाई ललितासनमा देखाइएको छ ।

आठौँ शताब्दीमा पण्डित अमोघवज्रले चीनमा चतुर्महाराज देवताहरुको पूजा सुरु गरेका थिए (Shakya, 1994, P. 185) । यसरी बौद्ध धर्म अन्तर्गत चतुर्महाराजलाई बौद्ध धर्मको संरक्षकको रुपमा चारै दिशामा राखेर बौद्ध धर्म संरक्षण गरेको विश्वास गर्ने गरिन्छ ।

# अध्याय चार

# हारती माता मन्दिरको अमूर्त सांस्कृतिक सम्पदा

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट स्वीकृत भएको अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ मा अभौतिक सांस्कृतिक सम्पदा भन्नाले नेपालमा परम्परागत रुपमा बसोबास गर्दै आएका जातीय समुदायका एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण हुँदै तथा अभ्यास भई आएका मौखिक परम्परा तथा अभिव्यक्ति, अभिनय तथा मञ्चन कला, सामाजिक व्यवहार, अनुष्ठान, जात्रापर्वहरु, प्रकृति एवं ब्रह्माण्ड सम्बन्धी ज्ञान, परम्परागत कलाकौशल, उत्पादन गर्ने सीप र प्रविधि, परम्परागत खेल, खाद्य परिकारका सीप, पहिरन लगायत आभूषण सम्बन्धी ज्ञान, सम्पदा अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल, स्मरणमा रहेका तर अभ्यासमा नरहेका अमूर्त सांस्कृतिक सम्पदाका विधाहरु समेतलाई सम्झनुपर्दछ (नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८१, पृ. २-३) ।

अमूर्त सांस्कृतिक सम्पदा भन्नाले मौखिक परम्परा, किंवदन्ती, विश्वास, अभिव्यक्ति, रितिथिति, अनुष्ठान, जात्रापर्व, लोकगीत, नाच, अभिनय, सामाजिक व्यवहार, कला, वास्तुकला निर्माण, घरेलु वस्तु उत्पादन तथा बजाउन, नाच्न, बनाउन जान्ने ज्ञान, सीप आदिलाई बुझाउँछ । अमूर्त सांस्कृतिक परम्परा भौतिक रुपमा नदेखिने वा यसलाई छुन नमिल्ने हुँदा यसलाई अभौतिक संस्कृति पनि भनिन्छ (खनाल, २०८२, पृ. १०६) । स्वयम्भूस्थित हारती माता मन्दिरको क्षेत्रफल सानो क्षेत्रमा रहे पनि यो मन्दिर तथा यस क्षेत्रमा रहेका सम्पदासँग जोडिएका अनेकौं कथा, किंवदन्ती, विश्वास लगायत उत्सवपर्व आदि रहेका छन् । यस अध्यायमा हारती माता मन्दिरमा रहेका विभिन्न विषयमा जनसमुदायले निर्माण र विकास गरेका अमूर्त सांस्कृतिक सम्पदाहरुको खोजी र विश्लेषण गरिएको छ ।

## ४.१ हारती माता मन्दिरमा गरिने पूजा परम्परा

अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन गर्दा पूजा परम्परा, पूजा विधि, आदिको अध्ययन अत्यन्तै महत्वपूर्ण मानिन्छ । हारती माताको मन्दिरमा गरिने विविध पूजा परम्परा, पूजा विधि आदिको अध्ययन गरिएको छ । यस हारती माताको मन्दिरमा नित्य पूजा, नैमित्तिक पूजा,

भाकल पूजा, *बुसाधँ पूजा,* सम्यक दान, गुठी परम्परा आदिको पूजा परम्परागत रुपमा हुँदै आइरहेको छ ।

हारती माता मन्दिरमा स्वयम्भू परिसरमा बसोबास गर्ने बुद्धाचार्यहरुले मात्र पूजा गर्ने गर्दछन् । स्वयम्भू परिसर भित्र पहिले मुख्य चार परिवार रहेका बुद्धाचार्य परिवारहरु बढेर हाल तीस परिवार पुगेका छन् । यिनै मुख्य चार परिवार मध्ये पालो पर्ने परिवारले स्वयम्भू महाचैत्य र हारती माता मन्दिरको एक/एक महिना पालैपालो *द्योःपाला*को भूमिका निर्वाह गर्दछन् ।

बुद्धको देशना सुनेर यक्षिणीबाट हारती मातामा परिणत भएर बुद्ध धर्म र सारा जगत्को रक्षार्थको लागि हारती मातालाई विराजमान गराइएको जनविश्वास रहेको छ । यस अर्थमा बुद्ध हारती माताको गुरु भएकोले हारती माताको पूजा गर्नु भन्दा अगाडी स्वयम्भू चैत्यको पूजा गर्नु पर्दछ । त्यसैले स्वयम्भू चैत्य र हारती माताको हरेक दिन चार पल्ट पूजा गर्ने गर्दछन् भने सन्ध्याकालमा एक पल्ट आरती गर्ने गर्दछन् । स्वयम्भू र हारती माता मन्दिरको पूजा बुद्धाचार्य *द्योःपाला*ले गर्ने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता : दीपक बुद्धाचार्य, २०८२-५-१०) ।

त्यस्तैगरी, स्वयम्भूमा रहेको बुद्धाचार्यहरुको आगम घर रहेको छ । यहाँ वर्षको दुई पटक दिशी पूजा तथा दशैं र तिहारमा तान्त्रिक विधिले पूजा हुने गर्दछ । आगम घरमा गुह्य पूजा गर्ने भएकोले स्वयम्भूका बुद्धाचार्य परिवारहरु मध्ये दीक्षा लिएकाहरु मात्र भित्र पस्न पाउँदछन् (व्यक्तिगत अन्तर्वार्ता : दीपक बुद्धाचार्य, २०८२-५-१०) ।

स्वयम्भूमा बुद्धाचार्यहरु पालो बस्ने नरहेमा वा कुनै कारणवश कोही नभएमा बुङ्गमतीका पाञ्जुहरु आई पूजा गर्न आउनु पर्छ । बुङ्गमतीहरुका कोही नभएमा स्वयम्भूका बुद्धाचार्यहरु गई पूजा गर्नुपर्छ । ती दुई स्थान बीचमा वैवाहिक सम्बन्धलाई निषेध गरिएको छ (वज्राचार्य, २०६६, पृ. ५०) ।

## ४.२ नित्य पूजा

कुनै पनि मन्दिरको महत्व भनेको उक्त मन्दिरमा गरिने विभिन्न किसिमका धार्मिक गतिविधि, पूजा, जात्रा आदि हुन् । मन्दिरको सजीवता भनेकै दैनिक रुपमा गरिने नित्य पूजा नै हो । देवताको प्राणप्रतिष्ठा गरेका मन्दिरहरुमा प्रायजसो नित्य पूजा हुने गर्दछ ।

यसैगरी स्वयम्भूस्थित हारती माता मन्दिरमा पनि नित्य पूजा हुँदै आइरहेको छ। हारती माता मन्दिरको नित्य पूजा स्वयम्भू परिसरमा बसोबास गर्ने बुद्धाचार्यहरुले मात्रै पूजा गर्ने गर्दछन् ( व्यक्तिगत अन्तर्वार्ता : दीपक बुद्धाचार्य, २०८२-५-१०) । हारती माताको नित्य पूजा दिनमा पाँच पटक गरिन्छ ।

हरेक बिहान *द्योःपाला* गुरुजुले सबेरै सबैभन्दा पहिले सरसफाई गरी मन्दिरको ढोका खोल्दछन्। त्यसपछि *निलः*, गाईको दूध, घ्यू आदिले स्वयम्भू महाचैत्यलाई महास्नान गराएपछि मात्र हारती मातालाई स्नान गराएर मन्दिर बाहिर रहेको ठूलो घण्ट बजाउँदछन्। मन्दिरहरुमा *द्योःपाला*ले पूजाहरु गर्दा अरु मानिसले छुन हुँदैन । बुद्धाचार्य गुरुजुहरुले महास्नान गराउँदा खाली खुट्टा सहित वस्त्र लगाउनु पर्दछ ।

बुद्धाचार्य गुरुजुहरुले सबेरै ब्रह्ममुहुर्तमा पहिला स्वयम्भू अमिताभ बुद्धलाई स्नान गराएर देवता जगाएपछि मात्र हारती माता मन्दिरमा नित्य पूजा गर्दछन्। बिहान सबेरै हारती माता मन्दिरका गुरूजुले सबै सरसफाई गरी चोखो भई मन्दिरको ढोका खोल्दछन् । मन्दिर खोल्ने बित्तिकै मन्दिरभित्र बायाँपट्टि रहेको घण्ट बजाउँदछन् र हारती मातालाई स्नान गराउने गर्दछन्। हारती मातालाई स्नान गराएर, धुपबत्ती, आरती गरेर जगाउने कार्य गर्दछन्। हारती मातालाई जगाउने बेलामा गुरुजुले *"ओं यतमंगलं पबर धर्म धरस्य निस्ते दयनी बितस्य समामकस्य सत्व प्रकारस्ये चतुर दस्य तत्मंगलं भबँतुते प्रणमाभिषेक"* को मन्त्र पढ्ने गर्दछन् (वज्राचार्य, २०६६, पृ. ४९) ।

हारती माता मन्दिरमा बिहान करिब आठ बजे बुद्धाचार्य गुरुजुले *माझं* पूजा गर्ने गर्दछन् । पहिला स्वयम्भू भगवानको दर्शन गरेर मात्र हारती माताको मन्दिरमा पूजा गरिन्छ । यस पूजा गर्दा पनि मन्दिर भित्रको घण्ट बजाउने प्रचलन रहेको छ । त्यस पछि स्वयम्भू भगवानको पूजा गरिन्छ। यो पूजाको लागि पुजारीले चाँदीको थाल, चाँदीको कचौरा र चाँदीकै सामानहरु प्रयोग गरी अक्षता, फूल, अबीर, समय्बजी राखी पूजा गरिन्छ। स्वयम्भूको पञ्चबुद्धको पूजा गर्न नैवेद्य राखी पूजा गरिन्छ।

हरेक दिन स्वयम्भू महाचैत्य र हारती मातालाई भोजन चढाउने परम्परा पनि रहिआएको पाइन्छ। भोजन चढाउने बेला भात अनिवार्य रुपमा चाहिन्छ। भात सँग पञ्चामृत, रोटी आदि राखेर चढाउने गरिन्छ । भोजन चढाउने काम पनि *द्योःपाला*ले गर्ने गर्दछन् (

व्यक्तिगत अन्तर्वार्ता : दीपक बुद्धाचार्य, २०८२-५-१०) । भोजन चढाउने प्रचलन ने.स. १०४० (वि.सं. १९७६) पौष कृष्ण नवमी देखि भएको हो (वज्राचार्य, २०६६ ,पृ. ५०) ।

हारती माता मन्दिरको नित्य पूजा मध्ये एक पूजा *बाह्नी* पूजा हो । *बाह्नी* पूजा मध्याह्न १२ बजे *द्यो:पालाले* बिहानको जस्तै गर्ने नित्य पूजा हो । त्यस्तैगरि हारती मन्दिरको नित्य पूजा गर्ने क्रममा दिउँसोको करिब ३ बजे तिर *द्यो:पालाले* बिहानको जस्तै गरि गरिने पूजालाई स्वफो पूजा भनिन्छ । प्रत्येक दिन साँझ स्वयम्भू महाचैत्यमा सन्ध्या आरती हुन्छ । स्वयम्भू महाचैत्यमा आरती गरी सकेपछि हारती माताको मन्दिरमा सन्ध्या आरती हुन्छ। सन्ध्या आरती गर्ने बेला कुनै पनि पूजा गर्नु पर्दैन। आरती दिने समयमा अरु भक्तजनहरु बाहिर बसेर नामसंगीती पाठ गर्ने प्रचलन रहेको छ ।

## ४.३ नैमित्तिक पूजा

तिथि मिति र पर्व विशेषको महत्वको कारण हारती माता मन्दिरमा विभिन्न कार्यहरू सम्पन्न हुने गर्दछन् । यस्ता पर्व विशेष महत्वको कारणले हुने हुनाले यस्ता पूजालाई नैमित्तिक पूजा भनिन्छ । मन्दिरमा सम्पन्न गरिने यस्ता नैमित्तिक पूजाहरू हारती माता मन्दिरलाई प्रमुख मानेर गरिने गरिन्छ ।

### ४.३.१ *बुसाधँ पूजा (अजिमा, झ्याल र तिसाविचा)*

***अजिमा बुसाधँ :*** सामान्यतया *बुसाधँ* भनेको कुनै देवदेवी स्थापना गरेर, त्यसको प्रतिस्थापन गरेको दिनको स्मरण गरेर मनाउने पर्व हो । जसरी मानिसहरुको जन्म भएको दिनलाई स्मरण गरेर जन्मदिन मनाउने गरिन्छ, त्यसरी नै देवदेवीको स्थापना गरेर *बुसाधँ* गर्ने गर्दै आइरहेको पाइन्छ। देवी देवता वा मन्दिरको जन्मोत्सव अथवा स्थापना भएको दिनमा गरिने पूजालाई *बुसाधँ* भनिन्छ । *बुसाधँ*को अर्थ स्थापना दिवस अथवा जन्मोत्सव हो भन्न सकिन्छ ।

कुनै पनि बहाबही अथवा सार्वजनिक स्थलमा देवदेवीको स्थापना गरेर पूजाआजा गरिन्छ भने उक्त बहाबही, मन्दिरमा हरेक वर्ष *बुसाधँ* गर्ने गरिन्छ । सामान्यतया देवदेवीको स्थापना जसले गरेको हो, उसैले *बुसाधँ* पुजा गर्ने परिपाटी रही आएको पाइन्छ । तिनीहरुको परिवारबाट गुठी सञ्चालन गर्ने गरेको पनि पाइन्छ । यसरी *बुसाधँ* पुजा

पारिवारिक, सामुदायिक अथवा गुठीयारहरुले नै गर्दै आइरहेको देखिन्छ । *बुसाधँ* पुजा गर्दा मन्दिरमा रङ्गरोगन गर्ने, सरसफाइ गर्ने आदि गरिन्छ ।

स्वयम्भूको हारतीलाई अजिमा पनि भनिन्छ । उक्त स्थानको ढुङ्गाको हारती मूर्तिलाई सुन चाँदीको मूर्ति कवच बनाई भक्तजनले समय-समयमा चढाउने गरेको देखिन्छ। यसरी हारतीको कवच बनाएर चढाउने र त्यसरी चढाइएको स्मरण गर्न र प्रतिस्थापन दिनको सम्झना स्वरूपमा अजिमा बुसाधँ भनेर वर्षको एकचोटि पूजा पनि गरिँदै आइरहेको छ। यसै क्रममा ने.सं. १०३२ (सन् १९११) कार्तिक सप्तमीको दिनमा ललितपुरको धोबीघाटको रजकहरूले पनि चाँदीको हारती अजिमाको कवच बनाई चढाएको उपलक्ष्यमा कार्तिक अष्टमी (मुखःअष्टमी) को दिनमा बुसाधँ गर्दै आइरहेका छन् । त्यस दिनमा हारतीको भित्री पूजा सकिएपछि हारतीको कवच जिम्मा लिइरहेका र गरगहना जिम्मा लिइरहेका स्वयम्भूका बुद्धाचार्यहरूलाई भोज खुवाई दक्षिणा दिई उनीहरू फर्कने गर्दछन् (वज्राचार्य, २०६६, पृ. ६४) । समय-समयमा चढाउन ल्याइएका हारतीको मूर्ति र कवचहरू स्वयम्भूका बुद्धाचार्य परिवारहरूले संरक्षण गर्दै आइरहेका छन् ।

रणबहादुर शाहले स्वयम्भूको हारती माताको मूर्तिलाई क्षति गरिसकेपछि क्षमा मागी पुन स्थापना गरेको पाइन्छ। सो मूर्ति जनबहाका कंसाकारहरूले राखी प्रतिस्थापन गरिएको भनिन्छ। त्यसैले *अजिमा द्यो बिचा पूजा* भनि कंसाकारहरू हरेक बर्ष आषाढ शुक्ल पूर्णिमाको दिनमा *न्ही पूजा* गर्न आउछन्। यस पूजा गरुन्जेल सम्म मन्दिरमा चढाउन ल्याएको सामग्रीहरू उनीहरूले नै लिने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता : अशोक काजी बुद्धाचार्य, २०८०-०५-१७)।

***झ्याः बुसाधँ :*** स्वयम्भूस्थित हारती माता मन्दिरमा ने.सं. १०२२ मा शाही थरका परिवारले झ्याल चढाएर जग्गा पनि आयस्ता राखी *झ्याः बुसाधँ* गुठी सञ्चालन गरेका थिए, जुन हालसम्म पनि निरन्तर चलिरहेको पाइन्छ (वज्राचार्य, २०६६, पृ. ६२) । झ्याल राखेको दिनमा स्वयम्भूका बुद्धाचार्यहरुले हरेक वर्ष माघ कृष्णपक्षको अष्टमीको दिनमा *झ्याः बुसाधँ* गुठी मनाउँदै आइरहेको पाइन्छ । यही अवसरमा उक्त शाही थरका परिवारलाई भोजको निमन्त्रणा गर्ने प्रचलन रहेको पाइन्छ तर हाल आएर भोज ग्रहण गर्नलाई कोही पनि आएको पाइँदैन (व्यक्तिगत अन्तर्वार्ता : अशोक काजी बुद्धाचार्य, २०८०-०५-१७)। यस *झ्याः बुसाधँ* गुठी मनाउँदा जसको गुठी पालो हो, उसले हारती माताको मन्दिरमा छ्याह्याके पूजा गरी स्वयम्भू भगवानलाई सत्व पूजा गरी, सोही झ्याललाई पनि पूजा गरेर *झ्याः*

*बुसाधँ* सम्पन्न गर्दछन् । हारती माता मन्दिरमा शाही थरका परिवार लगायत अन्य व्यक्तिहरुले पनि झ्याल राखेको कुरा उक्त स्थानमा रहेको झ्यालको माथिपट्टि कुँदिएको अभिलेखबाट जानकारी हुन्छ तापनि गुठी सञ्चालन गर्नको लागि आयस्ता स्वरुप खेत यिनै शाही परिवारले मात्र राखेको पाइएको छ (वज्राचार्य, २०६६, पृ. ६२) ।

***तिसाविचा :*** नेपाल भाषा (नेवारी) मा *तिसा* भनेको गरगहना, आभूषण हो । *विचा* भनेको हेरविचार गर्नु भन्ने हुन्छ । यसरी *तिसाविचा* भनेको गरगहनालाई सरसफाई गरेर हेरविचार गर्नु भन्ने हुन्छ । देवदेवीलाई लगाइदिएका गरगहना र समय समयमा चढाइएका गरगहनाहरुलाई सरसफाई र हेरविचार गर्ने गरिन्छ । देवदेवीले घाँटीमा लगाउने चन्द्रहार, सानो, ठूलो किसिमको सिक्री, हातमा लगाउने बाजु, टाउकोमा लगाउने मुकुट ( *किकिम्पा*) आदि गरगहनालाई निकालेर सरसफाई र हेरविचार गरिन्छ । कुनै गरगहना टुटेफुटेको भएमा जडान गरेर राख्ने गरिन्छ । *बुसाधँ* पूजा गर्नुभन्दा २/३ दिन अगाडि गरगहनाहरु निकालेर सफा गर्ने गर्दछन् । गरगहनाहरु गुठीका सदस्यहरुले संरक्षण गर्ने गर्दछन् ।

देवदेवीलाई चढाउने गरगहनाहरु सुन, चाँदी, तामा, पित्तल आदि बाट बनाइएका हुन्छन् । प्रायजसो चाँदीका गरगहनाहरु चढाउने गरिन्छ । देवदेवीको *बुसाधँ* पुजा गर्नु भन्दा अगाडि देवदेवीले लगाएका विभिन्न किसिमका गरगहनाहरु निकालेर साबुन पानी, सरफ पानी, केमिकल प्रयोग गरेर सफा गरेर, सफा कपडाले पुछेर सुकाउने गरिन्छ । यसरी सुकाइ सकेपछि तिलको तेल लगाई सफा र चिटिक्क बनाएर सुरक्षित साथ राख्ने गरिन्छ । यसरी चढाइएका यी गरगहनाहरुको गणना गरी पुरानो अभिलेख सँग मेल गरी हेर्ने चलन रहेको छ । यसबाट बहुमूल्य सामानहरु हराउने, चोरी हुने सम्भावना घट्ने हुन्छ ।

भक्तजनहरूले चढाएको सामग्री अथवा गरगहनाहरूको रेखदेख गरी सो *तिसा* (गहना) लाई पनि पूजा गर्नुलाई *तिसाविचा* भनिन्छ । *तिसा* राखेकाहरू कसैले *कलः पूजा* गर्दछन् भने कसैले *छ्याह्याके* पूजा गर्दछन् । यस प्रकारको पूजा आफूले गहना चढाएको तिथिको दिनमा वर्षमा एकपटक हारती माता र सो गहनालाई पूजा गर्न आउँछन् । कोही भक्तजनले मन्दिरमा नै गहना चढाएर गुरुजुलाई जिम्मा लगाउने गर्दछन् भने कोहीले घरमा नै हारती मातालाई प्रतिस्थापन गरी गहना मात्र ल्याई मन्दिरमा पूजा हुञ्जेल मातालाई लागाइ दिएर पूजा समापन भएपछि फेरी आफ्नै घर फिर्ता लाने गरेको पाइएको देखिन्छ । धेरै वर्ष देखि

*तिसाविचा* गर्न नआएका गहनाहरूलाई भने गुठी सस्थांनले आफ्नो अन्तर्गत लिने गरेको कुरा अन्तर्वार्ताको क्रममा पाइएको छ (व्यक्तिगत अन्तर्वार्ता : अशोक काजी बुद्धाचार्य, २०८२-०५-१७) ।

*बुसाधँ* पुजा गर्ने बेला पुनः गरगहनाहरु देवदेवीलाई विधिपूर्वक लगाइदिएर सुसज्जित पारिन्छ । *बुसाधँ* र *तिसाविचा*को पूजा स्थापना दिवस वा जन्मोत्सवको समयमा गर्ने हुनाले यस समयमा गुठीयारहरुले पुजापाठ सकेपछि भोज खाने गर्दछन् ।

## ४.३.२ *मचा पूजा*

भाद्र शुक्लपक्ष द्वादशीको दिनमा काठमाडौंस्थित नरदेवी स्थानका तुलाधरको परिवारद्वारा स्वयम्भूका गुरुजुका बालबच्चा लगायत आफन्तहरूका बालबालिकालाई स्वयम्भूस्थित हारती माता मन्दिरको प्राङ्गणमा राखेर पूजा गर्ने गरिन्छ । यस किसिमको पूजामा *इहि* वा चूडाकर्म नगरेका बालबच्चाको मात्र सहभागिता गराइन्छ। सबै बच्चाहरूलाई हारती माताको मन्दिर प्राङ्गणको पूर्व पट्टि राखेर टीका लगाएर दक्षिणा दिइ *समयबजी* भाग दिइन्छ। त्यसपछि परिवारबाट सक्दो सामानहरू समेत बच्चाहरूलाई दान दिइन्छ । यस्तो पूजामा तुलाधरका परिवार र आफन्तहरूलाई बोलाएर दान दिन लगाउने गरिन्छ (व्यक्तिगत अन्तर्वार्ता : दीपक बुद्धाचार्य, २०८२-५-१०) ।

## ४.३.३ *म्ह्यायमचा बुसाधँ*

काठमाडौंको जनबहाल केलटोलका बासिन्दाहरूको *कसाः* गुठीबाट माघको श्रीपञ्चममीको दिनमा हारतीलाई म्ह्याय्मचा वा छोरीको रूपमा पूजा गरिन्छ, जसलाई *म्ह्याय्मचा बुसाधँ* पनि भनिन्छ । उक्त दिन स्वयम्भूको एकजना पुरोहित बुद्धाचार्यबाट स्वयम्भूको हारती स्थानमा पूजा गराइन्छ । पूजाको लागि सामानको जोरजाम केलटोलका *कसाः* गुठीबाट गरिन्छ । त्यहाँ पूजा भइरहेको समयमा बाहिरबाट कसैले पूजा गर्न आएमा हारतीलाई चढाउन ल्याएको सम्पूर्ण भाग उक्त गुठीको नै हक लाग्दछ (व्यक्तिगत अन्तर्वार्ता : अमिर बुद्धाचार्य, २०८२-०६-११) । हारती माताको *बुसाधँ* पूजा हुने बेलामा *कलः* पूजा र अन्य पूजा *बुसाधँ* पूजा सकिएपछि मात्र गरिन्छ । अन्य मानिसहरुले पूजा गर्न नै नहुने भने होइन । उक्त पूजामा केलटोलका गुठीका मानिसहरूलाई भोज खुवाउने गरिन्छ । तर गुठीका छोरीबेटीहरूलाई भने बोलाइँदैन (वज्राचार्य, २०६३, पृ. ६३) । हारती

अजिमालाई छोरी सम्झेर पूजा गर्ने भएकोले उक्त बुसाधँलाई *म्ह्यायमचा बुसाधँ* पनि भनिएको हो ।

उक्त पूजा सकिएपछि स्वयम्भूको पुरोहित थकाली, हारतीको पालोवाला पुजारीलाई भोज खुवाउनुको साथै *कसाः* गुठीका गुठियारहरू सबैलाई भोज खुवाइन्छ । पहिला पूजा सकिएपछि *इमा ल्वहँ* भन्ने ठाउँमा भोज खुवाउने गरिन्थ्यो भने हाल स्वयम्भूको *कसाः ख्यः*मा भोज खुवाउने गरिन्छ । स्वयम्भूको हारती पालोवालाले भोज खान जान *कोखा* (रातो कपडाको माला), स्वयम्भूको प्रसाद स्वरूप फूल, फलफूल लिएर जाने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता : अशोक काजी बुद्धाचार्य, २०८२-०५-१७) ।

## ४.४ भाकल पूजा

मानिसहरुले आफूले इच्छा गरेको कुरा, वस्तु प्राप्त गर्नको लागि देवस्थल, मन्दिर लगायत पवित्र स्थलहरुमा गएर भाकल गर्ने गर्दछन् । आफूले कामना गरेको कुरा पूर्ण भएपछि भाकल गरे अनुसार पूजा गर्न भक्तजनहरु आउने गर्दछन् । यस हारती माता मन्दिरमा मानिसहरुले विभिन्न किसिमका कामनाहरु राखेर भाकल गर्ने गर्दछन् । विशेषगरी बालबालिका सँग सम्बन्धित रहेर भाकल गर्ने गरिएता पनि अन्य कुराहरुको लागि पनि भाकल गर्ने गरेको पाइन्छ ।

### ४.४.१ *छ्याहायके पूजा*

स्वयम्भु पुराणमा उल्लेख भए अनुसार हारती माता बुद्धको उपदेश सुनेर बुद्ध धर्मका संरक्षक बनिसके पछि बुद्धले उनका ५०० जना सन्तानलाई भोजनको व्यवस्थाको लागि *छ्याहायके* (चित्र नं. ६) पूजा परम्परा सुरु गरेको जनविश्वास पाइन्छ ।

हारती माता बौद्ध धर्मावलम्बिहरुको लागि एकदम शक्तिशाली देवीको रुपमा प्रतिस्थापित भएको पाइन्छ । हारती माताले दुःख, पिडा, भय, त्रास परेकाहरुलाई रक्षा गर्दछिन् भन्ने जनमानसमा विश्वास रहेको छ । मानिसहरुमा विभिन्न समस्या आइपरेको बेला आफ्नो मनोकांक्षा पूरा होस् भनेर हारती मातालाई *छ्याहायके* पूजा गर्ने भाकल राख्ने गर्दछन् । मनोकामना पुरा भए पछि आफ्नो समयानुकूल पारेर हारती मातालाई *छ्याहायके* पूजा गर्ने गर्दछन् ।

हारती माता मन्दिरमा विभिन्न पूजाहरु हुने गर्दछ । त्यस मध्ये *छाहाय्के* पूजा गर्नेहरुको संख्या धेरै रहेको पाइन्छ । यो पूजा गर्न पहिले नै नाम लेखाएर टिकट लिनु पर्दछ । यो पूजा हारती माता मन्दिरको सबै भन्दा प्रख्यात पूजा रहेको पाइन्छ ।

यस *छाहाय्के* पूजा स्वयम्भूका गुर्जुहरुले गर्दैनन् । यो पूजा गर्नको लागि बाहिरका बज्राचार्य गुर्जुहरुले पूजा सम्पन्न गर्दछन् । *छाहाय्के* पूजा गर्न आउने भक्तजनको संख्या धेरै भएको दिनमा एकै जना गुर्जुले मात्र गर्न सम्भव नहुने भएकोले अर्को गुर्जुले पालो फेर्ने चलन रहेको छ । यो पूजा भाकल गर्ने व्यक्ति आउन नसक्ने अवस्था भएमा परिवारजनले भए पनि ती व्यक्तिको नाममा पूजा गरिदिने गर्दछन् ।

भक्तजनहरुको अटुट आस्था र विश्वासका कारण विदेशमा रहेकाहरुले पनि भाकल राख्दछन् र मनकामना पूरा भए पछि हारती माता मन्दिर सम्म आउन सम्भव नहुने अवस्थामा पूजामा लाग्ने लागत पठाई गुर्जु मार्फत पनि पूजा सम्पन्न गराउन सकिन्छ । यो पूजा सम्पन्न गर्नको लागि करिब दुई घण्टा जति समय लाग्दछ । पूजा गर्ने भक्तजनहरु धेरै भएको बेला बिहान देखि नै पूजा सुरु गर्ने गर्दछन् । यस पूजामा सहभागि हुनको लागि पालो आएको परिवारहरु पूजा सम्पन्न नहुँदा सम्म खाली पेट बस्नु पर्दछ ।

*छाहाय्के* पूजामा चाहिने पूजा सामग्रीहरु जजमानले स्वयम्भूबासीहरु सँग पैसा तिरेमा उपलब्ध गराइदिन्छन् । जजमानहरुले आफ्नो घरबाट फूल, चामल, फलफूल आदि सामग्री स्वेच्छाले लाने गर्दछन् ।

हारती माता मन्दिरको मूल प्रवेश द्वारको ठीक अगाडि एउटा मण्डल (चित्र नं. ११) रहेको छ । यहि मण्डलमा हारती माताका बाँकी सन्तानको उपस्थिती रहेको छ । *छाहाय्के* पूजा विधिमा यहि मण्डलमा हारती माताका सन्तानहरुलाई विभिन्न प्रकारका परिकार राखेर चढाइन्छ । सो मण्डलमा नै जजमानलाई रक्सी वा छ्याङ वा दूधको धाराले तर्पण (चित्र नं. ८) गर्न लगाउँछ । हारती माताको पूजा गर्ने बेला सबै कुरा ६/६ वटा चढाउनु पर्दछ । पूजा गर्नको लागि *बौ भेग* (बलि भाँडो), आंखोरा (मद्य राख्ने भाँडो), सुकुन्दा (गणेशको मूर्ति सहितको बत्ति बाल्ने दियो), *धौः पति* (दहि राख्ने भाँडो), हारती पिण्ड, *क्वतः* (एक प्रकारको पूजा राख्ने भाँडो) आदि राखिएको हुन्छ ।

## *छ्वाहायूके* पूजा विधि

पूजा गर्ने बेला गुर्जु हारती माता तर्फ उत्तर फर्केर मण्डलको (चित्र नं. १०) अगाडि बस्दछन् । भाकल गर्ने व्यक्ति गुर्जुको दायाँपट्टि बस्दछन् । *छ्वाहायूके* पूजा विधि सबैभन्दा पहिले सूर्यलाई साक्षी राखेर संकल्प गर्दै पूजा अगाडि बढाउने गर्दछन् । गुर्जुले विभिन्न पाठ तथा मन्त्रोच्चारण गर्दै हारती मातालाई आह्वान गरी कलशमा (चित्र नं. ९) सोधन गर्दछन् । यो पूजा विधि बज्रयानी परम्परा अनुसार गरिने भएकोले बज्र र घण्टको पनि विशेष महत्व रहेको हुन्छ । त्यसैले बज्र, घण्ट र शङ्खको पनि पूजा गर्दछन् । पूजाकै क्रममा सबै भन्दा पहिला गुरुमण्डल पूजा गरी *सिन्ह पूजा, मोहनी फयेगु* (कालो टीका बनाउने) का साथसाथै मन्दिर भित्रको हारती माता र उनका पाँच सन्तानलाई स्नान गराएर, निधारमा अबिर लगाइ दिएर दृष्टि खुलाउनको लागि चाँदीले बनेको आँखा लगाइ दिन्छन् ।

त्यसपछि *थापी स्वनेगु* (पूजा सामग्री सोधन गर्ने) भनेर मासु, *ख्याए* (दहि र तोरीको तेलको मिश्रण), सुकेको माछा, *समय् खोला* , रक्सी आदि राखी त्यसलाई पनि पूजा गर्दछन् । पहिला यो पूजा मन्दिर भित्र नै गरिन्थ्यो भने अहिले पूजा गर्ने गुर्जुको बायाँ पट्टिको पित्तलको बाकसमा सोधन गर्ने गर्दछन् । *छ्वाहायूके* गर्ने घैंटो र *आंखोराह*रु पनि यसै बाकसको छेउमा नै सोधन गरिएको हुन्छ । त्यस पछि सुकुन्दा, *धौःपति,* हारती पिण्ड आदि पूजा थालीमा राखी मन्दिर भित्र लग्दछन् । यस पश्चात् जजमानहरुले *बौभ्यगः*मा सुरा चढाउने कार्य गर्दछन् । *बौभ्यगः*मा भात, *छ्यावि,* कालो भटमास, अदुवा, लसुन, बेसार, ज्वानो, मेथि, हाँसको अण्डा, *बौस्वां* (बलिमा चढाइने एक किसिमको फूल), ध्वजा, *चुचुमिचा* (राँगाको मासुको हरेक भाग) त्यस बलिभाँडोमा राखेको हुन्छ ।

*छ्वाहायूके* गर्दा स्तोत्र पढी दुई जना पुरुष अथवा दुई जना महिलाले मन्दिरको ठीक बाहिरको मण्डलमा राखिएको *बलि*मा रक्सी वा छ्याङ वा दूधको धाराले तर्पण गर्न लगाउँछन् । यसरी तर्पण दिँदा अनिवार्य रुपमा दुवैजना पुरुष हुनुपर्ने अथवा दुवैजना महिला हुनुपर्ने प्रचलन रहेको छ । सो पश्चात् *चाकः पूजा* भनी मन्दिर को चार कुनामा रहेको मण्डलको पूजा गर्दछन् । यसरी अन्तिममा हारती माताको दर्शन गरी गुर्जु र गुरुमा बाट टीका, फूल, प्रसाद ग्रहण गरी पूजा समापन हुन्छ ।

### ४.४.२ *चा पूजा*

नेपाल भाषामा *चा* भनेको रात्री भन्ने हुन्छ । त्यस अर्थमा *चा पूजा* भन्नाले रातमा गरिने पूजा भन्ने हुन्छ । यो पूजा सन्ध्या आरती सकेपछि मात्र गर्ने गरिन्छ । *चा पूजा* भनेको जजमानहरुको मनोकामना पूरा होस् भनेर वा मनोकामना पूरा भइसकेपछि गर्ने चलन रहेको छ । जजमानको आग्रह अनुसार इच्छा पूरा होस् भनी शुद्ध चित्तले परिवारको सुस्वास्थ, कार्य सफल, धन धान्यले सम्पन्न होस् आदिको कामनाको लागि गुर्जु सँगै मन्दिर भित्र हारती माताको अगाडि नै बसेर सम्पन्न गरिन्छ । यो पूजा *छाहाय्के* पूजा जस्तो लामो हुँदैन । यस पूजामा गुर्जु हारती माताको बायाँ (पश्चिम फर्केर) बस्दछन् भने जजमान हारती माता तिर फर्केर बस्दछन् । गुर्जुले हारती माताको अगाडि गुरुमण्डल बनाई विधि पूर्वक पूजा अगाडि बढाउँछन् । यस पूजामा चाहिने सामाग्रीहरु सबै त्यही उपलब्ध गराउने चलन पनि रहेको छ । हारती माताको हरेक पूजामा छ वटा भाग राख्नु पर्दछ । यो पूजा विधिमा *छाहाय्के* पूजामा जस्तो बलि राख्नु पर्दैन (व्यक्तिगत अन्तर्वार्ता : दीपक बुद्धाचार्य, २०८२-०५-१०) ।

### ४.४.३ *कल: पूजा*

हारती माताको मन्दिरमा हुने विभिन्न पूजाहरु मध्ये अर्को एउटा *कल: पूजा* पनि भाकल पूजाको रुपमा रहेको छ । यो पूजा पनि भक्तजनहरुले आफ्ना विभिन्न किसिमका मनोकाङ्क्षा राखी पूरा होस् भनी भाकल राख्ने गर्दछन् । पहिले पहिले बालबच्चाहरु बिरामी भएमा घरबाट नै हारती माताको लागि *कल:* छुट्याएर र पछि पूजा गर्न जाने वा कसैलाई पठाउने प्रचलन रहेको थियो । तर आजभोलि नमिलेको काम छिटै मिलोस्, विदेश जान मिलोस्, सन्तान नभएकाहरुको सन्तान प्राप्तिको लागि जस्ता विभिन्न कामनाहरुको लागि पनि *कल:* पूजा जाने भनेर छुट्याइन्छ ।

यो पूजा गर्न जसको नाममा *कल:* छुट्याइएको हुन्छ ती व्यक्ति नै गएर पूजा गर्नु पर्ने अनिवार्य छैन । यस पूजाको लागि परिवारका सदस्यले भएपनि वा अरु कोहीले भएपनि ती व्यक्तिको नाममा पूजा गराउने प्रचलन पनि रहेको पाइन्छ । यो पूजा जजमान आफैंले गर्ने नभई मन्दिरका *द्यो:पाला*ले गर्ने गर्दछन् । *द्यो:पाला*लाई पूजा कसको नाममा र कुन उद्देश्यले गर्न लागेको हो भनी भन्नुपर्ने हुन्छ । यो पूजा गर्नको लागि कुनै विशेष समय कुर्नु पर्दैन । यस पूजाको नाम नै *कल:* पूजा रहेकोले पूजा सामग्री पनि *कलचा:* मा राखेर लानु

पर्दछ । भक्तजनहरुले केही कामको शुरुवात गर्न लागेको होस् वा बिरामी भएको छ भने चाँडै निको होस् भन्ने कामना राखेर *किस्ली* ढोगेर आफ्नो घरको मन्दिरमा सुरक्षित साथ राख्ने चलन पनि रहेको छ । कामना पूरा भइसकेपछि त्यहि *किस्ली कलः*मा राखेर हारती मातालाई चढाएर पूजा गर्ने चलन हाल सम्म पनि रहेको छ (व्यक्तिगत अन्तर्वाता : अमिर बुद्धाचार्य, २०८२-०६-११) ।

## ४.५ *त्वाय् चिंकेगु*

नेपाल भाषामा *त्वाय् चिंकेगु* भनेको मित लगाउने भन्ने हुन्छ । यहाँ हारती माताका पाँच जना बच्चाहरु मध्ये कुनै एक बच्चा सँग मासिहरुले आफ्नो बच्चालाई मित लगाउने गर्दछन् । यो प्रचलन पहिला देखि नै चल्दै आएको पाइन्छ । बच्चाहरु धेरै बिरामी भइरहने, तर्सिने, समय समयमा झसङ्ग हुने, होस् गुमाएको जस्तो हुने आदि विभिन्न कारणले बच्चाहरुमा समस्या आइराख्ने भयो भने त्यस्तो समस्याको समाधानको लागि यसरी हारती माताको बच्चाहरुसँग मित लगाउने गर्दछन् । विशेषगरी १२ बर्ष भन्दा मुनिका बच्चाहरूलाई मात्र मित लगाउने चलन रही आएको छ । यसरी मित लगाउदा हारती माताले आफ्नो सन्तानलाई जस्तै अन्य बच्चाहरूको पनि रक्षा गर्ने विश्वास गरिन्छ ।

यस पूजा गर्नको लागि भक्तजन आफैँले पनि घरबाट सामग्रीहरू तयार गरी ल्याएर मन्दिरमा पूजा गरे पनि हुने अथवा स्वयम्भूको गुर्जुहरूलाई पूजाको बन्दोबस्त गरिदिनु हुन आग्रह गर्न सकिन्छ । यदि केटा बच्चा हो भने धनभाजु, वासींभाजु, जिलंभाजु मध्ये कुनै एक जनासँग मित लगाउने गर्दछन् भने केटी बच्चा हो भने धनमय्जु, वासींमय्जु मध्ये कुनै एक जनासँग मित लगाउने गर्दछन् । धेरै जसो धनभाजु सँग मित लगाउने गर्दछन् । जुन बच्चालाई मित लगाउने हो, त्यस बच्चालाई पनि हारती माताको मन्दिरको भित्र हारती माताको अगाडि राखेर पूजा गर्नु पर्दछ । पूजा सकेपछि हारती माताको बच्चालाई गुर्जुले माछा र अण्डा सगुन चढाउँछन् । त्यसपछि बच्चालाई पनि सगुन दिन्छन् । धनभाजुलाई जे-जे पूजा सामग्री चढाइन्छ त्यो बाहेक अन्य आवश्यक सामग्री भनेको दुई जोडा भोटो र दुई वटा *तायः बुटी* (जन्तर) र भोजन चाहिन्छ । यसमा एक एक वटा हारती माताको बच्चालाई र बाँकी एक एक वटा चाहि मित लगाउने बच्चालाई लगाई दिने हो । भोजन चाहीँ हारती मातालाई चढाउँछन् । *तायः* बुटीमा औषधि पनि लगाइदिने गरेको देखिन्छ । यसरी मित लगाइ सकेपछि बच्चालाई चार दिनसम्म कुखुराको मासु, अण्डा, जुठो बार्नुपर्ने आदि नियमहरु

पालन गर्नु पर्ने हुन्छ । मित लगाइसकेपछि बर्षमा दुईपल्ट (दशैंको बेला र *पाहाँचह्रेमा*) *त्वाय् कल:* भनि *कल:* पूजा जस्तै बच्चाको नाममा पूजा आउनु पर्दछ । फेरी कोहि बच्चाहरू ठुलो भइसकेपछि मित फुकाउने पनि चलन रहिआएको पाइन्छ, जुन पूजालाई *त्वाय् फनेगु* भनिन्छ । धेरैजसोले *त्वाय् फनेगु* पूजा बिहे गर्नु अगाडि गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता : गंगाराम मानन्धर, २०८२-०६-१७) ।

## ४.६ *कैद्य: पूजा*

*कैद्य: पूजा* भनी हारती मातालाई नै पूजा नगरी आफ्नै टोलको *छ्वास:* मा गई चामल, सिसफोसा (रातो सिन्दुरमा चामल, सानो केराउ, काटिएको मुला राखी चामलको टिका जस्तो बनाइएको) र धूप बत्ती बालि बच्चाहरूको खटिरा आदि निको होस् भनि पूजा गरिने गरेको देखिन्छ । भाकल पूजा गर्नको लागि किसली ढोगेर आगमकोठा अथवा सुरक्षित ठाउँमा राख्ने गरिन्छ । *त: कै* अर्थात् बिफर निकै नै डर लाग्दो देखिन्छ । यदि यस्तो खटिरा आइहाले *कै वैद्य* कहाँ पनि लगिने गरेको देखिन्छ । पछि रोग निको भएमा मात्र हारती माता कहाँ सो किस्ली सहित कल: पूजा आउने प्रचलन रहेको पाइन्छ ।

## ४.७ *किसली पूजा*

यो पूजा विशेष गरी समस्या पर्ने बेला हारती मातालाई सम्झेर समस्या परेका व्यक्तिलाई *किसली* ढोगाएर राख्ने र पछि हारती माताकोमा त्यो *किसली* चढाएर पूजा गरिदिने गर्दछन् । यो एक किसिमले हेर्ने हो भने अचानकले समस्या पर्ने बेला गरिने पूजा हो । *किसली* पूजा गर्नको लागि स्वयम्भूका गुरुजुहरुलाई *किसली* चढाउनुको कारण र पैसा मात्र दिए भने पनि गुर्जुहरुले नै पूजा गरिदिने व्यवस्था पनि रहेको छ (व्यक्तिगत अन्तर्वार्ता : बद्री कृष्ण मानन्धर, २०८२-०६-०३) ।

## ४.८ सम्यक् दान

बौद्ध धर्म अन्तर्गत बज्रायान सम्प्रदायमा छ प्रकारका पारमिताहरु रहेका छन् । ती पारमिता मध्ये दान पारमिता सबै भन्दा महत्वपूर्ण पारमिता रहेको छ । नेपाल मण्डलका बौद्धहरुमा धर्म अभ्यासको रुपमा सम्यक महादान ठूलो श्रद्धा र आस्थाका साथ गर्ने परम्परा छ । काठमाडौंमा हरेक १२ वर्षमा एकपल्ट माघ १ गतेका दिन श्रीस्वयम्भू भगवान्, बौद्ध

देवदेवीहरु सहित बज्राचार्य, शाक्यभिक्षु, बुद्धाचार्य, चैलक भिक्षु, ब्रह्मचर्य भिक्षु आदि सबैलाई निमन्त्रण गरी स्वयम्भू भुइखेलमा सम्यक् महादान गर्ने गरिन्छ । यस अवसरमा राजालाई समेत प्रमुख अतिथिका रुपमा निमन्त्रण गरी उपस्थित गराइने प्रचलन रहेको थियो (शाक्य, २०६५, पृ. २१) ।

नेपाल एकीकरणको दौरानमा काठमाडौं उपत्यकामा नाकाबन्दी हुँदा सम्यक् महादान गर्ने परम्परा बन्द हुन गयो । पछि स्थिति राम्रो भए पनि सम्यक्को दानपत्र पर्वते भाषामा लेख्नु पर्ने, भात दाल दान गर्न नहुने आदि नियमले गर्दा सम्यक्महादानको परम्परा चालु हुन सकेन । पृथ्वीनारायण शाहले लगंबाहाः, इटुम्बहाः र वटुबहाःका सम्यक् गुठी परिवारलाई वि.सं. १८३१ मा रु. १६० जरिवाना गराई तीनैवटा गुठी मिलेर १२ वर्षमा एकपल्ट भुइखेलमा सम्यक् महादान गर्नु पर्ने कबुल गराएका थिए (शाक्य, वि.सं. २०६५, पृ. २१) ।

पृथ्वीनारायण शाहको आक्रमण पूर्व हारती मातालाई सम्यक् दानमा सहभागी गरिन्थ्यो वा गरिँदैनथ्यो भन्ने कुरा कतैबाट जानकारी पाइँदैन । तर १२ वर्षको सम्यक् दानमा हारती माताको मूर्ति नै भुइँखेलमा लग्ने गरिन्छ ।

## ४.९ हारती मातासँग सम्बन्धित गुठी

नेपालमा गुठीको लामो परम्परा रहेको छ । धार्मिक कीर्तिहरुको स्थापना पश्चात् तिनको नियमित पूजाआजा, वर्षवर्धन, रेखदेख एवं लौकिक कीर्ति तथा समाजोपयोगी कामहरुको स्थायित्व एवं निरन्तरताको लागि नै गुठी व्यवस्थाको उद्भव भएको देखिन्छ । गुठी शब्दले धार्मिक, लौकिक कामलाई प्रत्यक्ष रुपमा बुझाउँछ भने परोक्ष रुपमा ती कार्यहरु गर्न राखिएको जग्गा वा रुपैयाँलाई बुझाउँछ । यसैले गुठी भन्नासाथै दुवै कुरा सँगसँगै आउँछन् । त्यसरी राखिएको जग्गा वा रुपैयाँको आयस्ता वा ब्याजबाट गुठीयारहरुको रेखदेखमा नियत गरिएका कामहरु गुठी व्यवस्था अन्तर्गत गरिन्छ (टण्डन, २०५२, पृ. २) ।

“गुठी” संस्कृत शब्द गोष्ठी बाट आएको हो र यसको शाब्दिक अर्थ मानिसहरूको भेला भन्ने हुन्छ । मूलतः गुठी भनेको सामाजिक संगठन हो । गुठीलाई परम्परागत सांस्कृतिक अभ्यासको रूपमा पनि लिन सकिन्छ । नेवार समुदायमा धार्मिक भावनालाई प्रमुखता दिने, सामाजिक संरचनाहरू बनाउने र जोगाउने आदि परम्परागत अभ्यासमा गुठीलाई सदुपयोग गरेको पाइन्छ । यसैगरी, स्वयम्भूस्थित हारती माताको

मन्दिर सँग सम्बन्धित गुठीहरुले पनि धार्मिक, सामाजिक एवं परोपकार कार्यहरु गर्दै आइरहेको छ । हारती माता मन्दिर सँग सम्बन्धित गुठीहरुले यहाँको मूर्त तथा अमूर्त संस्कृतिलाई जोगाउनको लागि महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । विशेषगरी अमूर्त संस्कृतिलाई निरन्तर रुपमा अभ्यास गर्नको लागि यस मन्दिर सँग सम्बन्धित गुठीले महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

### ४.९.१ भुजा चढाउने गुठी

स्वयम्भूको हारती मन्दिरमा दिनको चारपल्ट पूजा र साँझ आरती हुन्छ । त्यसमध्ये *न्हिसुवा कलः* पूजा सकेपछि भुजा चढाउने काम हुन्छ । भुजा भनेर भात पकाएर भातसँग पाँच प्रकारको परिकार, ध्यू, मह राखी चढाइन्छ । यसको प्रचलन वि.सं. १९७६, ने.सं. १०४० पौष कृष्ण नवमीदेखि भएको हो (वज्राचार्य, २०६६, पृ. ६१) । भुजा चढाउने भनेर वर्षको एकचोटी *स्वांया पुन्हि*को दिनमा पनि यो गुठी मनाउने चलन रहेको छ ।

स्वयम्भूको सम्पूर्ण बुद्धाचार्य गुठियारहरू पालै पालो गरी ६/६ महिनामा भुजा चढाउने गर्दछन् । श्रावण महिनाको १ गते पालो लिनेले पुषको ३० गते मसान्तसम्म दिनहुँ हारती र पञ्चबुद्धलाई भुजा चढाउने गर्दछन् । माघ १ गते पालो लिनेले असार मसान्तसम्म चढाउने गर्दछन् । भुजा चढाउँदा हारती र पञ्चबुद्धको लागि छुट्टाछुट्टै पूजा राखेर चढाउनु पर्छ ( वज्राचार्य, २०६६, पृ. ६१) ।

हरेक दिन स्वयम्भू चैत्य र हारती मातालाई भोजन चढाउने परम्परा पनि रहिआएको पाइन्छ । भोजन चढाउने बेला भात अनिवार्य रुपमा चाहिन्छ । भात सँग पञ्चामृत, रोटी आदि राखेर चढाउने गरिन्छ । भोजन चढाउने काम पनि *द्योःपाला*ले गर्ने गर्दछ (व्यक्तिगत अन्तर्वार्ता : दीपक बुद्धाचार्य, २०८२-५-१०) ।

### ४.९.२ *दँ पाः गुठी*

स्वयम्भूमा हाल ३० वटा बुद्धाचार्य परिवार बसोबास गर्दछन् । चारवटा परिवारबाट सुरू भएको परिवारमा दाजुभाईहरू छुट्टिदै गएकाले परिवार सङ्ख्या बढेको हो ( व्यक्तिगत अन्तर्वार्ता : अशोक काजी बुद्धाचार्य, २०८२-०५-१७ ) । ती परिवारहरूमा हारतीमा पूजा गर्ने नियमित पालो आउने भए तापनि दुईवटा *कवल*मा एकवर्षको एकचोटि आठ दिन बढि पालो आउने गर्दछ । जसलाई *गुल्या द्यःपाः* भनिन्छ (वज्राचार्य, २०६६, पृ. ६२) । प्रत्येक

वर्ष विभिन्न पर्वहरूमा भोज खुवाउनु पर्ने, स्वयम्भूमा हुने हरेक क्रियाकलापहरूको सम्पूर्ण व्यवस्था गर्नु पर्ने पालो पनि उनीहरूलाई पर्दछ । जसलाई *दँ पाः* गुठी भन्ने गरिन्छ । ती *दँ पाः* गुठीको पालोवालालाई वर्षमा आवश्यक पर्ने सम्पूर्ण व्यवस्था मिलाउनको लागि आयस्ता स्वरूप हारती स्थानमा जसको पालो भए तापनि *दँपाःलाः*लाई वर्षको प्रत्येक पूर्णिमा, आश्विन पूर्णिमा पाँच दिन, कार्त्तिक पूर्णिमा दुई दिन स्वयम्भूको हारतीमा चढाउन ल्याएको पूजाको सम्पूर्ण भाग दिइने गरिन्छ (व्यक्तिगत अन्तर्वार्ता : अशोक काजी बुद्धाचार्य, २०८२-०५-१७) । ती दिनहरूमा चढाइएको सामग्रीहरुमा *दँ पाःलाः*को हक लाग्दछ । यसरी संकलन गरेको आयस्ताबाट वर्षको एकचोटि *दँ पाः* गुठी मनाइने गरिन्छ ।

दशैँको घटस्थापनाको दिनमा वर्षको एक पल्ट *दँ पाः* को पालो फेरिन्छ । पालोवालाको पूजाको सुरूवात भने आश्विन पूर्णिमाबाट हुन्छ । उक्त दिनमा नयाँ पालोवालालाई स्वयम्भूको थकालीले *कसाः गा* (रातो खास्टो) लगाइ दिने गर्दछन् र उक्त खास्टो पाँच दिनसम्म नफुकाली हारती कहाँ पालो बस्ने गर्दछन् । खास्टो लगाउन स्वयम्भूको अग्निपुरमा पूजा गर्ने गरिन्छ ( वज्राचार्य, २०६६, पृ. ६३) । अशोज १ गते गाईलाई गहुँ खुवाउनु पर्ने, *मालखो दिसि* (पुष महिनाको दशमी) मा सम्पूर्ण बुद्धाचार्य परिवारलाई *समय* भाग दिनुपर्ने, *बर्खा दिसी* (जुन राम नवमीको दिनमा पर्छ) मा पनि भाग दिइन्छ । वर्षको अन्त्यमा *नसा दे पूजा* भनेर पालोवालाको फुर्सदको समयमा भोज खुवाई समापन गर्ने गरिन्छ ।

### ४.९.३ महास्नान पूजा गुठी

काठमाडौँस्थित असनका तुलाधरहरुले प्रत्येक महिनाको एक गते स्वयम्भू भगवान र हारती मातालाई महास्नान गराइने गरेको पाइन्छ । यसका साथै तुलाधरहरुको पुर्खाले स्थापना गरेको मन्दिरको उत्तर-पश्चिम दिशामा रहेको चैत्यलाई पनि तेल लगाएर पूजा गर्ने चलन रहेको पाइन्छ ।

## ४.१० हारती माता र *द्यःमा*

हरेक प्राणीहरुको सुख दुःखमा साथ दिने, कल्याण गर्ने भएकीले पारिवारिक देवीको रुपमा पनि हारती मातालाई लिइएको पाइन्छ । बौद्ध नेवार समुदायमा हरेक संस्कार र संस्कृतिका कार्यहरुमा हारतीलाई पनि पूजा गरिदैँ आइरहेको देखिन्छ । विशेषगरी महिलाको

शरीरमा अदृश्य शक्तिको रुपमा हारती माता प्रवेश गरिसके पछिको अवस्थामा उक्त व्यक्तिलाई *द्यःमा* भनेर भन्ने गरेको पाइन्छ। हारती माताको जीवित रुप *द्यःमा* को शरीर भित्र प्रवेश गर्दछ भन्ने मान्यता जनविश्वास रहेको पाइन्छ। हारती माताले समय अनुकूल महिलाको शरीरमा प्रवेश गर्ने र देवीको व्यवहार देखाउने गर्दछिन् भन्ने कुरा *द्यःमा* सँगको अन्तर्वार्ताको क्रममा जानकारी भएको छ (व्यक्तिगत अन्तर्वार्ता : लक्ष्मी महर्जन, २०८२-०५-०१)। प्रायजसो बिहानीको समयमा महिलाहरुमा हारती माता प्रवेश हुने गर्दछिन् र त्यसपछि उक्त महिलालाई *द्यःमा* भनेर सम्बोधन गर्ने प्रचलन रहेको छ (वज्राचार्य, २०६६, पृ. ६७)। पुरुषहरुमा हारती माताको बच्चाहरु प्रवेश गरेको पाइन्छ। हारती माता वा उनका बच्चाहरु मानिसहरुको शरीरमा प्रवेश गरेपछि मानिसहरुले देखाउने हाउभाउ, क्रियाकलापले नै हारती माता वा बच्चाहरु प्रवेश गरेको हो भनि छुट्याउन सकिन्छ। कतिपय मानिसहरुमा हारती माता वा उनका बच्चा प्रवेश गरेता पनि आफ्नो जीवन शैली परिवर्तन नगरी सरल ढङ्गमा नै जीवन बिताइरहने गरेको पनि पाइन्छ (व्यक्तिगत अन्तर्वार्ता : गंगाराम मानन्धर, २०८२-०६-१७)।

हारती माता प्रवेश भएपछि कामिरहने, उफ्रने, बरबराइरहने जस्तो क्रियाकलाप गरेको पाइन्छ। हारती माता प्रवेश गरे पछिको अवस्थालाई *द्यःमा* भनिन्छ र उक्त *द्यःमा* ले बिरामीहरुको उपचार गर्ने क्रम सुरु हुने गर्दछ।

बौद्ध धर्मको रक्षा गर्न र सम्पूर्ण प्राणीको उद्धार गर्न हारती माता महिलाहरुको शरीरमा प्रवेश गर्दछिन् भन्ने कुरा बौद्ध समुदायको विश्वास रहेको पाइन्छ। मानिसहरुमा देवता प्रवेश गर्दा सधैँ हारती माता मात्र नभई उनका बच्चाहरु पनि प्रवेश गर्ने गर्दछन्। मानिसको स्वरुमा हारती माता र उनका बच्चाहरु प्रवेश गरेपछि उक्त मानिसले आफ्नो स्वभाव छोडेर अस्वभाविक स्वभाव देखाउन थाल्दछ (व्यक्तिगत अन्तर्वार्ता : गंगाराम मानन्धर, २०८२-०६-१७)।

सामान्यतया कुनै व्यक्तिमा देवता प्रवेश हुँदा देउता चढेको भनेर थाहा हुँदैन। कसैले यसलाई बोक्सी चढेको रूपमा हेर्छन् त कसैले देउता प्रवेश गरेको रूपमा लिन्छन्। बोक्सी चढेको भन्नाले कुविद्या जान्ने वा मानिसहरूलाई बिगार्ने विद्या सिकेका व्यक्तिले अरूको शरीरमा प्रवेश गरेर दुःख दिने काम भन्ने बुझिन्छ। मानिसमा बोक्सीले प्रवेश गरेपछि उसले असामान्य स्वभाव र व्यवहार देखाउँछ। बोक्सी लागेपछि त्यो मान्छेले काम्न, परिवारको बारे जथाभावी बोल्न, अभद्र व्यवहार गर्न, सामानहरू बिगार्न, अमंगल कार्य आदि गर्ने गर्दछ।

धेरैजसो बोक्सी आउने व्यक्तिहरूलाई बचाउन हारतीले प्रवेश गर्ने गर्दछिन् भन्ने सामाजिक मान्यता छ (वज्राचार्य, २०६६, पृ. ६८) । हारतीको प्रवेश भएपछि सो व्यक्तिले साँचो, तथ्य कुरा बताउने र भविष्यवाणी पनि सत्य नै हुने गर्दछ भन्ने समाजमा मान्यता रहेको छ । साधारण मानिसहरूले भन्न नसकेको र गर्न नसकेको व्यवहारको कारणले गर्दा *द्यःमा* मा देउता प्रवेश भएको यकिन गरिन्छ ।

सामान्यतया *द्यःमाले* हातको मुद्राले इशारामा देखाउने गर्दछिन् । बिरामीहरूलाई कुचोले समस्याहरु झार्ने गर्दछिन् । उपचार गर्न आउनेहरू बोक्सी लागेका व्यक्तिहरू, मानसिक सन्तुलन गुमाएका व्यक्तिहरु, पक्षघात लागेका जसलाई हावा लागेको पनि भनिन्छ, छोप्न आइरहेका बच्चाहरू, नशालु पदार्थ छुटाउन नसकेका, राम्रोसित पढाइमा ध्यान दिन नसकेका व्यक्तिहरू आदि देखिन्छन् । त्यस्तै व्यापार बढाउन झारफुक गराउनेहरू, लोग्ने-स्वास्नी झगडा भई झगडा मिलाउन, सन्तान नभएका, घरमा अमूल्य सामान हराएको पाउँछ कि पाउँदैन भनेर देखाउनेहरू, चोरेर लगेको वस्तु भेटिन्छ कि भेटिँदैन भनेर देखाउनेहरू पनि आएका देखिन्छन् ।

*द्यःमा* ले भविष्यवाणी गर्ने, बिरामीलाई औषधीको रूपमा मन्त्र साधना गरेको अक्षतालाई मात्रा मिलाएर दिनको तीन पटक खुवाउने, फुकेर धूप दिने र उक्त धूपलाई दिनको तीनपल्ट घरमा बाल्न लगाउने, बिरामीलाई बिहान सबेरै नुहाउन लगाउने, पानीमा मन्त्र पढेर फुकेर दिएको जललाई औषधीको रूपमा तीन पल्ट खुवाउने, जन्तर लगाउने आदि विधि अपनाई उपचार गर्ने गर्दछिन् । बिरामीलाई *द्यःमा* कहाँ ल्याउने बेला कुचोले बिरामीको शरीरमा झार्ने, मन्त्र पढेर फुक्ने गरिन्छ । *द्यःमा* ले उपचार गर्नुका साथै सामाजिक, मानसिक र व्यावहारिक सरसल्लाहहरू पनि दिने गर्दछन् (वज्राचार्य, २०६६, पृ. ६९) ।

आफ्नो शरीरमा देउताले प्रवेश गरेपछि *द्यःमाहरू*ले निकै नियमहरू पालना गर्नुपर्दछ । आसनमा बस्ने बेला खाना खानु हुँदैन, पूजा गर्ने, स्तोत्र पाठ गर्ने, समय-समयमा शक्ति साधना गर्न विभिन्न देवदेवीको मन्दिरमा गई पूजा गर्ने गर्नुपर्दछ । प्रत्येक दिनको बिहानीपख आसनमा बस्नुपूर्व स्तोत्र पाठ गर्ने, देवताको पूजा गर्ने, सम्पूर्ण बिरामीहरूलाई हेरी विचार गरिसकेपछि मात्र भोजन गर्ने गर्दछन् ।

उपत्यकामा *द्यःमा* हरू प्रशस्त देख्न सकिन्छ । त्यसमध्ये महत्वपूर्ण र प्रख्यात *द्यःमा*को रूपमा स्वयम्भूको मानिन्छ । स्वयम्भूकी *द्यःमा*ले अरू *द्यःमाहरू*लाई पनि आसन दिई *द्यः* स्थापित

गर्ने भएकोले उनलाई अरू *द्यःमा*हरूको गुरुमाको रूपमा लिइन्छ र वर्षको एकचोटि पूजा दिने गरिन्छ । यी सम्पूर्ण *द्यःमा*हरूले स्वयम्भूको हारतीको मूर्तिमा अनिवार्य रूपमा *कलः पूजा* गर्न आउने गर्दछन् । आफू आउन नसके घर परिवारका कुनै पनि सदस्यलाई पठाउने गर्दछन् ( वज्राचार्य, २०६६, पृ. ७२) ।

देउता चढ्दा हारती र हारतीका परिवार मात्र प्रवेश गर्ने नभई काठमाडौं उपत्यकामा हनुमान प्रवेश भएका, शिव प्रवेश भएका, दक्षिणकाली, विजयेश्वरी आदि देवता प्रवेश भएका पनि देख्न सकिन्छ । *द्यःमा*हरूले देवदेवीको आराधना, साधना गर्न सकेमा शरीरमा कुनै किसिमको बाधा अड्चन र कमजोरी महसुस नहुने विश्वास रहेको पाइन्छ ।

# अध्याय पाँच

# प्राप्ति, छलफल र निष्कर्ष

"काठमाडौँ स्वयम्भूस्थित हारती माताको सांस्कृतिक अध्ययन" शीर्षकको प्रस्तुत शोधग्रन्थ पाँच अध्यायमा रहेको छ। स्वयम्भूस्थित हारती माताको ऐतिहासिकता, हारती माता मन्दिरको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदालाई विवरणात्मक र विश्लेषणात्मक विधिबाट छलफल गरेर प्राप्त प्रमाणहरुको आधारमा निष्कर्षमा पुगिएको छ।

## ५.१ प्राप्ति तथा छलफल

"काठमाडौँ स्वयम्भूस्थित हारती माताको सांस्कृतिक अध्ययन" शीर्षकको प्रस्तुत शोधग्रन्थ पाँच अध्यायमा विभाजन गरिएको छ। प्रस्तुत शोधपत्रमा समस्याको रुपमा पहिचान भएका प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ। हारती माताको ऐतिहासिकता, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको बारेमा यस शोध केन्द्रित रहेको छ। यस शोधबाट आएको प्राप्ति र छलफललाई निम्न रुपमा प्रस्तुत गरिएको छ।

### ५.१.१ हारती माताको ऐतिहासिकता

हारती माता बौद्धहरूको महायानी सम्प्रदायमा उल्लेखित देवी हुन्। नेपालमा पाइएका महायानी पञ्चरक्षा ग्रन्थमा "*हारित्याच पंचपुत्रेन सतपरिवारेया*" भनी उल्लेख भएबाट 'पञ्चरक्षा ग्रन्थ'मा हारतीको नाम उल्लेख भएको स्पष्ट हुन्छ। हारती बौद्धहरूको एक मौलिक देवी हुन् । यिनको वर्णन सर्वप्रथम बौद्ध ग्रन्थहरू 'अवदानकल्पलता', 'महावंश', 'पंचरक्षा ग्रन्थ'मा उल्लेख भएको पाइन्छ । पछि नेपालमा हारतीलाई पनि शीतलाको रूपमा पूजा गर्न थालिएको हो। नेपालमा हारतीका मूर्तिहरू बनाउँदा पाँचजना बच्चाहरूको साथ बनाउने चलन छ, जुन चलन अरू देशमा पाइँदैन ।

भारतको मूर्तिकलाको इतिहासले हारती मातालाई दोस्रो-तेस्रो शताब्दीसम्म पुऱ्याएको छ। कुषाणकालीन गान्धार क्षेत्रका मूर्तिहरूमा यक्षिणी हारतीसँग आठजना सन्तानहरू रहेका देखाइएका छन् भने कुषाणकालीन पाकिस्तानको मूर्तिमा तीनजना मात्र बच्चाहरू देखाइएको छ। तर नेपालमा हारतीसँग पाँचजना बच्चाहरू साथमा देखाउने गरिएको छ।

श्रीस्वयम्भू महाचैत्य अनुसार गुरू शान्तिकराचार्यले स्वयम्भू चैत्य निर्माण

गरेको समयमा नै हारती मातालाई स्वयम्भूमा प्रतिस्थापन गरिएको भनि उल्लेख रहेको छ । सोहि बखत देखि नै हारती मातालाई बुद्ध शासन रक्षिता माता र बालक रक्षा माता भनिएको देखिन्छ । हारती माताको इच्छा अनुसार भगवान बुद्धले उनलाई बौद्ध विहारहरूमा प्रतिस्थापन गरी भोजनको एक भाग हारती माताको नाममा चढाउनुपर्ने उल्लेख छ । यही अवधारणा अनुसार नेपाल मण्डलमा रहेका प्रत्येक बहालहरुमा विभिन्न स्वरुपमा हारती मातालाई राख्ने प्रचलन चलेको पाइन्छ । स्वयम्भू पुराणअनुसार शान्तिकराचार्यले नै हारती माताको मन्दिर स्थापना गरेको भनी उल्लेख भएता पनि ठोस प्रमाण भने पाइएको छैन । हारतीका अवधारणा र मूर्तिहरू कति पुरानो भन्ने प्रमाणित गर्ने साहित्यिक आधारहरू बाहेक प्रमाणित इतिहास भेटिएको छैन ।

राजा बृषदेवको पालामा स्वयम्भूको चैत्यको निर्माणसँगै हारतीको मन्दिर पनि निर्माण गरेको कुरा वंशावलीमा पाइन्छ । स्वयम्भूको महाचैत्य बारम्वार जीर्णोद्धार गरेको कुरा श्रीस्वयम्भू महाचैत्यमा उल्लेख छ । तर हारतीको जीर्णोद्धारको प्रसंग भने कहीं पाइँदैन । वि.सं १८५८ सालमा गीर्वाणयुद्ध विक्रम शाह र सुवर्ण प्रभाले गजुर जीर्णोद्धार गरेको, स्यामार्पा लामाले ने.सं. ९६९ मा हारतीको मन्दिर जीर्णोद्धार गरेको उल्लेख भए पनि त्यस समयभन्दा पहिलेको कुनै विवरण पाउन सकिएको छैन । यसले गर्दा मन्दिर र मूर्ति निर्माणको तिथि निर्धारण गर्न निकै समस्या भएको छ ।

दुई तल्ले नेपाली शैलीमा बनेको यस मन्दिरलाई झट्ट हेर्दा हिन्दू मन्दिर जस्तो देखिए पनि गजुरमा रहेको स्वयम्भू चैत्यले यस मन्दिर बौद्ध धर्मसँग जोडिएको छ भनि पुष्टि गर्दछ । यद्यपी बौद्ध तथा हिन्दू धर्मावलम्बीहरूले यस मन्दिरको हारती मातालाई पुज्दै आएको परम्परा हालसम्म पनि विद्यमान रहेको देखिन्छ ।

हारती मातालाई स्थानीय मानिसहरूले शीतला देवीको रूपमा पनि सम्बोधन गरेका छन् । शीतला देवी हिन्दुहरूको बिफरकी देवी हुन् । यिनको पूजाले बच्चाहरूको रोग निर्मूल हुन्छ भन्ने मान्यता रहेको पाइन्छ । नेपालमा रणबहादुर शाहको पालामा शीतलाको रूपमा हारती पूजा गर्ने चलन निकै विकास भइसकेको पाइन्छ । रणबहादुर शाह स्वयंले स्वयम्भूको हारतीको मूर्तिलाई बिगार्न लगाएका थिए । त्यसबेला आफ्नो मनपर्ने महारानी कान्तिवतीको बिफर रोगले मृत्यु भएपछि र ज्योतिषीहरूले युवराज गीर्वाणयुद्ध विक्रम शाहको पनि बिफरको रोगबाट मर्ने भविष्यवाणी गरेकाले उक्त कार्य गरेको हुन सक्ने अनुमान गर्न सकिन्छ । यस

घटनाबाट हारतीलाई शीतला वा बिफरको देवीको रूपमा लिइएको भन्ने स्पष्ट छ। सनातन धर्मको शीतला र बौद्ध रक्षिका देवी हारती एउटै रूपमा देखिएकोले कालान्तरमा हिन्दु, बौद्ध नेपालीहरूको उतिकै प्रतिस्थाकी देवी हुन गएको हो।

नेपालमा हारतीको मन्दिर कहिले बन्यो भन्ने प्रमाणित गर्न सक्ने आधारहरू भेटाउन सकिएको छैन। हारतीलाई रक्षिका देवीको रूपमा लिपिबद्ध गरिएको 'पञ्चरक्षा' ग्रन्थमा पाइए तापनि मूर्तिहरू भने तेस्रो शताब्दीदेखि नै पाइएका छन्। वि.सं. १८५६ मा रणबहादुर शाहले स्वयम्भूको हारती मूर्ति ध्वस्त बनाइसकेपछि ज्योतिषीहरूको सल्लाह अनुसार पुनः निर्माण गरेका हुन्। त्योभन्दा पूर्वको रूप पनि हालको मूर्तिको आकार प्रकारमा पहिलेकै नापमा बनेको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ। १२ वर्षमा एकचोटि सम्यक पर्वमा लगिने हारतीको मूर्तिको सुनको कवच, जुन प्रत्येक पूर्णिमाको दिनमा हारतीको मूर्तिमा लुगा लगाएजस्तै अगाडि राखिन्छ। उक्त कवच हालको हारती अजिमाको मूर्तिको नापमा बनाइएको हो, जुन कवचमा ने.सं. ९८६ (वि.सं.१९२३) साल फागुण २ शुदि संघरत्न, बुद्धरत्न नाम उल्लेख भएको छ। सम्यक मनाउने पर्व निकै पुरानो र उक्त पर्वमा हारती लगिने प्रसंगबाट र हारतीको नाममा भाग राख्दा ६ भाग राख्ने गरेबाट हालको मूर्ति जस्तै पाँच बच्चाहरूको साथमा उही आकारको मूर्ति थियो भन्न सकिन्छ।

हारती मातालाई मूर्ति, ढुङ्गा, काँचो ईट्टा, किला, पात्र र सानो प्वालको रूपमा विहारमा राख्ने गरिएको पाइन्छ। बौद्ध विहारहरू बाहेक अन्य स्थानहरूमा पनि हारतीको स्थापना गरिने चलन रहिआएको क्रियासंग्रहमा उल्लेख भएको पाइन्छ। हाल अन्य मन्दिर परिसरमा, टोलमा, मानिसको घर-घरमा, आदि ठाउँहरूमा हारती माताको स्थापना भएको देख्न सकिन्छ। 'हारती कल्पावदान'मा बच्चाको नाम प्रियंकर दिइएको छ। 'श्रीस्वयम्भू महाचैत्य'मा छोरा नभई छोरीको नाम आनन्दा दिइएको छ। बद्रीरत्नद्वारा सम्पादित 'हारतीकावदान कथा'मा छोराको नाम धनभाजु उल्लेख भएको छ।

स्वयम्भूको भुइँखेलमा सम्यक पर्वको भोलिपल्ट मिसा सम्यक पर्व मनाउँदा हारतीलाई सबैभन्दा अगाडि बिराजमान गराई, ६ भाग राखेर मात्र अरूलाई सम्यक दान दिने कुराको उल्लेख भएबाट स्वयम्भूको हारतीको मन्दिरमा स्थापित पुरानो हारतीको मूर्ति सम्यक पर्वभन्दा अगाडिको हुनुपर्छ भन्ने अड्कल काट्न सकिन्छ। हाल मिसा सम्यकमा लगिने हारतीको मूर्तिको कवच ने.सं ९८६ फागुण २ को हो।

स्वयम्भूको हारती पहिला बौद्धहरूको धारणाअनुरूप बनाइएको, बौद्धहरूबाट पूजाआजा हुने गरेको कुरा *छाहायृके* पूजाबाट थाहा पाउन सकिन्छ । हारतीको अवधारणाको विकास महायानी बौद्ध धर्मअनुसार भएको हो । महायानी बौद्ध देशहरूमा नेपालमा जस्तै हारतीको पूजाआजा गरिँदै आएकोबाट यो कुरा स्पष्ट हुन्छ ।

नेपालमा महायानी बौद्ध धर्मको विकास भएपछि बौद्ध देवी हारतीको र शीतला देवीको पनि दार्शनिक पक्ष एकैजस्तो देखिएकोले कालान्तरमा नेपालमा हारती र शीतला दुवै एउटै प्रयोजनको लागि पूजा गर्ने गरिएको देखिन्छ । सुरतवज्र वज्राचार्यले रचना गरेको चर्यागीतमा “भुगुती मुगुती दायिनी देवी हारती, विस्फोटक भयनाशिनी श्री शीतला देवी” भनेर हारतीलाई शीतला देवी भनी उल्लेख गरिएको छ ।

## ५.१.२ हारती माता मन्दिरको मूर्त सम्पदा

काठमाडौँ स्वयम्भूस्थित हारती माता मन्दिरको प्राङ्गण मूर्त सांस्कृतिक सम्पदाले भरिपूर्ण रहेको छ । दक्षिणाभिमुखी रहेको यस मन्दिरको हरेक कुनामा बुट्टाहरूले सजाइएको कारण मन्दिर निकै नै कलात्मक शैलीमा बनेको देखिन्छ । मन्दिरको चारै दिशामा सुनौलो रङका तोरणहरू पाइन्छन् । यस मन्दिरको गजुरमा स्वयम्भू महाचैत्यको आकारको चैत्य प्रतिस्ठापन गरिएको छ ।

मन्दिर भित्रको हारतीको मूर्ति कालो ढुङ्गाबाट बनेको छ, दायाँ तीन र बायाँ दुई बच्चाहरू रहेका छन् । हारतीको मूर्तिलाई भित्र मन्दिर बनाइ राखिएको छ । हारती माता मन्दिरको चार कुनामा अष्टमंगलको आकृति रहेको चार वटा चाँदीका खम्बा रहेका छन् । हारती माता मन्दिरको दक्षिण तर्फ मूल प्रवेश द्वार रहेको छ । मूल प्रवेश द्वारमा भित्र र बाहिर गरी दुई वटा ढोका रहेको छ । सुनले मोलम्बित ढोकामा चाँदीको अष्टमंगल अंकित छ ।

टुँडालहरुमा षोडशलाश्य देवीहरुलाई पद्मासनको विभिन्न मुद्रामा देखाइएको छ । माथिल्लो छानोका टुँडालहरु दक्षिणमा दुईवटा रहेका छन् । माथिल्लो छानोको टुँडालमा खड्गराज (विरुढक) र वज्रपाश देवता रहेका छन् । तल्लो छानोको टुँडालमा षोडशलाश्य देवीहरु मध्ये चार जना गन्धादेवी, रसादेवी, स्पर्शादेवी र धर्मधातुगर्भादेवीको समूहलाई दक्षिण दिशाको टुँडालमा राखिएको छ । षोडशलाश्य देवी रहेको टुँडालको तल्लो पट्टिट बायाँ बाट दायाँ तिर क्रमशः सर्पराज, यमराज, दुईवटा देवताको प्रतिमा राखिएको छ ।

माथिल्लो छानोका टुँडालहरु पश्चिममा दुईवटा रहेका छन् । माथिल्लो टुँडालमा चैत्यराज (विरुपाक्ष) र वज्रस्फोट देवता रहेका छन् । तल्लो छानोको टुँडालहरुमा षोडशलाश्य देवीहरु मध्ये चार जना पुष्पादेवी, धुपादेवी, अवलोकित देवी र दर्शन देवीको समूहलाई पश्चिम दिशाको टुँडालमा राखिएको छ । षोडशलाश्य देवी रहेको टुँडालको तल्लो पट्टि बायाँ बाट दायाँ तिर क्रमशः विष्णु, सूर्य, वरुण र एक देवता सहित देवताको प्रतिमा राखिएको छ ।

माथिल्लो छानोका टुँडालहरु उत्तरमा दुईवटा रहेका छन् । माथिल्लो टुँडालमा ध्वजराज (वैश्रवण) र वज्रावेश देवता रहेका छन् । तल्लो छानोको टुँडालहरुमा षोडशलाश्य देवीहरु मध्ये चार जना मालादेवी, लाश्यदेवी, गीतादेवी र नृत्यादेवीको समूहलाई उत्तर दिशाको टुँडालमा राखिएको छ । षोडशलाश्य देवी रहेको टुँडालको तल्लो पट्टि बायाँ बाट दायाँ तिर क्रमशः गणेश, चन्द्र, कुवेर र एक देवता सहित देवताको प्रतिमा राखिएको छ ।

माथिल्लो छानोका टुँडालहरु पूर्वमा दुईवटा रहेका छन् । माथिल्लो टुँडालमा वीणाराज (धृतराष्ट्र) र वज्राकुंश देवता रहेका छन् । तल्लो छानोको टुँडालहरुमा षोडशलाश्य देवीहरु मध्ये चार जना वंशदेवी, वीणादेवी, मृदङ्गादेवी र मुरुजादेवीको समूहलाई पूर्व दिशाको टुँडालमा राखिएको छ । षोडशलाश्य देवी रहेको टुँडालको तल्लो पट्टि बायाँ बाट दायाँ तिर क्रमशः ब्रह्मा, इन्द्र, एक देवता र महादेव देवताको प्रतिमा राखिएको छ ।

हारती माता मन्दिरको पहिलो तल्लाको चारै दिशामा धातुद्वारा निर्मित सुनौलो रङको तोरणहरु रहेका छन् । मन्दिरको मुख्य द्वार दक्षिण दिशामा फर्किएको छ । पूर्व, पश्चिम र उत्तर दिशामा एउटा/एउटा तोरण राखिएको छ भने दक्षिण दिशामा द्वारमाथि तीन वटा तोरण राखिएको छ ।

दक्षिण र उत्तर दिशाको तोरणको बिचमा रहेको तोरणको केन्द्रमा प्रतिसरा देवीको मूर्ति रहेको छ । यस मूर्तिमा दायाँ, बायाँ, माथि र अगाडि गरी चारवटा शिर रहेको छ । मूर्तिमा आठ वटा हात रहेका छन् । उक्त आठवटा हात मध्ये दायाँ हातका आयुधहरु तलदेखि माथि सम्म क्रमशः छातीको समतल सम्म पुगेको हातमा चक्र, वज्र, वाण र खड्ग धारण गरेको छ भने बायाँ हातमा माथि देखि तलसम्म क्रमशः परशु, धनुष, त्रिशुल र छातीको समतल सम्मको हातले पाश समातेको छ ।

बिचको तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीको दायाँ भागमा महासहस्रप्रमर्दिनी नामकी देवीको मूर्ती रहेको छ । यस मूर्तिमा मुकुट पहिरिएको दायाँ, बायाँ, माथि र अगाडि गरी चारवटा शिर रहेको छ । मूर्तिमा आठ वटा हात रहेका छन् । छातीको समतल सम्म पुऱ्याएर दायाँ र बायाँ हातमा वज्र र पास धारण गरेको पाइन्छ । त्यसपछि दायाँ हातमा क्रमशः परशु, वाण र खड्ग रहेको छ भने बायाँ हातमा क्रमशः पद्म, धनुष र विश्ववज्र रहको छ ।

बिचको तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीकी बायाँ भागमा मन्त्रानुसारिणी नामकी देवीको मूर्ति रहेको छ । यी देवीको दायाँ, बायाँ र अगाडि गरेर तीनवटा शिर रहेको छ । मन्त्रानुसारिणीको बाह्र वटा हात देखाइएको छ । दुई वटा हात काखमा ध्यान मुद्रामा रत्न र पात्र धारण गरेको देखाइएको छ । प्रमुख दुई वटा हात धर्मचक्र प्रवर्तन मुद्रामा रहेको छ । तलबाट माथितर्फ दाँया हात क्रमशः अभय मुद्रा, वज्र, वाण र खड्ग समातेको छ भने बायाँ हात माथिबाट तल क्रमशः पद्म, धनुष, घण्टी र पाश समातेको छ । सबै पाखुरामा केयूर र हातमा बाला छ ।

बिचको तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीकी दायाँ माथिल्लो भागमा महामायुरी नामकी देवीको मूर्ति रहेको छ । यस मूर्तिको तीनवटा शिर रहेको छ । मूर्तिमा आठ वटा हात रहेका छन् । दायाँ हातमा क्रमशः वरद मुद्रा, जलपात्र, चक्र र खड्ग धारण गरेकी छिन् भने बायाँ हातमा क्रमशः ध्वज, दर्पण, रत्न र पात्र धारण गरेकी छिन् ।

बिचको तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीकी बायाँ माथिल्लो भागमा महाशीतवती नामकी देवीको मूर्ति रहेको छ । यस मूर्तिको तीनवटा शिर रहेको छ । मूर्तिमा छ वटा हात रहेको छ । दायाँ हातमा क्रमशः वरद मुद्रा, वज्र र वाण रहेको छ भने बायाँ हातमा क्रमशः धनुष, ध्वज र कमलबीज रहेको छ ।

बिचको तोरणको केन्द्रमा रहेकी प्रतिसरा देवीकी माथिल्लो भागमा बज्रसत्वको मूर्ति रहेको छ । यस मूर्तिको एउटा मात्र शिर रहेको छ । मूर्तिमा दुई वटा हात रहेको छ । दायाँ हात छातीको समतल सम्म लगेर व्रज धारण गरेको छ भने बायाँ हातले घण्टी समातेको छ ।

बिचको तोरणको दायाँ पट्टि रहेको तोरणको केन्द्रमा शाक्यमुनि बुद्धको मूर्ति रहेको छ । बुद्धको दायाँ हात भूस्पर्श मुद्रा र बायाँ हात ध्यान मुद्रामा कमल माथि वज्रासनमा विराजमान रहेको बनाइएको छ । शाक्यमुनि बुद्धको दायाँ छेउमा प्रज्ञापारमिताको मूर्ति रहेको छ । मूर्तिमा एउटा मात्र शिर रहेको छ । मूर्तिमा चार वटा हात रहेका छन् । अगाडिको दुई प्रमुख हात छातीको समतल सम्म लगेर धर्मचक्र प्रवर्तन मुद्रामा रहेको छ । अर्को दायाँ हातमा बोधिचित्त माला र बायाँ हातमा प्रज्ञापारमिता धारण गरेको छ । शाक्यमुनि बुद्धको बायाँ छेउमा षडक्षरीको मूर्ति रहेको छ । मूर्तिमा एउटा मात्र शिर रहेको छ । मूर्तिमा चार वटा हात रहेका छन् । अगाडिको प्रमुख दुई हात छातीको समतल सम्म लगेर अञ्जली मुद्रामा रहेको छ । अर्को दुई हात मध्ये दायाँमा बोधिचित्त माला र बायाँमा पद्म रहेको छ ।

बिचको तोरणको बायाँ पट्टि रहेको तोरणको केन्द्रमा अमिताभ बुद्ध ध्यान मुद्रामा कमल माथि वज्रासनमा विराजमान रहेका छन् । अमिताभ बुद्धको दायाँ छेउमा आर्यताराको मूर्ति रहेको छ । मूर्तिमा एउटा मात्र शिर रहेको छ । मूर्तिमा दुई वटा हात रहेको छ । दायाँ हात दाहिने खुट्टामा वरद मुद्रामा रहेको छ । बायाँ हात छातीको समतल सम्म लगेर नाल सहितको कमलको फूललाई देब्रे कुमको माथि सम्म धारण गरेर ज्ञान मुद्रामा रहेको अवस्था छ । अमिताभ बुद्धको बायाँ छेउमा सप्तलोचनी ताराको मूर्ति रहेको छ । मूर्तिमा एउटा मात्र शिर रहेको छ । मूर्तिमा दुई वटा हात रहेको छ । दायाँ हात दाहिने खुट्टा माथि वरद मुद्रमा रहेको छ । बायाँ हात छातीको समतल सम्म लगेर नाल सहितको कमलको फूललाई देब्रे कुमको माथि सम्म धारण गरी ज्ञान मुद्रामा रहेको अवस्था छ ।

पश्चिम दिशाको तोरणको बिचमा रहेको महावज्रसत्वको मूर्ति हो । यस मूर्तिमा मुकुट पहिरिएको तीनवटा शिर रहेको छ । यस मूर्तिमा आठ वटा हात रहेको छ । उक्त आठवटा हात मध्ये दायाँ हातका आयुधहरु तलदेखि माथि सम्म क्रमशः छातीको समतल सम्म पुगेको हातमा वज्र, वाण, अंकुश र खड्ग धारण गरेको छ भने बायाँ हातमा माथि देखि तलसम्म क्रमशः ध्वज, परशु, आयुद हराएको (धनुष हुन सक्ने) र घण्टी रहेको छ । तोरणको केन्द्रमा रहेका महावज्रसत्वको दायाँ र बायाँ भागमा ताराको मूर्ति रहेको छ । उनको शिर एउटा रहेको छ । मूर्तिका दुई हात रहेका छन् । दायाँ हात वरद मुद्रामा र बायाँ हात छातीको समतल सम्म पुऱ्याएर ध्यान मुद्रामा रहेको छ ।

पूर्व दिशाको तोरणको बिचमा रहेको महावज्रसत्वको मूर्ति हो । तीनवटा शिर रहेका छन् । यस मूर्तिमा आठ वटा हात रहेका छन् । उक्त आठवटा हात मध्ये दायाँ हातका आयुधहरु तलदेखि माथि सम्म क्रमशः छातीको समतल सम्म पुगेको हातमा वज्र, अंकुश, वाण र खड्ग धारण गरेको छ भने बायाँ हातमा माथि देखि तलसम्म क्रमशः धनुषको भाँचिएको टुक्रा, दुईवटा हातको आयुध नभएको (सम्भवतः हराएको हुन सक्ने) र घण्टी रहेको छ । तोरणको केन्द्रमा रहेका महावज्रसत्वको दायाँ र बायाँ भागमा षडक्षरीको मूर्ति रहेको छ । षडक्षरीको शिर एउटा रहेको छ । मूर्तिका चार हात रहेका छन् । प्रमुख दायाँ र बायाँ हात छातीको समतल सम्म पुऱ्याएर धर्मचक्र मुद्रामा रहेको छ भने अर्को दायाँ हातको आयुध हराएको देखिन्छ ।

गजुरको रुपमा यस मन्दिरको माथिल्लो भागमा सुनौलो रङको स्वयम्भूको प्रतिबिम्बको चैत्य निर्माण गरिएको छ । पताकाको हरेक साना-साना पातामा एक एक अक्षरको हा र ति मा ता श र ण माँ र त्यसको मुनि अर्को अभिलेख लेखिएको छ ।

हारती माता मन्दिरको गर्भगृहमा छाने शैलीमा दुई तल्ले हारती माता मन्दिरको भित्र पनि हारती माताको मूर्तिको लागि चाँदीको तीन तल्लाको तल्ले शैलीको मन्दिर निर्माण गरीएको छ । हारती माता भएको मूर्तिको बाहिरी भागमा चाँदीको तोरण रहेको छ । चाँदीको प्रवेश द्वारबाट मन्दिर भित्र प्रवेश गर्ने बित्तिकै दायाँ र बायाँ दुई-दुई वटा गरी चार वटा चाँदीका स्तम्भ रहेका छन् ।

यस मन्दिरको गर्भगृह रहेको कोठामा काठबाट निर्मित बुद्धधर्मका क्षेत्रपालका रुपमा चतुर्महाराजको मूर्ति (धृतराष्ट्र, विरुढक, विरुपाक्ष र वैश्रवण) झुन्ड्याइएको छ । मन्दिरको भित्र तीनवटा तोरण रहेको छ ।

हारती माता मन्दिरको गर्भगृहमा दक्षिणाभिमुख फर्केको हारती माताको आफ्ना पाँच जना सन्तान सहितको मूर्ति रहेको छ । हारती माताको मूर्ति एउटा सिंगै कालो ढुंगाले बनाइएको छ । उनी दायाँ हात वरद मुद्रामा राखी ललितासनमा विराजमान रहेकी छिन् । मूर्तिमा बनाइएका हारती माताका पाँच सन्तानहरु धनभाजु, धनमय्जु, वासिंभाजु, वासिंमय्जु र जिलंभाजु हुन् ।

हारती माता मन्दिरको वरिपरि धेरै मण्डलहरु रहेको छ । यी मण्डलहरु सबै धातुबाट बनाइएका छन् । यस मन्दिरको मूल प्रवेश द्वारको ठिक अगाडि एउटा मण्डल रहेको छ । यस मण्डलमा हारती माताको सबै भन्दा प्रख्यात पूजा *(छ्वाहायूके)* गर्ने बेलामा त्यस मण्डलको माथि विभिन्न प्रकारका खानाहरु राखेर मद्य वा छयाङ्ग वा दूध तर्पण गर्ने गरिन्छ । यस मन्दिरको बाहिरी चार कुनामा पनि साना साना मण्डल बनाइएको छ ।

बज्रयानी बौद्ध परम्परामा चतुर्महाराजलाई चार दिशाका चार दिक्पालको रुपमा मानिन्छ । यस्ता मूर्तिहरु तल्ले शैलीको मन्दिरको चार शूरमा पताकामा झुन्ड्याइएको हुन्छ । हारती माता मन्दिरको दक्षिण छानाको तलपट्टि झुण्ड्याएर विरुढकको मूर्ति राखिएको छ । उनले दुवै हातले खड्ग समातेका छन् । हारती माता मन्दिरको पश्चिम छानाको तलपट्टि झुण्ड्याएर विरुपाक्षको मूर्ति राखिएको छ । उनले दायाँ हातमा चैत्य र बायाँ हातमा सर्प समातेका छन् तर प्रतिमालक्षणको आधारमा हेर्दा उनको आयुधहरु दायाँ हातको सर्प बायाँ हातमा र बायाँ हातको चैत्य दायाँ हातमा बनाइएको छ । हारती माता मन्दिरको उत्तर छानाको तलपट्टि झुण्ड्याएर वैश्रवणको मूर्ति राखिएको छ । उनलाई ध्वजराज पनि भन्ने गरिन्छ । उनले दायाँ हातमा ध्वज समातेका छन् भने बायाँ हात खण्डित भएको छ । हारती माता मन्दिरको पूर्वी छानाको तलपट्टि झुण्ड्याएर धृतराष्ट्रको मूर्ति राखिएको छ । उनले दुवै हातले वीणा समातेर बजाउन लागेको देखिन्छ । बौद्ध धर्म अन्तर्गत चतुर्महाराजलाई बौद्ध धर्मको संरक्षकको रुपमा चारै दिशामा राखेर बौद्ध धर्म संरक्षण गरेको विश्वास गर्ने गरिन्छ ।

### ५.१.३ हारती माता मन्दिरको अमूर्त सम्पदा

यस हारती माताको मन्दिरमा नित्य पूजा, नैमित्तिक पूजा, भाकल पूजा, *बुसाधँ पूजा,* सम्यक दान, गुठी परम्परा आदिको पूजा परम्परागत रुपमा हुँदै आइरहेको छ । हारती माता मन्दिरमा स्वयम्भू परिसरमा बसोबास गर्ने बुद्धाचार्यहरुले मात्र पूजा गर्ने गर्दछन् । स्वयम्भू परिसर भित्र पहिले मुख्य चार परिवार रहेका बुद्धाचार्य परिवारहरु बढेर हाल तीस परिवार पुगेका छन् । यिनै मुख्य चार परिवार मध्ये पालो पर्ने परिवारले स्वयम्भू महाचैत्य र हारती माता मन्दिरको एक/एक महिना पालैपालो *द्यो:पाला*को भूमिका निर्वाह गर्दछन् । स्वयम्भू चैत्य र हारती माताको हरेक दिन चार पल्ट पूजा हुने गर्दछ भने सन्ध्याकालमा एक पल्ट आरती गर्ने गर्दछन् । स्वयम्भू र हारती माता मन्दिरको पूजा बुद्धाचार्य *द्यो:पाला*ले गर्ने गर्दछन् ।

स्वयम्भूमा रहेको बुद्धाचार्यहरुको आगम घर रहेको छ । यहाँ वर्षको दुई पटक दिशी पूजा तथा दशैं र तिहारमा तान्त्रिक विधिले पूजा हुने गर्दछ । आगम घरमा गुह्य पूजा गर्ने भएकोले स्वयम्भूका बुद्धाचार्य परिवारहरु मध्ये दीक्षा लिएकाहरु मात्र भित्र पस्न पाउँदछन् ।

बुद्धाचार्य गुरुजुहरुले सबेरै ब्रह्ममुहुर्तमा पहिला स्वयम्भू अमिताभ बुद्धलाई स्नान गराएर देवता जगाएपछि मात्र हारती माता मन्दिरमा नित्य पूजा गर्दछन् । हारती माता मन्दिरमा बिहान करिब आठ बजे बुद्धाचार्य गुरुजुले *माझं* पूजा गर्ने गर्दछन् । हरेक दिन स्वयम्भू महाचैत्य र हारती मातालाई भोजन चढाउने परम्परा पनि रहिआएको पाइन्छ । भोजन चढाउने बेला भात अनिवार्य रुपमा चाहिन्छ । भात सँग पञ्चामृत, रोटी आदि राखेर चढाउने गरिन्छ । हारती माता मन्दिरको नित्य पूजा मध्ये एक पूजा *बाह्नी* पूजा हो । *बाह्नी* पूजा मध्याह्न १२ बजे *द्यो:पाला*ले बिहानको जस्तै गर्ने नित्य पूजा हो । त्यस्तैगरि हारती मन्दिरको नित्य पूजा गर्ने क्रममा दिउँसोको करिब ३ बजे तिर *द्यो:पाला*ले बिहानको जस्तै गरि गरिने पूजालाई स्वफो पूजा भनिन्छ । प्रत्येक दिन साँझ स्वयम्भू महाचैत्यमा सन्ध्या आरती हुन्छ । स्वयम्भू महाचैत्यमा आरती गरी सकेपछि हारती माताको मन्दिरमा सन्ध्या आरती हुन्छ ।

यस मन्दिरमा सम्पन्न गरिने यस्ता नैमित्तिक पूजाहरू हारती माता मन्दिरलाई प्रमुख मानेर गरिने गरिन्छ । नैमित्तिक पूजामा *बुसाधँ पूजा (अजिमा,* झ्याल र *तिसाविचा), मचा पूजा, म्ह्यायमचा बुसाधँ,* भाकल पूजा, *छ्वाहायके पूजा, चा पूजा, कल: पूजा,* त्वाय चिंकेगु, *कैद्य: पूजा, किसली पूजा,* सम्यक् दान आदि गर्ने गरिन्छ ।

स्वयम्भूको हारती मन्दिरमा दिनको चारपल्ट पूजा र साँझ आरती हुन्छ । त्यसमध्ये *न्हिसुवा कल:* पूजा सकेपछि भुजा चढाउने काम हुन्छ । भुजा भनेर भात पकाएर भातसँग पाँच प्रकारको परिकार, घ्यू, मह राखी चढाइन्छ । यसको प्रचलन वि.सं. १९७६, ने.सं. १०४० पौष कृष्ण नवमीदेखि भएको हो ।

*दँ पा:* गुठीको पालोवालालाई वर्षमा आवश्यक पर्ने सम्पूर्ण व्यवस्था मिलाउनको लागि आयस्ता स्वरूप हारती माताको मन्दिरमा जसको पालो भए तापनि *दँ पा:ला:*लाई वर्षको प्रत्येक पूर्णिमा, आश्विन पूर्णिमामा पाँच दिन र कार्त्तिक पूर्णिमामा दुई दिन स्वयम्भूको हारतीमा चढाउन ल्याएको पूजाको सम्पूर्ण भाग दिइने गरिन्छ ।

बौद्ध नेवार समुदायमा हरेक संस्कार र संस्कृतिका कार्यहरुमा हारतीलाई पनि पूजा गरिदैं आइरहेको देखिन्छ । विशेषगरी महिलाको शरीरमा अदृश्य शक्तिको रुपमा हारती माता प्रवेश गरिसके पछिको अवस्थालाई *द्यःमा* भनेर भन्ने गरेको पाइन्छ । हारती माताको जीवित रुप *द्यःमा* को शरीर भित्र प्रवेश गर्दछ भन्ने मान्यता जनविश्वास रहेको पाइन्छ ।

उपत्यकामा *द्यःमा* हरू प्रशस्त देख्न सकिन्छ । त्यसमध्ये महत्वपूर्ण र प्रख्यात *द्यःमा*को रूपमा स्वयम्भूको मानिन्छ । स्वयम्भूकी *द्यःमा*ले अरू *द्यःमाह*रूलाई पनि आसन दिई *द्यः* स्थापित गर्ने भएकोले उनलाई अरू *द्यःमाह*रूको गुरुमाको रूपमा लिइन्छ र वर्षको एकचोटि पूजा दिने गरिन्छ । यी सम्पूर्ण *द्यःमाह*रूले स्वयम्भूको हारतीको मूर्तिमा अनिवार्य रूपमा *कलः पूजा* गर्न आउने गर्दछन् ।

## ५.२ निष्कर्ष

स्वयम्भू महाचैत्य बौद्ध धर्मावलम्बीहरुको एक महत्वपूर्ण धार्मिक आस्थाको केन्द्र हो । यस स्थानमा हारती माताको मन्दिर पनि रहेको छ । हारती माता बौद्ध धर्मावलम्बीहरुको एक देवी हुन् । उपत्यकामा बनेका हारतीको मन्दिरहरुमा सबैभन्दा महत्वपूर्ण र प्रचलित स्थल भनेको स्वयम्भूको हारती माताको मन्दिर हो । यस मन्दिर एक महत्वपूर्ण धार्मिक स्थल हो । यस मन्दिरमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरु बिच धार्मिक सहिष्णुता, सामाजिक मेलमिलाप रहेको पाइन्छ । एउटै मन्दिरलाई हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुले पूजा गर्नु, विश्वास गर्नाले पनि धार्मिक सहिष्णुताको अन्योन्याश्रित सम्बन्धलाई देखाएको छ ।

नेपालमा हारती र शीतला दुवै एउटैमा समाहित भएकाले उपत्यकाका हिन्दू र बौद्ध नेवारहरुको देवी हारती भएकी छिन् । हाल आएर हारतीलाई रक्षिका र बच्चाहरुको हेरविचार गर्ने देवीको रुपमा मात्र नभई सम्पूर्ण प्राणीको संरक्षिका, पारिवारिक देवीको रुपमा हारतीको पूजा गरी प्रत्येक संस्कारका कार्यहरुमा सहभागी गराउँदै लगेको पाइन्छ ।

हारती माताको मन्दिरको तोरणमा पञ्चरक्षादेवीका मूर्तिहरु रहेका छन् । मन्दिरको प्रवेशद्वार दक्षिण दिशामा फर्किएको छ । मन्दिरको प्रवेशद्वारको माथि धातुबाट निर्मित सुनौलो रङका तीन वटा तोरणहरु रहेका छन् । दक्षिण तिरको बिचमा रहेको तोरणको केन्द्रमा प्रतिसरा देवीको मूर्ति रहेको छ भने उनको दायाँ भागमा महासहस्रप्रमर्दिनी देवी र बायाँ भागमा मन्त्रानुसारिणी देवीको मूर्ति रहेको छ । त्यसैगरी प्रतिसरा देवीको दायाँ माथि महामायुरी देवी

र बायाँ माथि महाशीतवती देवीको मूर्ति रहेको छ । प्रतिसरा देवीको माथिल्लो भागमा बज्रसत्वको मूर्ति रहेको छ। बिचको तोरणको दायाँ पट्टि रहेको तोरणको केन्द्रमा शाक्यमुनि बुद्ध रहेका छन् । शाक्यमुनि बुद्धको दायाँ पट्टि प्रज्ञापारमिता र बायाँ पट्टि षडाक्षरी लोकेश्वरको मूर्ति रहेको छ । त्यस्तै बिचको तोरणको बायाँ पट्टि रहेको तोरणको केन्द्रमा अमिताभ बुद्ध रहेका छन् । अमिताभ बुद्धको दायाँ पट्टि आर्यातारा र बायाँ पट्टि सप्तलोचनी ताराको मूर्ति रहेको छ। पश्चिममा रहेको तोरणमा महावज्रसत्व र दुईवटा ताराको मूर्ति रहेको छ । उत्तरमा रहेको तोरणमा प्रतिसरा, महासहस्रप्रमदिनी, मन्त्रानुसारिणी, महामायुरी, महाशीतवती र बज्रसत्वको मूर्ति रहेको छ । त्यस्तै गरी पूर्वमा रहेको तोरणमा महावज्रसत्व र षडाक्षरी लोकेश्वरको मूर्ति रहेको छ ।

टुँडालहरुमा षोडशलाश्य देवीका विभिन्न मुद्रामा रहेका मूर्तिहरु रहेका छन् । षोडशलाश्य देवीहरु दक्षिणको टुँडालमा गन्धादेवी, रसादेवी, स्पर्शादेवी र धर्मधातुगर्भा देवी रहेका छन् । त्यस्तै पश्चिमको टुँडालमा पुष्पादेवी, धुपादेवी, अवलोकित देवी र दर्शनदेवी रहेका छन् । यस्तैगरी उत्तरको टुँडालमा मालादेवी, लाश्यदेवी, गीतादेवी र नृत्यादेवी रहेका छन् भने पूवृको टुँडालमा वीणादेवी, वंशदेवी, मृदङ्गादेवी र मुरुजादेवी रहेका छन् । त्यसैगरी मन्दिरको छानोका चारैतिर चतुर्महाराजको मूर्ति झुण्ड्याइएको छ । यस मन्दिरमा हुने अमूर्त संस्कृति अन्तर्गत छ्याकेगु, बुसाधँ, मचा, चा, कलः पूजा, सम्यक् दान, विभिन्न किसिमका गुठीहरुको भूमिकाको बारेमा उल्लेख गरिएको छ ।

हारती रक्षिका देवीबाट अजिमा देवीमा परिणत भएकी देवी हुन् । हारतीको दार्शनिक पक्षलाई हेर्दा कुनै पनि खराव वा नराम्रो तत्वलाई राम्रो र असल कार्यमा प्रयोग गर्न सकिन्छ । हारतीको पूजाले सम्पूर्ण कष्टहरू नष्ट भएर सहकाल, शान्ति, उमंग, खुशी मिल्दछ भन्ने धार्मिक विश्वासको कारण हरेक संस्कारका कार्यहरूमा, सांस्कृतिक कार्यमा हारतीलाई सम्मान, आदरका साथ पूजा गर्ने प्रचलन बढ्दै गइरहेको छ ।

# परिशिष्ट क

## अन्तर्वार्ताको क्रममा सोधिएका प्रश्नहरु

१. हारती माताको मन्दिरको स्थापना कहिले भएको हो ?

२. हारती मन्दिरमा नित्य तथा नैमित्तिक पूजाको व्यवस्था कसरी गरिएको छ ?

३. नित्य पूजामा के-कस्ता सामग्री प्रयोग हुन्छ ?

४. नैमित्तिक पूजाहरु के-के रहेका छन् र तिनलाई कसरी सञ्चालन गरिएको छ ?

५. यस मन्दिर सँग सम्बन्धित किंवदन्ती के-के रहेका छन् ?

६. द्यो माँ/ देवता चढेको बेला कस्तो अनुभव हुन्छ ?

७. द्योः माँले के-कस्तो नियम पालन गर्नुपर्छ ?

८. तोरणमा भएका कुन-कुन देवीदेवताहरु हुन् ?

९. टुँडालमा भएका कुन-कुन देवीदेवताहरु हुन् ?

१०. हारती माताको मूर्ति कति पुरानो हो ?

# परिशिष्ट ख

## अन्तर्वार्ता लिइएका व्यक्तिहरुको नामावली

| क्र.सं. | नाम | ठेगाना | विज्ञता | अन्तर्वार्ता मिति |
|---|---|---|---|---|
| १ | डा.सन्ध्या खनाल | मैतिदेवी | सह-प्रा., संस्कृति केन्द्रीय विभाग, त्रि.वि. | २०८२-०४-२७ |
| २ | लक्ष्मी महर्जन | भीमसेनस्थान | द्यो मां | २०८२-०५-०१ |
| ३ | डा.निर्मला पोखरेल | भक्तपुर | उप-प्रा, संस्कृति केन्द्रीय विभाग, त्रि.वि. | २०८२-०५-०५ |
| ४ | दीपक बुद्धाचार्य | स्वयम्भू | स्वयम्भू र हारती मन्दिरमा पालो पर्ने पुजारी | २०८२-०५-१० |
| ५ | अशोक काजी बुद्धाचार्य | स्वयम्भू | स्वयम्भू र हारती मन्दिरमा पालो पर्ने पुजारी | २०८२-०५-१७ |
| ६ | बद्री कृष्ण मानन्धर | ढल्को | स्थानीय | २०८२-०६-०१ |
| ७ | अमिर बुद्धाचार्य | स्वयम्भू | स्वयम्भू र हारती मन्दिरमा पालो पर्ने पुजारी | २०८२-०६-०१ |
| ८ | गंगाराम मानन्धर | किमडोल | स्थानीय | २०८२-०६-०१ |
| ९ | डा.पुष्परत्न शाक्य | भक्तपुर | उप-प्रा., बौद्ध अध्ययन केन्द्रीय विभाग, त्रि.वि. | २०८२-०७-२१ |
| १० | सुरेन्द्र कुमार लामा | ठमेल | उप-प्रा., बौद्ध अध्ययन केन्द्रीय विभाग, त्रि.वि. | २०८२-०७-२१ |


# परिशिष्ट ग

## चित्रसूची




चित्र नं. १ हारती मन्दिर

*तस्वीर स्रोत : अनुसन्धानकर्ता*



चित्र नं. २ दक्षिणको तोरण



चित्र नं. ३ पूर्वको तोरण

*तस्वीर स्रोत : अनुसन्धानकर्ता*




**चित्र नं. ४ उत्तरको तोरण**



**चित्र नं. ५ पश्चिमको तोरण**

*तस्वीर स्रोत : अनुसन्धानकर्ता*



चित्र नं. ६ छ्हायेके पूजा गर्दै



चित्र नं. ७ स्थापित कलशहरु



चित्र नं. ८ बली भाँडोमा तर्पण गर्दै



चित्र नं. ९ कलश ढोग्दै

*तस्वीर स्रोत : अनुसन्धानकर्ता*





**चित्र नं. १०  मण्डल**

**चित्र नं. ११  बली भाँडा राख्ने मण्डल**



**चित्र नं. १२  पञ्चबुद्ध र प्रार्थना चक्र (माने)**

*तस्वीर स्रोत : अनुसन्धानकर्ता*



**चित्र नं. १३ गजुर**



**चित्र नं. १४ मण्डल, अग्निकुण्ड**

*तस्वीर स्रोत : अनुसन्धानकर्ता*



**चित्र नं. १५ पूर्वको तोरण र टुँडाल**



**चित्र नं. १६ उत्तरको तोरण र टुँडाल**

*तस्वीर स्रोत : अनुसन्धानकर्ता*



**चित्र नं. १७ पताका**



**चित्र नं. १८ हारती मन्दिर**

*तस्वीर स्रोत : अनुसन्धानकर्ता*



**चित्र नं. १९    हारती मन्दिर र चैत्यहरु**

*तस्वीर स्रोत : अनुसन्धानकर्ता*

# पारिभाषिक शब्दावली

| | |
|---|---|
| *अजिमा* | – बज्यै |
| *अजिमा द्यः* | – बज्यै देवी |
| *अजिमा द्यो* | – बज्यै देवी |
| *अजिमा बुसाधँ* | – अजिमाको जन्मदिन |
| *आंखोरा* | – छाहाय्के पूजा गर्ने बेला तरल पदार्थ (मद्य वा दूध) राख्ने भाँडो |
| *इमा ल्वहँ* | – ठाउँको नाम |
| *इलां* | – चदुवा |
| *इहि* | – बेल सँग गरिने विवाह |
| *कलः* | – पूजा सामग्री राख्ने बास्केट जस्तै एक प्रकारको भाँडो |
| *कलचाः* | – पूजा सामग्री राख्ने बास्केट जस्तै एक प्रकारको भाँडो |
| *कलः पूजा* | – बास्केट जस्तै भाँडोमा पूजा सामग्री राखेर पूजा गर्ने |
| *कसाः ख्यः* | – ठाउँको नाम |
| *कसाः गा* | – रातो खास्टो |
| *कसाः गुठी* | – गुठीको नाम |
| *किकिम्पा* | – देवदेवीहरुको शिरमा विभिन्न गरगहनाले सजावट गरिएका चाँदी तथा सुनको मुकुट जस्तो पाता |
| *किसली* | – एक किसिमको सानो माटोको कचौरा |
| *किसली पूजा* | – माटोको कचौरामा चामल, सुपारी र पैसा राखेर गरिने पूजा |
| *कैद्यःपूजा* | – खटिरा निको पार्न गरिने पूजा |
| *कै वैद्य* | – खटिराको वैद्य |

| | |
|---|---|
| *कोखा* | – रातो सुती कपडाको माला |
| *ख्याए* | – दहि र तोरीको तेलको मिश्रण |
| *गथामुग* | – गथेमंगल |
| *गुल्या द्यःपाः* | – एकवर्षको एकचोटि आठ दिन बढि पालो आउने |
| *चा* | – रात्री |
| *चाकः पूजा* | – चार तिर गरिने पूजा |
| *चापूजा* | – साँझको आरती पछि वा रातमा गरिने पूजा |
| *चुचुमिचा* | – राँगाको हरेक भागको मासु |
| *छाहाय्के पूजा* | – हारती मातालाई गरिने एक किसिमको पूजा |
| *ज्वालान्ह्याकं* | – दर्पण |
| *झ्या गुठी* | – झ्यालको गुठी |
| *झ्याः बुसाधँ* | – झ्यालको जन्मदिन |
| *त्वाय् कलः* | – मित लगाउन बास्केटमा पूजा राख्नु |
| *त्वाय् चिंकेगु* | – मित लगाउने |
| *त्वाय् फेनेगु* | – मित फुकाउने |
| *तः कै* | – विफर |
| *तायः बुटी* | – जन्तर |
| *तायो माला* | – नेवार समुदायको गहना |
| *तिसा* | – गरगहना, आभूषण |
| *तिसाविचा* | – गरगहनाको रेखदेख गर्नु |
| *थापी स्वनेगु* | – पूजा सामग्री सोधन गर्ने |
| *दँ पाः* | – एक वर्षमा आउने पालो |
| *दँ पाः गुठी* | – एक वर्षको गुठी |
| *दँ पाःलाः* | – एक वर्षको पालो |
| *द्यः* | – देवता |
| *द्यः मां* | – मानिसमा देवी प्रवेश गरेको अवस्था |

| | |
|---|---|
| *द्योःपाला* | – मन्दिरमा पालो बस्नेहरु |
| *धाक्वसिक्वमाः* | – भनेको जस्तो चाहिने |
| *धौः पति* | – दहि राख्ने भाँडो |
| *नसा दे पूजा* | – वर्षको एक चोटी गरिने पूजा |
| *निलः* | – शुद्ध पानी |
| *फे गँ* | – हावाको स्पर्श हुँदा आफै बज्ने हलुका खालको घण्टी |
| *बर्खा दिसी* | – चैत्र महिनमा पर्ने पर्व |
| *बहाबही* | – बहाल र बहील |
| *बुसाधँ पूजा* | – स्थापना दिवस अथवा जन्मोत्सव |
| *बौ भेग /बौभ्यगः* | – माटोले बनेको एक किसिमको भाँडो जसमा छाहाय्के पूजा गर्ने बले विभिन्न प्रकारका सामग्री राखिन्छ। |
| *बौस्वां* | –बलिमा चढाइने एक किसिमको फूल |
| *म्ह्याय्मचा बुसाधँ* | – हारती अजिमालाई छोरी सम्झेर पूजा गर्ने |
| *मचा पूजा* | – बच्चा पूजा |
| *मचाप्यासी* | – बच्चा प्यासी |
| *माकचा* | – बत्ति बालेर कालो टिका बनाउनको लागि प्रयोग गरिने एक प्रकारको माटोको धाँडो |
| *मालखो दिसि* | – पुष महिनाको दशमी |
| *मोहनी फयेगु* | – कालो टीका बनाउने |
| *विचा* | – त्यही ठाउँ वा सामानको हेरविचार गर्नु |
| *स्वफो पूजा* | – दिउँसो गरिने पुजा |
| *समय् खोला* | – सम्य राख्ने कचौरा |
| *समय्बजी* | – चिउरा, भटमास, बोडी आदि खानाको सेट |
| *सिसफोसा* | – रातो सिन्दुरमा चामल, सानो केराउ, काटिएको मुला |

| | |
|---|---|
| *सुकुन्दा* | – गणेशको मूर्ति सहितको बत्ति बाल्ने दियो |
| *हारती अजिमा* | – हारती माता |
| *हारती माजु* | – हारती माता |

## सन्दर्भ सामग्री

अर्ज्याल, मुकुन्दराज, (सं.), (वि.सं. २०५९), *पं. अमृतानन्द शाक्यको धर्मकोश-सङ्ग्रह,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

खनाल, मोहनप्रसाद, (वि.सं. २०७४), *नेपाली मूर्तिकला (प्रारम्भदेखि उत्तर-मध्य-कालसम्म),* विद्यार्थी पुस्तक भण्डार ।

खनाल, सन्ध्या, (वि.सं. २०८२), *मैतीदेवी मन्दिर क्षेत्रका सांस्कृतिक सम्पदा (मूर्त र अमूर्त),* रुक्मणिराज सिवाकोटी स्मारक कोष ।

खतिवडा, सोमप्रसाद, (वि.सं. २०८१), *हनुमानढोका दरबार क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरु,* सांस्कृतिक अध्ययन तथा अनुसन्धान परिषद्, नेपाल ।

खत्री, प्रेमकुमार (सं.), (वि.सं.२०८१), *नेपालको सांस्कृतिक इतिहास,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

टण्डन, गोविन्द, (वि.सं. २०५२), *नेपालमा गुठीव्यवस्था,* नेपाल अध्ययन समूह ।

नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, (वि.सं. २०८१), *अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१,* नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

पशुपति क्षेत्र विकास कोष (वि.सं. २०७७), *पाशुपत क्षेत्रको सांस्कृतिक सम्पदा (मूर्त र अमूर्त),* पशुपति क्षेत्र विकास कोष ।

प्रधान, भुवनलाल, (वि.सं. २०७८), *काठमाडौं उपत्यकाका सांस्कृतिक छिर्कामिर्का,* सुमित्रा मानन्धर गुरुङ ।

बज्राचार्य, नरेश मान (२०८०), *महायान,* दिलहेरा ताम्राकार ।

बज्राचार्य, सत्वताराबज्र (सं), (वि.सं. २०५०), *पञ्चरक्षा पाठ सूत्र,* सत्वताराबज्र बज्राचार्य ।

बाङ्गदेल, लैनसिंह, (वि.सं. २०३९), *प्राचीन नेपाली मूर्तिकलाको इतिहास,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बुद्धाचार्य, बाबुराजा, (वि.सं. २०८०), *श्री गुँःला बाजं हारतीमाता व नखः हनेबले साईत स्वय्म्वा (गुंला बाजा, हारती माता र पर्व मनाउने बेला साइत हेर्नुपर्दैन),* श्री हारती माँ छापाखाना ।

नःघः, भनी, तीर्थलाल, (वि.सं. २०५६), हारती (एकजटी), *प्राचीन नेपाल (सङ्ख्या १४४),* पृ. ३२-४५ ।

योगी, नरहरिनाथ, (वि.सं. २०१८), *देवमाला वंशावली,* श्रीपिरमहन्त क्षिप्रानाथ योगीराज ।

वज्राचार्य, जुद्धरत्न, (वि.सं. २०५८), *श्री हारीति मांया संक्षिप्त परिचय (हारती माताको संक्षिप्त परिचय),* सुनकेशरी वज्राचार्य ।

वज्राचार्य, धनबज्र (सं.), (वि.सं. २०१९), *पण्डित सुन्दरानन्द विरचित त्रिरत्न-सौन्दर्य-गाथा,* नेपाल-सांस्कृतिक-परिषद् ।

वज्राचार्य, वज्रमुनि, (वि.सं. २०६६), *हारती माता,* हारती इन्टरनेशनल ।

शाक्य, तीर्थरत्न, (वि.सं. २०६५), *नेपाल मण्डलका बौद्धहरुको धार्मिक अभ्यास र जीवन शैली,* बुद्धधर्म अध्ययन गोष्ठी ।

शाक्य, मिनबहादुर, (अनु.), (वि.सं. २०६१), *क्षेमेन्द्र विरचित अवदानकल्पलता,* शाक्य जः प्रा. लि. ।

शाक्य, हेमराज, (ने.सं. १०९८), *श्रीस्वयम्भू महाचैत्य,* स्वयम्भू विकास मण्डल ।

Bhattacharya, B. (1958). *Indian Buddhist Iconography*. K.L. Mukhopadhyay.

Gupte, R. S. (1972). *Iconography of the Hindus, Buddhists and Jains*. D. B. Taraporevala sons & Co. Private LTD.

Josephson, R. (1985). *Swoyambu*. Satya Ho' Book Publications.

Shakya, M.B. (1994). *The Iconography of Nepalese Buddhism*. Handicraft Association of Nepal.

Tuladhar, S. D. (2064 BS). Harati Ajima. *Matina (Vol. 2, Issue 4)*. Pp. 40-42.